CR410

मानवअधिकार प्रशिक्षक

HUMAN RIGHTS TRAINER

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाण्डौ

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाण्डौ

मानवअधिकार प्रशिक्षक तालिम

(Training of Trainers on Human Rights)

काठमाडौं

(भाद्र ७-९, २०४९ August 23-25, 1992)

र

नेपालगञ्ज

(भाद्र २५-२७, २०४९, September 9-10, 1992)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी , स्युचाटार
पो. व. नं. २७२६
काठमाण्डौ, नेपाल

मानवअधिकार प्रशिक्षक तालिम

पहिलो प्रकाशन
सेप्टेम्बर १९९३

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

© सर्वाधिकार इन्सेकमा सुरक्षित

मूल्यः रू. १०।-

Digitized By: Bimal Chandra Sharma

मुद्रक
अल्फा अफसेट प्रेस
कोपुण्डोल, ललितपुर
फोन : ५२३६०४

भूमिका

जनताको आधारभूत तहसम्म नपुऱ्याउन्जेल मानवअधिकार व्यवहारिक बिषय बन्न सक्दैन। एउटा समय थियो जतिस्वेर हामी कहाँ मानवअधिकार भन्ने बिषयलाई हाम्रो संबिधानकै धाराहरूले निषेध गरेका थिए। लामो समयको अनवरत संघर्ष पश्चात देशमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो। त्यस पछि बनेको हाम्रो देशको संविधानमा मौलिक हक वा मानवअधिकारको सुस्पष्ट व्याख्या गरिएको छ। तर मानवअधिकारलाई संविधानका धाराहरूले मात्र बहाल गराउन सक्दैन। मानवअधिकार चेतना जनताको आधारभूत तहसम्म नपुऱ्याउन्जेल संविधान पनि सामान्य लेखोट मात्र बन्न पुग्दछ।

मानवअधिकार संस्कृतिको अभावमा मौलिक हक बेला बेला समाजको अनेक कोणबाट अपहरित हुन पुग्दछ। मानवअधिकार संस्कृति मानवअधिकार चेतनाको स्तर माथिल्लो तहमा पुगे पछि नै स्थापित हुन सक्दछ। त्यस्तै मानवअधिकार चेतना मौलिक हकका निम्ति भएका संघर्ष, यसको विकास क्रम अनि मानवअधिकारको आधुनिक अवधारणाको ज्ञान विना प्राप्त गर्न सकिदैन।

एउटै पृथ्वी , अरवौं मानिस। सबैजना यही धर्तिमा मिलेर शान्तिपूर्वक बाँच्नु परेको छ। अनि पृथ्वीलाई पनि बचाउनु परेको छ। मानवअधिकार केवल मानिसको अधिकारको नाममा मात्र मानिस संग मात्र सम्वंध छैन। मानवअधिकारले मानिस, मानिसको जीवनका निम्ति चाहिने परिवेश सबै पक्षलाई समेट्दछ। नागरिक तथा राजनीतिक अधिकार मात्रले मानवअधिकार संपूर्ण हुन सक्दैन। आर्थिक तथा सांस्कृतिक अधिकारले मात्रले पनि मानवअधिकारको समष्टिलाई बुझाउँदैन। जनताको विकास सम्वन्धी अधिकारका साथै उल्लेखित सवै अधिकारहरूको समष्टिगत रूप नै मानवअधिकार हो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार चेतनालाई गाउँ-गाउँमा पुऱ्याएर कमसेकम आउदो पुस्तालाई मानवअधिकार संस्कृतिको दिशामा अग्रसर गराउने दीर्घकालिन ध्येय लिएको छ। इन्सेकले त्यही ध्येयको मार्गमा अघि बढ्ने क्रममा विशुद्ध र पूर्वाग्रहरहीत मानवअधिकार कार्यकर्ताहरू तयार गर्ने उद्देश्य पनि लिएको छ।

०४९ भाद्र ९ देखि ९ सम्म काठमाण्डौमा र ०४९ भदौ २५ देखि २७ गते सम्म नेपालगंजमा आयोजित मानवअधिकार प्रशिक्षक तालिम मानवअधिकार कार्यकर्ताहरूको उत्पादनका निम्ति गरिएको प्रयास कै एक कडी थियो। उक्त तालिमका क्रममा भएका छलफल र त्यहाँ प्रस्तुत गरिएका कार्यपत्रहरू वास्तवमै लाभदायक थिए। त्यसैले उपरोक्त सामाग्रीहरूलाई संयोजन गरी प्रकाशीत गर्न लागिएको प्रस्तुत पुस्तकले गाउँ-गाउँमा कार्यरत मानवअधिकार कार्यकर्ताहरूलाई यस अभियानमा अझ शसक्त एवं प्रभावकारी रूपमा अगाडी वढ्ने वाटो प्रदान गर्नेछ भन्ने आशा एवं विश्वास लिएका छौ।

कार्यक्रमका सबै प्रशिक्षक, सहभागी एवं अन्य सहयोगीहरूका साथै प्रतिवेदन पुस्तकको तयारीका निम्ति जुट्नु हुने सवै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ।

धन्यवाद।
सुशील प्याकुरेल
संयोजक, इन्सेक

विषय सूची

खण्ड १

तालिम बारे केहि कुरा १

मानवअधिकार प्रशिक्षक तालिम, काठमाडौं ५

मानवअधिकार प्रशिक्षक तालिम, नेपालगञ्ज १२

खण्ड २

२.१	मानव अधिकारको सन्दर्भ र उपलब्धि	विद्यासागर घिमिरे	२२
२.२	मानव अधिकार र नेपालको संविधान, २०४७	पवन ओझा	३३
२.३	महिला, बालक र मानवअधिकार	पवन ओझा	३८
२.४	महिला विरूद्ध भेदभावका विद्यमान कानून र मानवअधिकार	शिलु सिंह	४३
२.५	मानव अधिकार हननको रोकथाममा जनताको भूमिका	नवीन शर्मा	४६
२.६	मानव अधिकार हनन र तथ्य संकलन	सुवोध प्याकुरेल ठाकुर ढकाल शिवहरी दाहाल	५०
२.७	मानव अधिकार र विकास	उषा नेपाल	६२
२.८	वर्तमान सन्दर्भमा वातावरण संरक्षण	हेम बहादुर विष्ट	६५
२.९	ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति	केदार न्यौपाने	६९
२.१०	गाउँ स्तरीय बैठक तथा कार्याशाला बारे केही जानकारी	देवकी श्रेष्ठ	८१
२.११	सचेतनता प्रारम्भ विन्दु हो	भैरव रिसाल	८७
२.१२	मानव अधिकार शिक्षा	प्रमोद काफ्ले	८९

खण्ड ३

३.१	सहभागीहरूको नामावली	९४
३.२	तालिम दिने व्यक्तिहरू	९६
३.३	कार्यक्रम सूची	९७
३.४	प्रतिक्रिया फारम	१०४

खण्ड १
तालिम बारे केहि कुरा

१.१ परिचय

झण्डै एक दशकअघिदेखि संगठित र व्यवस्थित रूपमा सञ्चालन भैरहेको मानव अधिकार आन्दोलनले २०४६ को सफल जनआन्दोलन संगसंगै एउटा ठूलो खुड्किलो पार गरेको छ। बहुदलीय व्यवस्थाको स्थापना संगसंगै संविधान निर्माण, मतदाता सचेतन र निर्वाचन पर्यवेक्षण जस्ता महत्वपूर्ण कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले पूर्ण जिम्मेवारीका साथ सुझाव दिने तथा प्रत्यक्ष संलग्न भएर कार्य गऱ्यो। निर्वाचित सरकारद्वारा शासन गर्दा पनि पुरानो सामाजिक परिपाटी तथा नोकरशाही प्रथाको अवषेशका विरूद्ध गाउँ गाउँसम्म चेतनाको अभिवृद्धि गरी जनताको त्याग तपस्या र बलिदानबाट प्राप्त मानव अधिकारको रक्षा र विकास गर्न एक अभियानको थालनी गर्नु पऱ्यो। यस अभियानले "मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम" को शुरूवातको तीन महीना (बैशाख, जेठ, असार २०४९) सम्म यसका पथप्रदर्शक प्रकाश काफ्लेको प्रत्यक्ष नेतृत्व पायो। तीन महिनाको उपलब्धि तथा अनुभवले कार्यक्रम संचालन भएका २५ जिल्लाबाट एक महिला र एक पुरूष मानव अधिकार कार्यकर्तालाई भदौ ७-९, २०४९ काठमाडौं र भदौ २५-२७, २०४९ नेपालगञ्जमा गरी दुई चरणको "मानव अधिकार प्रशिक्षक तालिम" निश्चित गरी प्रकाश काफ्ले आफ्नो प्रत्यक्ष अन्तिम मार्ग निर्देशन प्रदान गर्दै विदा हुन पुग्नु भयो। उक्त तालिमहरूका समय स्व. काफ्लेका अन्य कार्यहरूसित तालमेल गर्दै तोकिएको थियो। तर २०४९ साउन १६ गते वहाँ श्रीलंकाबाट काठमाडौं फर्कने क्रममा बैंककबाट काठमाडौं आइरहेको थाइ इन्टरनेशनल एयरवेजको टि.जि. ३११ दुर्घटनामा परी दिवंगत हुनु भयो।

पूर्व निर्धारित समय अनुसार तालिमको अन्तिम तयारीमा जुटिरहेका हामी इन्सेक परिवारले स्व. काफ्लेद्वारा निर्देशित बाटोलाई पच्छ्याउँदै, असह्य पीडा साथमै लिई अझ बढी जिम्मेवारीका साथ तालिम सम्पन्न गरेका थियौं। निश्चय पनि उक्त तालिमलाई वहाँले महत्वपूर्ण र आवश्यक बौद्धिक खुराक प्रदान गर्नु हुने थियो होला। वहाँको अनुपस्थितिमा कार्यक्रम सोचे जति अवश्य हुन सकेन। यद्यपि उक्त दुई चरणमा गरिएको तालिमले सचेतन अभियानमा लागेका मानव अधिकार प्रशिक्षकहरूलाई ठूलो हौसला र प्रशिक्षण प्रदान गरेको छ। मानव अधिकार प्रशिक्षक प्रशिक्षणका सम्पूर्ण क्रियाकलापलाई यस पुस्तकले समेट्दै, गाउँ गाउँसम्ममा फैलिएको मानव अधिकारको कार्यलाई अगाडि वढाउन मद्दत गर्ने छ भन्ने विश्वास लिइएको छ।

१.२ तालिममा समावेश विषयहरू

मानव अधिकारलाई पिछडिएको समुदायसम्म पुऱ्याउने तथा यसको रक्षा र विकास निरन्तर प्रक्रियाबाट मात्र सम्भव हुने भएकोले त्यसको लागि स्थानीय स्तरमै सचेत समूहको निर्माण हुनु अति आवश्यक हुन्छ। यस निरन्तर प्रक्रियाको लागि दैनिक जीवनका विविध विषयमा छलफल र तालिमको आवश्यकता स्वाभाविक नै हुन्छ। तसर्थ सचेतन कार्यक्रमको माध्यमबाट संगठित व्यक्तिहरूलाई प्रशिक्षकको रूपमा अझ बढी प्रभावकारी बनाउन नेपालमा मानव अधिकारका आन्दोलन र इन्सेक, मानव अधिकारका सङ्घर्ष र उपलब्धि, मानव अधिकार हननको रोकथाममा जनताको भूमिका, मानव अधिकार र नेपालको संविधान, बाल अधिकार, महिला अधिकार जस्ता विषयहरू समावेश थिए। त्यस्तै गाउँमा बैठक कसरी सञ्चालन गर्ने, कार्यशाला प्रणाली र व्यवस्थापन, सामाजिक न्याय, वातावरण, सामाजिक सचेतन, विकास, मानव अधिकार हनन र तथ्य संकलन, ग्रामीण इलाकामा मानव अधिकारको स्थिति, सचेतन कार्यक्रमको महत्व र नेपालमा मानव अधिकार शिक्षा आदिका बारेमा विविध व्यक्तिहरूबाट प्रशिक्षण दिने काम भयो। सहभागीहरूको आगमन र दर्ता राखिएको दिन, उनीहरूलाई मानव अधिकार सचेतन कार्यक्रम र त्यस बारे आफ्नो धारणा बनाउन लिखित प्रतिक्रिया लिइयो। तालिम सञ्चालन भएपछि बीचबीचमा विविध विषय बारे प्रतिक्रिया लिइयो। बिहान ८ बजेदेखि शुरू भएको तालिम बेलुकी ५:३० सम्म सञ्चालन भयो। साथै राति ८ देखि १० बजेसम्म वातावरण, विकास, स्वास्थ्य, शिक्षा आदिको बारेमा ज्ञानबर्धक भिडियो चलचित्र प्रदर्शन गरियो। यसको साथै भिन्न भिन्न विषयकालागि आमन्त्रित स्रोत व्यक्तिहरूले कार्यशालामा आ-आफ्नो विषयलाई प्रभावकारी ढंगले प्रस्तुत गर्नु भयो।

१.३ तालिमका सहभागीहरू

तालिममा समावेश गरिएका व्यक्तिहरूलाई मुख्यत दुई श्रेणीमा बाडिएको थियो। पहिलो श्रेणीमा विविध पेशामा संलग्न मानव अधिकार प्रशिक्षक र मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अन्तर्गत कार्यरत पाँच क्षेत्र तथा पच्चीस जिल्लाका क्रमशः क्षेत्रीय अधिकृत तथा स्वयंसेवकहरूलाई समावेश गरिएको थियो।

माथि उल्लेखित प्रत्येक जिल्लाबाट मानव अधिकार प्रशिक्षकको रूपमा विविध कार्यक्रममा सहभागी भई सक्रिय समूहमा संगठित व्यक्तिहरू प्राय शिक्षक र बुद्धिजीवीहरूको बाहुल्यता रहेको थियो भने कृषि क्षेत्रमा कार्यरत शिक्षित समुदायका व्यक्तिहरूको पनि सहभागिता थियो।

अनुभव र पेशाको आधारमा सहभागिता	महिला	पुरूष	जम्मा
शिक्षक	६	८	१४
सामाजिक कार्यकर्ता	१६	१६	३२
कानून व्यवसायी	०	४	४
जम्मा	२२	२८	५०

विभिन्न क्षेत्रको आधारमा सहभागिता

क्षेत्र	महिला	पुरूष	जम्मा
पूर्वाञ्चल	६	६	१२
मध्यमाञ्चल	५	५	१२
पश्चिमाञ्चल	३	५	८
मध्यपश्चिमाञ्चल	४	६	१०
सुदूरपश्चिमाञ्चल	४	६	१०
जम्मा	२२	२८	५२

सचेतन कार्यक्रम अन्तर्गत कार्यरत क्षेत्रीय अधिकृत तथा स्वयंसेवकको सहभागिता

क्षेत्रीय अधिकृत	०	४	४
स्वयंसेवक	२	२२	२४
जम्मा	२	२६	२८
कुल जम्मा	२४	५४	७८

सहभागीहरूमा प्युठान, सल्यान, गुल्मी र लमजुङ्गबाट महिलाहरूको सहभागिता हुन सकेन। त्यस्तै प्युठानका स्वयंसेवक र पूर्वाञ्चलका क्षेत्रीय अधिकृतहरू अनुपस्थित रहे। पाँचथर र बाँकेबाट एक-एक पुरूष र उदयपुरबाट एक महिला आफ्नै खर्चमा समावेश भएका थिए। अर्घाखाँचीबाट एक महिला प्रतिनिधि र सुर्खेतबाट दुवै महिला प्रतिनिधिको सहभागिता रहे।

१.४ तालिमको एक झलक

अत्यन्त अनौपचारिक रूपमा संचालित मानव अधिकार प्रशिक्षक तालिमको काठमाडौं र नेपालगञ्जमा क्रमशः भाद्र ७-९ र भाद्र २५-२७, २०४९ सम्म आयोजना भयो। उक्त तालिममा मानव अधिकार सचेतनका लागि पहाडी तथा दुर्गम जिल्लामा विविध पेशामा संलग्न रहेका मानव अधिकार कार्यकर्ताहरूलाई मानव अधिकार, विकास, वातावरण जस्ता विषयहरूका बारे मुख्यत लक्षित गरिएको थियो। तालिममा स्रोत व्यक्तिका रूपमा आमन्त्रित व्यक्तिहरू विविध संस्थामा लामो अनुभव संगाल्नुका साथै यस क्षेत्रमा परिपक्व र प्रसिद्धिका रूपमा ख्याति भएकाहरू हुनुहुन्थ्यो। यसै तालिममा मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अन्तर्गत कार्यरत स्वयंसेवक तथा क्षेत्रीय अधिकृतहरूको तालिम पनि समावेश थियो। मानव अधिकार सचेतन स्वास गरी पिछडिएको समुदायमा लक्षित गर्दै प्रत्येक जिल्लाबाट आमन्त्रित २ व्यक्तिमध्ये, १ महिला अनिवार्य गरिएको थियो। सचेतन कार्यक्रम सञ्चालन भएका २५ जिल्लाका सामाजिक कार्यकर्ता, स्वयंसेवक र पाँच क्षेत्रीय अधिकृत गरी जम्मा ७८ जनाका लागि एकै समयमा तालिमको आयोजना गर्न संभव नभएकोले पूर्वाञ्चल र मध्यमाञ्चललाई एकै समूह र पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चललाई अर्को समूहमा विभाजित गरी तालिम सञ्चालन भएको थियो। तालिममा ४ जिल्लाबाट महिला सहभागिता हुन सकेन भने तीन जिल्लाबाट एक महिला र दुई पुरूष आफ्नै खर्चमा आएका थिए। एक जिल्लाबाट दुवै सहभागीहरू महिला थिए।

१.५ तालिम प्रतिवेदन प्रकाशन बारे

सचेतन अभियान एक निरन्तर प्रक्रिया हो। एक वर्ष (२०४९ वैशाख-चैत्र) सम्मको अनुभवबाट चैत २६-२७, २०४९ को इन्सेक कार्यकर्ताहरू "इन्सेक अभियान" को शुरूवातले अझ सचेतन कार्य व्यापक रूपले पिछडिएको समुदायमा पुऱ्याउनु पर्छ भन्ने कुरामा दुईमत नहोला। यद्यपि तालिम सम्पन्न भएको झण्डै एक वर्ष बिते पनि उक्त तालिममा दिइएको विचारहरू ग्रामीण इलाकामा कार्यरत कार्यकर्ताको लागि उपयोगी सामाग्री हने विश्वासले यो प्रकाशन गर्न थालिएको छ। यस प्रतिवेदनलाई पुस्तकको रूपमा लग्न सहयोग गर्नु हुने मित्रहरू श्री रामशरण प्याकुरेल, श्री कृष्णबाबु श्रेष्ठ, भाषा शुद्धाशुद्धि गर्नु हुने श्री कपिल घिमिरे, कम्प्युटर टाइप सेटिङ्ग गर्ने श्री किरण माली र जगदीश दाहाल धन्यवादका पात्र हुनुहुन्छ।

प्रमोद काफ्ले।
कार्यक्रम अधिकृत, इन्सेक

मानव अधिकार प्रशिक्षक तालिम
भदौ ७-९, २०४९
काठमाडौं

ऐतिहासिक जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक हक अधिकारका साथै वर्तमान नेपालको संविधान - २०४७ ले प्रत्याभूत गरेका जनताका मानवाधिकार, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारहरूका बारेमा र तिनको उपयोगका बारेमा देशका साक्षर, निरक्षर र ग्रामीण समुदायका मूलतः राजनैतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा पछाडि परेकाहरूलाई लक्षित समुदायका रूपमा लिई तिनीहरूको उल्लेखित अधिकारहरूका बारेमा सचेतनता अभिवृद्धि गरी मानवाधिकारको स्थिति सम्बर्द्धन र सुदृढीकरणका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपालद्वारा सञ्चालित मानवाधिकार तथा सामाजिक सचेतन कार्यक्रममा सहभागी रहेका जिल्ला स्तरका स्वयंसेवक र जिल्ला सक्रिय समूहका कार्यकर्ताहरूलाई आगामी दिनहरूमा मानवाधिकार प्रशिक्षकका रूपमा विकास गराउने उद्देश्यले काठमाडौंमा आयोजना गरिएको मानवाधिकार प्रशिक्षक तालिम ७-९ भाद्र ०४९ आयोजना गरियो ।

प्रथम सत्र

पूर्वाञ्चल विकास क्षेत्रका पाँचथर, भोजपुर, तेह्रथुम, धनकुटा र उदयपुरका १७ जना र मध्यमाञ्चल विकास क्षेत्रका धादिङ्ग, रसुवा, काभ्रेपलान्चोक, नुवाकोट र दोलखाका १५ जना गरी ३२ जनाको सहभागी भएको तालिम कार्यक्रममा २१ जना पुरूष र ११ जना महिलाहरूको सहभागी भएको कार्यक्रमको शुभारम्भ इन्सेकका निर्देशक तथा विख्यात मानवाधिकारवादी व्यक्तित्व स्व. प्रकाश काफ्लेको श्रद्धान्जलि कार्यक्रमबाट भएको थियो ।

स्वयंसेवक रामशरण प्याकुरेलको सञ्चालन-उद्घोषणबाट शुरू भएको श्रद्धान्जलि कार्यक्रममा सहभागिकातर्फबाट श्रद्धान्जलि स्वरूप १ मिनेट मौनधारण गरिएको उक्त कार्यक्रममा कार्यक्रम संयोजक सुशील प्याकुरेलले स्व. प्रकाश काफ्लेप्रति अत्यन्त भावपूर्ण श्रद्धान्जलि व्यक्त गर्दै उहाँका देनहरूमाथि प्रकाश पार्दै प्रकाशको सपनाहरू राष्ट्रिय धुरीबाट उठेर अन्तर्राष्ट्रिय धरातलमा समेत विद्यमान विश्वमा मानवाधिकारको वस्तुस्थितिको बोध गराउनु थियो र यो अभियानमा सक्रियताका साथ प्रकाश लागेका थिए भन्नु भएको थियो । पाँचथरका प्रेम ओझा र चन्द्र पोखरेलले श्रद्धान्जलि कविता वाचन गर्नु भएको उक्त कार्यक्रममा धनकुटा स्वयंसेवक हरि अधिकारी समेतले आफ्नो मन्तब्य व्यक्त गर्नु भएको थियो ।

सहभागीहरूको परिचय कार्यक्रम संगसंगै चियापानको क्रम समाप्त भएपछि निर्धारित कार्यक्रम अनुसार इन्सेकको परिचय र मानवाधिकारको बारेमा बोल्दै - २०४७ को उत्तरार्द्धबाट मानवाधिकारको क्षेत्रमा पूर्ण समर्पणका साथ लागेको र साथीको परिभाषाबाट माथि उक्लिसकेका स्व. प्रकाश काफ्लेसंगको सरसंगत र उठबसको पुनः उल्लेख गर्नु हुँदै कार्यक्रम संयोजक सुशील प्याकुरेलले जनताको सचेत हस्तक्षेप बिना मानवाधिकारको संस्थागत विकास नहुने राय व्यक्त गर्नुका साथै इन्सेक नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि स्थापनाको हिसाबले जन आन्दोलन पूर्व स्थापना भएको हो तापनि इन्सेकका कार्यक्रम र उद्देश्यसंग सन्निकट रहेका कार्यक्रम आफैद्वारा र कतिपय सन्दर्भमा मानव अधिकार संरक्षण मञ्चको नामबाट प्रजातान्त्रिक आन्दोलनलाई पश्चिमी सञ्चार माध्यम समेतमा वास्तविकता उद्घोष गराउन सफल रहेको

प्रसंगहरू उल्लेख गर्नु भयो। उहाँले मानवाधिकारका धारणाहरू, देशको तल्लो इकाइ ग्रामीण इलाकाहरूमा समेत लानुपर्नेतर्फ इङ्गित गर्दै - इन्सेक र मानवाधिकार बारेमा आफ्ना धारणाहरू राख्नु भयो। इन्सेक, मानवाधिकारको बढी उल्लंघन भइरहेको दक्षिण एशियाली मुलुकहरूमा समेत - देशको कानून, संविधानले खडा गरेका मानवाधिकार संरक्षणको अवरोधलाई हटाउने र ती ठाउँहरूमा मानवाधिकारको सम्भावनाका लागि प्रयासरत रहेको चर्चा गर्नुभयो।

दोस्रो सत्र

मानवाधिकार र नेपालको संविधानको विषयमा बोल्दै प्रशिक्षक अधिवक्ता पवन ओझाले, मानवाधिकारको ऐतिहासिक पक्षहरूको उल्लेख गर्नुहुँदै प्रजातन्त्र र विकास चाहनालाई पूर्ति गर्न सर्वप्रथम मानवाधिकारको बारेमा बुझनुपर्नेतर्फ ध्यान आकृष्ट गर्नुहुँदै मानवाधिकारका बारेमा अन्तर्राष्ट्रियस्तरबाट घोषणापत्र र संविदाहरू जारी गरिएको बताउनु भयो। प्रशिक्षणको क्रममा घरेलु र अन्तर्राष्ट्रिय कारणहरूबाट संयुक्त राष्ट्रसंघले मानवाधिकारको विश्वव्यापी घोषणा गरेको र विश्वका राष्ट्रहरूले सो घोषणालाई आफ्नो देशको संविधानमा समावेश गराउनुपर्नेबारे बताउनुभयो। प्रशिक्षक अधिवक्ता ओझाले मूलभूत अधिकारहरू (Fundamental Rights) र मानवाधिकारको बारेमा व्याख्या गर्नुहुँदै २०१५ सालको नेपालको अधिराज्यको संविधान २०१५ र २०४७ को तुलनात्मक विवेचना गर्नुहुँदै वर्तमान संविधान धेरै अर्थमा प्रगतिशील रहेको र व्यवहारमा उतार्ने हो भने अन्य प्रजातान्त्रिक मुलुकहरूमा भन्दा बढी प्रजातान्त्रिक अधिकारहरू रहेको बताउनु भयो। उच्च आदर्शबाट प्रेरित संविधान छ तापनि यसले मौलिक र मानवाधिकारको क्षेत्रमा सरकारद्वारा परिपालन गर्ने तरिकाबाट नै यो आदर्श सफल असफल हुनेछ भन्ने उहाँको राय थियो।

पहिलो सत्रका तेश्रो प्रशिक्षक शिलु सिंहले महिला र मानव अधिकारका बारेमा बोल्नु हुँदै अहिलेको प्रजातान्त्रिक नेपालको संविधानले पनि महिलाहरूमाथि भेदभाव गरेको बारेमा तीक्ष्ण प्रहार गर्नुहुँदै, महिलाको प्रत्यक्ष संलग्नता बिना प्रजातन्त्र नरहने र विकास पनि असंभव रहने र महिलाहरूका लागि अपमान गर्ने स्वालका कानूनहरू संशोधन गरिनु पर्ने राय व्यक्त गर्नुभयो। मुलुकी ऐनका कतिपय दफाहरूको उल्लेख गर्नुहुँदै अंशवण्डा, अपुताली, भूमि सम्बन्धी हक अधिकार, बाल-विवाह, बलात्कार जस्ता प्रसंगहरूको उल्लेख गर्नुहुँदै नारीलाई सम्मान गर्न सरकारले यथोचित उपायहरू अवलम्बन गर्नुपर्नेतर्फ राय-सुझावहरू प्रस्तुत गर्नु भयो।

तेस्रो सत्र

निश्चित समयभन्दा १ घण्टा ढिलो हुन गएको अर्थात् स्वानाको कार्यक्रमपछि शुरू भएको कार्यक्रमको पहिलो वक्ताको रूपमा सामाजिक सचेतन विषयमा बोल्नुहुँदै वातावरण पत्रकार भैरव रिसालले विश्वका हरेक देशमा सचेतनताको स्वाँचो रहेको प्रसंगको चर्चा गर्नुहुँदै राजनैतिक परिवर्तनको महसूस नभइरहेको वर्तमान परिवेशमा सर्वप्रथम प्रजातन्त्रलाई दिगो राख्न र जनताप्रति जनप्रतिनिधिहरूको उत्तरदायित्वको बारेमा सचेत गराउनु पर्ने सुझावहरू दिनुभयो। देशका जनताका मागहरू प्रशस्त रहिरहेको अवस्थामा कसरी गएर "आफ्नो आवश्यकताको लागि आफैं" भन्ने भावनाको विकास गराउने बारेमा कार्यकर्ताहरूको भूमिकाबारेमा बोल्दै उहाँले कार्यकर्ताहरू नमूना बन्नुपर्ने र जनताले के गर्दछन्, सो कुराबाट आफ्नो धारणाहरूलाई अगाडि बढाउनु पर्ने बिचार व्यक्त गर्नुभयो। उहाँले हरेक कार्यक्रममा जिम्मेवारी लिएका व्यक्तिहरू सतर्क रहनुपर्दछ र समाजका सबै वर्ग र व्यवसायका मानिसहरूलाई समेटेर विचलित नभई काम गर्नु पर्ने बारेमा

व्यावहारिक सल्लाह दिनु भयो। एउटा उदाहरण दिंदै १ व्यक्तिलाई २४ घण्टामा १६ किलो अक्सिजन चाहिने र हुकिएको एउटा रूखले २४ घण्टामा २७०० किलोमात्र अक्सिजन पैदा गर्ने र १ व्यक्तिको वरिपरि ६ वटा रूख भए मात्र पर्याप्त सास फेर्न पुग्ने रोचक कुराहरू बताउनु हुँदै उहाँले व्यक्ति र वातावरण बीचको तादात्म्य सम्बन्ध बारे आफूले जाने-बुझेका कुराहरू रोचकीय ढंगले प्रस्तुत गर्नु भयो।

चौथो सत्र

नेपाल वातावरण पत्रकार समूहका उपाध्यक्ष हेमबहादुर विष्टले मानव अधिकार र वातावरण विषयमा बोल्नु हुँदै वातावरणको सर्वसम्मत परिभाषा नरहेको तर विश्वभरि नै व्यापक महत्वका साथ लिइएको वातावरण समस्यालाई कसरी समाधान गर्ने र उपायहरू के हुन सक्छन् भन्ने विषयमा हरेक सचेत नागरिकले सोच्नु पर्ने कुराहरू बताउनु भयो। उहाँले पृथ्वी उत्पत्ति भएदेखि ५० करोडको संख्यामा रहेको वनस्पति र जीवजन्तु वातावरण विनाशले गर्दा हाल आएर सो संख्या ४०/५० लाख भन्दा बढी नरहेको बताउनु भयो। मानव सभ्यताको यो स्थितिमा ल्याइपुऱ्याउन ५ हजार वर्ष पुरानो वातावरणको प्रभाव रहेको बताउनु हुने श्री बिष्टले वातावरणलाई वायुमण्डल (Atmosphere), जलमण्डल (Hydrosphere), जीवमण्डल (Biosphere), भूमण्डल (Lithosphere) मा विभाजित गरिएको बताउनु हुँदै उपरोक्त सबै मण्डलहरू प्रदूषित रहेको विचार व्यक्त गर्नु भयो। विकास र वातावरण एक अर्काका पर्याय रहँदारहँदै पनि बहसको विषय भएको चर्चा गर्नु हुँदै यी दुबैको असन्तुलित रूपबाट मानवाधिकारको हनन भइरहेको, विकास र निर्माणका नाममा कैयन स्थानका वनजंगल सखाप पारिएको, जहाँतही औद्योगिक प्रतिष्ठानको स्थापनाले गर्दा जन स्वास्थ्यको क्षेत्रमा प्रतिकूल असर परेको, ओजोनतह (Ozonelayer) पातलिंदै गएको बताउनु हुँदै स्वच्छ वातावरणको आफ्नो अधिकारको लागि सामुदायिक प्रयासको खाँचो रहेको विचार व्यक्त गर्नु हुने श्री विष्टले अर्को शब्दमा अहिले विश्व-प्रयास नै विश्वमा भएको वातावरणका लागि परेका देश अनुसार वातावरण समस्या फरक रहे पनि गरिबी, प्रविधि हस्तान्तरण, अभाव र बढी उपयोग इत्यादिले गर्दा हाम्रो देशको वातावरण बिग्रँदै गएको र कतिपय सम्पन्न र शक्तिशाली देशहरू (जस्तै अमेरिका) नै बढी वातावरण प्रदूषक रहेको धारणा व्यक्त गर्नु भयो।

प्रथम दिनको यस कार्यक्रममा विषयगत पूरक प्रश्नहरू राख्नु हुने सहभागी हरि अधिकारी, विक्रम कुंवर, प्रेम ओझा, पशुपति चौलागाईं, सावित्री गुरूङ्ग, शकुन्तला बस्नेत, मुकुन्द नेपाल आदिका प्रश्नहरूको जवाफ सम्बन्धित प्रशिक्षकहरूले दिनु भएको थियो भने हरेक सत्रको विषयगत टिप्पणी कार्यक्रम संयोजक सुशील प्याकुरेलले गर्नु भएको थियो।

दोश्रो दिन : ०४९/५/८

पाँचौं सत्र

हामीले भन्ने गरेको मानवाधिकार, प्रेस स्वतन्त्रता, संगठन निर्माण गर्ने स्वतन्त्रता मात्र होइन, स्वास्थ्य उपचारको अधिकार, शिक्षाको अधिकार, राष्ट्रको सम्पत्ति र सम्पदा सम्पूर्ण नेपालीको हो भन्ने भावनायुक्त विकासका लागि अधिकार सहित संयुक्त राष्ट्र संघले घोषणा गरेको विश्व मानवाधिकार हो भन्ने विषयमा सविस्तार व्याख्या सहित नेपालको ग्रामीण इलाकामा मानवाधिकारको स्थितिका बारेमा बोल्नु हुँदै संयोजक सुशील प्याकुरेलले असचेतनता, अशिक्षा, आत्मनिर्भरताको कमी, पछौटेपन, सामाजिक शोषण र सरकारी रवैया जस्ता कारणहरूले गर्दा

ग्रामीण इलाकामा मानवाधिकारको स्थिति जटिल रहेको बताउनु भयो। मानवाधिकारको स्थिति देशकाल, परिस्थिति र आवश्यकता अनुसार फरक हुन सक्ने हुनाले प्राथमिकताका आधारमा हेर्दा प्राप्त प्रजातान्त्रिक संविधानभित्र समेटिएका कुराहरू जनताको तल्लो स्तरमा लानु पर्ने र जनतालाई सो सम्बन्धमा सचेत गराउनु नै हाम्रो प्रथम दायित्व रहेको बताउनु हुँदै श्री प्याकुरेलले जनताका आधारभूत आवश्यकताहरू पूरा नभएसम्म मानवाधिकारका उद्देश्यहरू पूरा हुन नसक्ने र शहरले नै प्रायः गाउँलाई निर्देशित र नियन्त्रित गर्ने भएकोले ग्रामीण स्तरमा नै प्राथमिक स्तरमा काम गर्नुपर्ने बताउनु भयो। मानवाधिकारका लागि भएका विश्वव्यापी सङघर्षहरूको चर्चा गर्नु हुँदै संयुक्त राष्ट्र संघीय घोषणा पत्र (UN Declaration) पनि आफैमा पूर्ण रहेको छैन भन्दै यी अपूर्णतालाई पूर्णता दिन र व्याख्या गर्न घोषणा भएदेखि यता ५ वटा बडापत्रहरू अगाडि आएको र हाम्रो देशले पनि तिनमा हस्ताक्षर गरिसकेकोले बडापत्रको आदर्श र मर्म अनुसार मानव अधिकारको क्षेत्रमा काम र कर्तव्य गरे नगरेको निगरानी राख्ने काम हामी जस्ता मानवाधिकार कार्यकर्ता वा संस्थाको हो भन्ने कुरा बताउनु भयो।

छैठौं सत्र

कार्यक्रमको दोश्रो दिनको दोश्रो वक्ता विद्यासागर घिमिरेले मानव अधिकारको संघर्ष र उपलब्धि विषयमा र कार्यकर्ताको भूमिका बारेमा आफ्नो विचार व्यक्त गर्नुहुँदै - "मानवाधिकारको संघर्ष जन्मेदेखि मृत्यु पर्यन्त जारी रहन्छ भने मानव अधिकारको आवश्यकता गर्भमा रहँदै रहेको हुन्छ र हुर्कने क्रममा आफैसंग, अरूसंग, प्रकृतिसंग अधिकारको लागि लडिरहने सर्वोकृष्ट प्राणी नै मानिस हो" भन्ने कुरा अगाडि सार्नु भयो। पौराणिक पक्षको कतिपय प्रसंगहरू उल्लेख गर्दै मनुष्यले आफ्ना खास विशेषता (Characteristics) गुमायो भने मानिस मानिस नरहने भएकोले मान्छेको विशेषताहरू, आवश्यकताहरू मानवाधिकारको पूर्णता र सम्पन्नतामा संभव रहने तर यो सहज भने नभएको बताउनु भयो। मानवाधिकार सहजै प्राप्त नभएको ऐतिहासिक पक्षहरूको उल्लेख गर्नु हुँ"दै अधिकार प्राप्तिका लागि निशस्त्र, सशस्त्र दुबै प्रकारका लडाईं र संघर्षहरू भएको र अहिलेको विकसित विश्व परिस्थितिमा पनि यसै प्रकारका संघर्षहरू जारी रहेको बताउनु हुँदै श्री घिमिरेले आफ्ना धारणाहरू अगाडि राख्ने क्रममा रोमन साम्राज्यभित्रको स्पार्टाकसको गौरव-गाथा, ईशु स्त्रिष्ट, म्याग्नाकार्टा, बिल अफ राइटस् (Bill of Rights), फ्रान्सेली राज्य क्रान्ति, पेरिस कम्युन, चिनियाँ क्रान्ति, अक्टोवर क्रान्ति जस्ता महानतम् उपलब्धिहरूको चर्चा गर्नु भयो। अहिले यो मानवाधिकारको स्थिति महानतम् ऐतिहासिक संघर्षहरूकै प्रतिफल हो भन्ने उहाँको थप पुष्टि थियो। विकासको पूर्वाधार भनेकै मानव गरिमा (human dignity) को रक्षा रहेकोले Human Rights must be equally distributed without disparity भन्नुहुँदै श्री घिमिरेले मानवाधिकारको स्थिति राम्रो भएको ठाउँमा स्वतन्त्रता, समानता, न्याय रहेको हुन्छ र विकास पनि संभव रहन्छ भन्ने अभिमत प्रकट गर्नु भयो।

श्री घिमिरेले कार्यकर्ताको भूमिकाको बारेमा बोल्नु हुँदै आफू पनि सिक्दैछु, जनतासंग मिलेर जनताको लागि काम गर्छु भन्ने भावना हुनुपर्ने, ग्रामीण समुदायमा पाइने असल परम्पराहरूको कदर गर्दै आत्मनिर्भर गराउन प्रयत्नशील रहनुपर्ने बताउनु भयो।

अर्का वक्ता, मानवाधिकार कार्यकर्ता नवीन शर्माले मानवाधिकार हननको रोकथामको लागि जनताको भूमिका विषयमा बोल्नु हुँदै जनताको भूमिका, जनताले उपभोग गरिरहेको परिवेशले निर्क्यौल गर्ने कुरा र शासन पद्धति कत्तिको प्रजातान्त्रिक, अप्रजातान्त्रिक वा बौद्धिक स्वतन्त्रताको स्तर कस्तो छ त्यसमा निर्भर रहने कुरा बताउनु भयो। यदि प्रजातान्त्रिक परिपाटी

भएमा त्यस देशमा प्रजातान्त्रिक संविधान, कानून, प्रजातन्त्रप्रति आस्थावान् जनता रहेका हुन्छन् तर अप्रजातान्त्रिक परिपाटी रहेको देशमा, संविधान र कानून अपूर्ण र दोषपूर्ण रहेको हुन्छ, शासन पद्धति र शासकहरू नै प्रजातन्त्रप्रति आस्था नराख्नेहरू हुन्छन्। प्रजातान्त्रिक प्रक्रियाद्वारा मानवाधिकारको हनन्को रोकथाम गर्ने संभावना कम रहन्छ। मानवाधिकार हनन्को रोकथामका लागि अपनाइने कानूनी र अकानूनी दुई प्रकारको चर्चा गर्नुहुँदै - वकिलको प्रत्यक्ष संलग्नतामा रोकथामका लागि न्यायिक संस्थाहरूको संलग्नता हाम्रो देशको यो पक्षको सार्थकता चेतनाको स्तरमा भर पर्ने भएकोले र देशमा भइरहेको प्रशासनिक अड्चनहरू रहेको र साक्षरहरू समेतले प्रयोग नसकिरहेको, संविधान गर्न प्रजातान्त्रिक भएपनि यसलाई व्याख्या गर्ने कानूनहरू नबनेको र कानूनी उपाय प्रयोगको लागि प्रशासनिक झमेला र खर्च बढी लाग्ने भएकोले अकानूनी उपायहरूबाट पनि मानवाधिकार हननको रोकथाम गर्ने सकिने बताउनु भयो। श्री शर्माले अकानूनी उपायहरूको बारेमा बताउनु हुँदै अन्तर्राष्ट्रिय दायराभित्र पर्ने र राष्ट्रिय दायराभित्र नपर्न सक्ने अकानूनी उपायको उद्देश्य मानवाधिकार उल्लंघनको रोकथाम गर्नु मात्र नभई सामाजिक सचेतनता जगाउने, सरकारको ध्यानाकर्षण गर्ने र दवाव सिर्जना गर्ने, परिवर्तन र विकासका पूर्वाधार तयार गर्नु र कानूनी उपायहरूको विकास गर्नु रहेको त्यसको स्वरूप छलफल, प्रतिनिधिमण्डल पठाउनु, चिट्ठीपत्र आदानप्रदान गर्ने, प्रकाशन, सांकेतिक हडताल र आम हडताल जस्ता प्रक्रियाहरू रहने अकानूनी उपायका लागि एकता, संख्यात्मक उपस्थिति, शान्तिपूर्ण प्रयास, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूको बारेमा जानकारी रहनु जरूरी रहने धारणा जाहेर गर्नु भयो।

सातौं सत्र

स्वानापछिको सेसनका पहिलो वक्ता हिमाल पत्रिकाका सम्पादक कनकमणि दीक्षितले मानव अधिकार र विकासका बारेमा आफ्नो धारणा व्यक्त गर्नुहुँदै ४० वर्षदेखि भइरहेको आधुनिकीकरणको प्रयोगबाट आज विश्व यो परिस्थितिमा पुगेको बताउनु भयो। उहांले मानवाधिकारको स्थिति मजबुत भएमा नै विकासका प्रयास र सार्थकता बलियो हुने प्रसंग उल्लेख गर्दै हाम्रो देशको सन्दर्भमा विकास संगसंगै राजनीतिक संस्कार, सांस्कृतिक पक्षहरू अभिबृद्धि गर्दै संचालित आर्थिक विकासका महत्वपूर्ण कार्यहरू अगाडि बढाउँदै लानु पर्ने विचार व्यक्त गर्नु भयो। विकासलाई टेवा दिने मानवाधिकारको पक्षमा सुधार्नु पर्ने दुई कुराहरू - राजनैतिक आदर्श, व्यवहार र संचारको (वैज्ञानिक शिक्षा र संचारको कमी) विकास समेत हुनु पर्ने धारणा श्री दीक्षितले राख्नु भयो। उहाँका अनुसार आधुनिकीकरण भनेकै पश्चिमीकरण अनुरूप मिश्रित विकास हुने भएकोले पश्चिमीकरणलाई भित्र्याउने हो भने देशको परिस्थिति अनुसार विश्लेषण गरिनु पर्दछ भन्ने रहेको छ।

मानवाधिकार र तथ्य संकलनको महत्व बारे बोल्नु हुँदै प्रशिक्षक शिवहरि दाहालले मानवाधिकारको वर्गीकृत परिभाषा दिनु हुँदै पहिलो पुस्ताको रूपमा रहेको नागरिक तथा राजनैतिक अधिकार प्रायः गरेर पूँजिवादी राष्ट्रहरू, सामाजिक आर्थिक र राजनैतिक अधिकारहरू समाजवादी मुलुकको आदर्शको रूपमा दोश्रो पुस्ताको परिभाषा र विकासको अधिकार तेश्रो पुस्ताको परिभाषाको रूपमा रहेको बताउनु हुँदै तथ्य संकलन सम्बन्धी प्रक्रियाहरू बताउनु भयो।

आठौ सत्र

गैह सरकारी संस्था र सामाजिक न्याय विषयमा बोल्नुहुँदै, कारितास नेपालका निर्देशक आशिष गुरूङ्गले समूहगत माध्यमद्वारा कार्यक्रम शुरू गर्नुहुँदै अति संवेदनशील रूपमा रहेको र नियन्त्रण र संकुचनमा राख्न नसकिने न्यायलाई प्रकृतिले नै सामाजिक बनाएको बताउनु भयो। विश्वमा भइरहेको झगडा, खिंचातानी, अशान्ति हुनुका कारण न्यायको धरातलको दन्हो थिचोमिचो हटाउनु पर्दछ, व्यक्ति नभए न्यायको प्रसंग नै नउठ्ने र व्यक्तिको महानतालाई सबैले सम्मानपूर्वक बुझिदिनु पर्ने र आदर गरिनु पर्ने तथा संसारका मानिसहरू अहिले एक अर्काका परस्पर विरोधी विचार र प्रवृत्तिको बारेमा संघर्ष गरिरहेको बताउनु भयो। यसबाट मुक्ति पाउनको लागि महत्वपूर्ण दुई कुराहरू उल्लेख गर्नु हुँदै समाज कल्याण आदर्श (Social Welfare Model) र सामाजिक परिवर्तन (Social Change) का लागि जनसमुदायलाई एनिमेशन (Animation) - उत्प्रेरणाका माध्यमबाट संगठित गरिनु पर्ने बताउनु भयो। र ६० प्रतिशत जनसमुदायलाई १०-१२ प्रतिशत सम्पन्नहरूले थिचोमिचो गरिराख्वेको र ६० प्रतिशतको सम्मानपूर्वक बाँच्ने आधार तयार पार्नु नै हाम्रो लक्ष्य हो, श्री गुरूङको धारणा थियो।

समूहगत छलफलमा भाग लिने समूहका प्रतिनिधिका रूपमा समूह "क" का अम्बिका लामा समूह "ख" का जानुका सिंखडा, समूह "ग" का माया शेर्पा र ग्रुप "घ" का शकुन्तला बस्नेतले रिपोर्टिङ्गको क्रममा तालिम कार्यक्रमका विविध पक्षहरूको उल्लेख गर्नुहुँदै श्रब्य दृश्य साधनको कमी, (Handouts) उपयुक्त सामाग्री वितरणको कमी, अर्न्तक्रियाको कमी, समयको अभाव, प्रस्तुति श्रृंखलावद्ध नहुनुका साथै व्यवस्थापनको कमी-कमजोरीहरू रहे तापनि तालिम कार्यक्रम महत्वपूर्ण रहेको सहभागी प्रतिनिधिहरूको भनाइ थियो।

तेश्रो दिन :
नवौं सत्र

कार्यक्रमको तेश्रो दिनका पहिला वक्ता स्याप् नेपालका तालिम संयोजक वासुदेव न्यौपानेले गाउँमा बैठक कसरी सञ्चालन गर्ने, कार्यशाला प्रणाली, कार्यशाला व्यवस्थापन जस्ता अत्यावश्यक र महत्वपूर्ण विषयमा बोल्नुहुँदै र ग्रामीण समुदायमा कार्यक्रम सञ्चालन गर्दा आइपर्ने कठिनाइहरूको सरलताका साथ उल्लेख गर्नुहुँदै समस्याका रूपमा रहेको गैह सरकारी संस्थाहरूको कार्यक्रमप्रति जनताको उदाशीनता, भाषा, सामग्रीको कमी, सहभागिताको कमी, भौगोलिक विकटता, राजनैतिक पूर्वाग्रह, प्रतिशोध र संकिर्णता, सूचनाको कमी र जनताको बढ्दो महत्वाकांक्षाले गर्दा समस्याहरू रहेको बताउनु भयो। जनतालाई बढी भन्दा बढी संलग्न गराई उनीहरूमा चासो, सम्मान, फाइदा बेफाइदाका कुराहरू, जिम्मेवारी दिने, पुरस्कार र दण्डको व्यवस्था मिलाउने, बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्नुपर्ने, बैठकबाट भएका निर्णयहरू पारदर्शी हुनु पर्ने जस्ता सुझावहरू प्रस्तुत गर्नु भयो। उक्त विषयमा समूहगत छलफलको क्रममा समूह "क" का तर्फबाट दुर्गा सुबेदी, त्यस्तै समूह "ख" की शुभद्रा अधिकारी, समूह "ग" की पार्वती पाण्डे, समूह "घ" की ललिता उदास, समूह "ङ" की सावित्री गुरूङ्गले विभिन्न सुझाव र टिप्पणी सहित आ-आफ्नो समूहको विचार व्यक्त गर्नु भयो।

कार्यशाला व्यवस्थापनको बारेमा बोल्नु हुँदै व्यवस्थापन सबैको संलग्नताको आधारमा गरिनु पर्ने र कार्यशालाको उद्देश्य प्रष्ट पार्नु पर्ने जस्ता कुराहरू बताउनु हुँदै कार्यशालाका प्रणालीका बारेमा अवधि, समय, कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ताको समुचित व्यवस्था गरिनु पर्ने र प्रश्नोत्तर, समूहगत छलफल गरी सुझाव तथा निचोडहरू निकाल्ने गर्नु पर्ने बताउनु भयो।

कार्यक्रमको अन्तिम वक्ताका रूपमा इन्सेकको प्रमोद काफ्लेले मानवाधिकार सचेतन कार्यक्रमका धारणा उद्देश्य बारे सविस्तार व्याख्या गर्नुहुँदै संक्षिप्तमा कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन, समस्या समाधानका उपायहरूबारे बताउनु भयो ।

कार्यक्रको तेह्रौं सत्रमा प्रशिक्षार्थीहरूको लागि मूल्याङ्कन प्रश्नावली (Annex v) दिइएको थियो, जसमा ३३ जना सहभागिले जवाफ दिएका थिए भने एकजनाले उत्तर दिएनन् । तेत्तीस जना सहभागिले दिएको जवाफ निम्न विषयमा केन्द्रित रहेको थियो ।

१. इन्सेक मानवअधिकारवादी संस्था हो : २३ जनाको भनाइ थियो ।
इन्सेक समाजसेवी संस्था हो : १३ जनाको भनाइ थियो ।
साथै इन्सेक मानव अधिकारवादी तथा समाजसेवी संस्था हो भने भनाइ ३ जनाको रहेको थियो ।

२. नेपालको संविधानले मानव अधिकारको पूर्ण जगेर्ना गरेको छ : ८ जनाको भनाइ
नेपालको संविधानले मानव अधिकारको आंशिक मात्र जगेर्ना गरेको छ : २५ जनाको भनाइ

३. सामाजिक सचेतनता भनेको : आफ्नो हकबारे जान्नु र समाजमा अरूलाई पनि हक अधिकार बारे सिकाउनु हो - २५ जनाको भनाइ
समाजमा अरूलाई पनि अधिकार बारे सिकाउनु हो : ७ जनाको भनाइ
थाहा छैन भन्ने : १ जनाको भनाइ रह्यो ।

४. वातावरणको स्वच्छता मानव अधिकारभित्र पर्छ : २३ जनाको भनाइ
वातावरण बिगार्नु मानव अधिकारको हनन गर्न हौ : १८ जनाको भनाइ
माथिको दुवै भनाइ रहेका व्यक्तिहरू ७ जना रहे ।

सबै कार्यक्रमका वक्ताहरूको भनाइ माथि टिप्पणीकर्ता इन्सेक संयोजक सुशील प्याकुरेल र प्रमोद काफ्लेले गर्नु भएको थियो भनें कार्यक्रममा अन्य अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवारका सदस्यहरूको योगदान उल्लेखनीय रह्यो ।

कार्यक्रमको अन्तिम दिन कार्यक्रमका तर्फबाट आयोजित विदाइ भोजमा सुवोध प्याकुरेल, कुन्दन अर्याल, वद्री प्रसाद खतिवडा लगायतका अन्य वक्ताहरूले आ-आफ्नो मन्तब्य व्यक्त गर्नु भएको थियो ।

मानव अधिकार प्रशिक्षक तालिम
भदौ २५-२७, २०५०
महेन्द्रनगर, नेपालगञ्ज
विवरण

पहिलो दिन

कार्यक्रम संचालन प्रमोद काफ्लेको स्वरसंगै प्रारम्भ भएको प्रशिक्षण कार्यक्रममा सम्पूर्ण सहभागी मित्रहरूलाई तालिम कार्यक्रममा हार्दिक स्वागत गरिएको थियो। कार्यक्रममा विख्यात मानव अधिकारवादी कार्यत्रर्ता प्रकाश काफ्लेको प्रजातन्त्र र मानव अधिकार क्षेत्रमा भएको योगदान र महत्वमाथि प्रकाश पारिएको थियो।

विगत ६ महिनादेखि प्रकाश काफ्लेको स्पष्ट र सुयोग्य नेतृत्व पाएका सबै मानव अधिकार कार्यकर्ताहरू स्तब्ध भए र कार्यक्रम सञ्चालन भइरहेको स्थान नै भावनात्मक रूपले शोकाकुल प्रतीत भयो। आफ्नो युवावस्थादेखि राष्ट्र र समाज उत्थानको लागि लडाकु योद्धाको रूपमा निरन्तर गतिशील रहने प्रकाश काफ्लेलाई २०४९ साउन १६ को थाई एयर बस दुर्घटनाको ठूलो काल चक्रले निलेको थियो। विश्व र एशियाकै प्रखर श्रृजनात्मक मानव अधिकार कार्यकर्ताको रूपमा अगाडि बढ्दै स्थापित भइसक्नु भएका स्वर्गीय काफ्लेका बारेमा धारणाहरू राख्दै उहाँप्रति श्रद्धाञ्जलि अर्पणरूद्वारा कार्यक्रमको थालनी गरिएको थियो।

कार्यक्रम नितान्त अनौपचारिक रूपले अघि बढ्दै थियो। सबैका सामु दृढ प्रतिज्ञी प्रतीत हुने आदरणीय प्रकाश काफ्लेको फोटो सुसज्जित थियो। कार्यक्रमले वास्तविक रूपमा गहनता त्यसबेला लियो जब बाल्यकालदेखि मित्र र सहयात्री रहँदै आउनु भएका प्रकाश काफ्लेका अभिन्न सहयोद्धा सुशील प्याकुरेलको हातमा माइक्रो फोन हस्तान्तरण भयो। "हतियार बोकेर सँगै युद्ध मोर्चामा लडिरहेका लडाकु मित्रहरूमध्ये जब एउटा मैदानमा ढल्छ, तब अरू स्तब्ध हुन्छन्। फेरि त्यत्तिनै बेला उसको समेत बन्दुक बोकेर पुनः युद्ध मोर्चामा ऊ कस्सिन्छ। अहिले ठिक यही स्थितिमा हामी छौं, जब हाम्रा अभिन्न मित्र प्रकाश काफ्लेलाई हामी बीचबाट काललेे चुँडेर लग्यो।" उपरोक्त सारगर्भित वाणीसहित भावुक मुद्रामा सुशील प्याकुरेलले सहभागीहरूको ध्यान काफ्लेको व्यक्तित्व माथि केन्द्रित पार्दै जानु भयो र भन्नु भयो - "प्रकाश काफ्ले दक्षिण एशियामै प्रखर मानव अधिकारवादीका रूपमा स्थापित भइसक्नु भएको थियो। उहाँले मानव अधिकारको केही मौलिक धारणाहरू सूत्रपात गर्नु भएको थियो। त्यसै गरी नेपालको जनआन्दोलन २०४६ मा अभूतपूर्व यूरोपीय जनसमर्थन जुटाउने, संविधान निर्माणको क्रममा दक्षिण एशियाली कानूनविद्हरूको सल्लाह संकलन गर्ने, आदि अद्वितीय कामहरू गर्नु भएको थियो।"

उहाँकै निर्देशनमा आम निर्वाचनको बेला मतदाता सचेतन कार्यक्रम सञ्चालन हुनुका साथै थाइल्याण्ड, बंगलादेश, इथोपिया र भुटानमा भइरहेको मानव अधिकार हनन् सम्बन्धी अध्ययन कार्यमा उहाँको ठूलो योगदान थियो श्री प्याकुरेलले भन्नुभयो। श्रद्धा व्यक्त गर्ने क्रममा प्रकाश काफ्लेको निधनमा भारत लगायत विभिन्न देशमा श्रद्धाञ्जलि सभा भएको र विश्व प्रतिष्ठित थुप्रै व्यक्तिहरूले समवेदना पठाएको कुरा अवगत गराउनु भयो। उहाँको उद्देश्य र सपनालाई साकार पार्नु हाम्रो प्रमुख लक्ष्य र कर्तव्य हो भन्दै उहाँले प्रकाश काफ्लेप्रति यसरी श्रद्धाञ्जलि अभिव्यक्त गर्नुभयो।

परिचय (Introduction)

चेतना विना समाज विकासको गति तीब्र हुन सक्तैन। मानिस आफैमा चेतनशील प्राणी हो। तर चेतनाको दृष्टिले ऊ अपूर्ण पनि छ। चेतनाको अभावमा मानिसले आदिकालदेखि प्राप्त गर्न कोशिश गरिरहेको "समुन्नत र सभ्य समाज" को निमित्त अझ धेरै समय पर्खनु पर्ने हुन्छ।

उपरोक्त वास्तविकतालाई हृदयङ्गम गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत साँढे तीन वर्षदेखि समाजमा अति पिछडिएको उत्पीडित, महिला र असंगठित समुदाय बीच चेतनाको दियो बाल्ने प्रयास गर्दै आएको छ। सोही क्रममा २०४९ सालमा अधिराज्यका पाँच विकास क्षेत्र अन्तर्गतका पच्चीस पहाडी र विकट जिल्लामा "मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि" कार्यक्रम सञ्चालन शुरू गरेको छ।

समाजको सबभन्दा पिछडिएको ग्रामीण समुदाय र महिला वर्गमा मानव अधिकारका आधारभूत धारणाहरू पुऱ्याउने र उनीहरूलाई आफ्नो अधिकारप्रति सचेत राख्ने उद्देश्यले हाल यो कार्यक्रम सञ्चालन भइरहेको छ। प्रत्येक जिल्लामा जिल्ला स्वयंसेवकहरूले लक्ष्य अनुरूप जिल्ला, इलाका तथा गाउँहरूमा समिति गठन गरी कार्यक्रम सञ्चालन सुचारू रूपले गरिरहेका छन्।

मानव अधिकार स्वयंसेवक तथा कार्यकर्ताहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा काम गर्न सजिलो होस् र सफलता प्राप्त होस् भन्ने उद्देश्य लिई पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका १५ जिल्लाका जिल्ला स्वयंसेवक लगायत अन्य २ जना (१ महिला + १ पुरूष) लाई मानव अधिकार प्रशिक्षक तालिम उपलब्ध गराउने कार्यक्रम नेपालगञ्जस्थित स्थानीय विकास प्रशिक्षण केन्द्रमा भाद्र २५-२७, २०४९ मा सम्पन्न भयो। सो तालिम कार्यक्रममा ३ विकास क्षेत्रका क्षेत्रीय अधिकृतहरू, कार्यक्रम अधिकृत प्रमोद काफ्ले र संयोजक सुशील प्याकुरेल सहित प्रशिक्षकहरू क्रमशः नवीन शर्मा, विद्यासागर घिमिरे, पवन कुमार ओझा, देवकी श्रेष्ठ, शिवहरि दाहाल र उषा नेपाल उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा १५ जिल्लाका १५ जिल्ला स्वयंसेवक र अन्य महिला तथा पुरूष मानव अधिकार कार्यकर्ताहरू उपस्थित हुनुहुन्थ्यो। सुर्खेत जिल्लाबाट महिलाहरूको मात्र सहभागिता रहयो भने लमजुङ्ग, गुल्मी तथा अन्य केही जिल्लाबाट महिलाको सहभागिता हुन सकेको थिएन।

स्वर्गीय काफ्ले श्रद्धाञ्जली अर्पण गर्ने क्रममा बाँकेकी जिल्ला स्वयंसेवक तुलसी थापाले तल्लो तह (पिछडिएको) लाई उठाउनु नै प्रकाशप्रति वास्तविक श्रद्धाञ्जलि अर्पण गर्नु हो भन्नुभयो। त्यस्तै बर्दियाका स्वयंसेवक नरेश रानाले छलफल तथा प्रकाश साप्ताहिकको सम्पादक रहँदा समाजमा व्याप्त कुरीतिहरूलाई आफ्नो पत्रिका मार्फत उदाङ्गो पार्ने प्रयास प्रकाशले गर्नु भयो भने उहाँले आफ्नो काम र व्यवहारबाट "धेरै गर्नु छ, थोरै बोल्नु छ" भन्ने निर्देशन दिनुहुन्थ्यो। उहाँले मानव जातिको उत्थान र विकास चाहने काफ्लेको निधन देश र विश्वको लागि ठूलो क्षति हो, भन्ने धारणा राख्नुभयो।

त्यसै गरी पश्चिमाञ्चल क्षेत्रका क्षेत्रीय अधिकृत कुलराज घिमिरेले प्रकाश काफ्ले मानव अधिकार अग्रज र मानव अधिकार रक्षाको लागि सदा समर्पित हुनुहुन्थ्यो भन्नुभयो। "अर्काको विचारलाई अवहेलना गर्न नहुने, सामाजिक कार्यकर्ताहरूमा स्वार्थ र अहम् पन हुन नहुने, जीवनलाई देश र समाज सेवामा लगाइरहनु पर्ने प्रकाश काफ्लेको आदर्श सुझाव हुन्थ्यो। तसर्थ उहाँको विचारलाई जीवन्त राख्नेमा मात्र उहाँप्रति सही श्रद्धाञ्जलि हुन सक्छ" - श्री घिमिरेले भन्नुभयो। श्रद्धाञ्जलि वक्तव्य पश्चात् प्रकाश काफ्लेको सम्झनामा सभामा १ मिनेट मौन धारण गरेर श्रद्धाञ्जलि कार्यक्रम सम्पन्न गरिएको थियो।

पहिलो दिन

प्रथम सत्र

मानव अधिकार प्रशिक्षक तालिमको प्रथम सत्रमा इन्सेकका संयोजक सुशील प्याकुरेलले "इन्सेक र मानव अधिकार शीर्षकमा लामो र सारगर्भित विचार व्यक्त गर्नु भयो। सो अवसरमा उहाँले प्रकाश काफ्ले युद्ध मैदानबाट बिदा हुनु भएपछि मानव अधिकारको युद्ध मैदानमा उहाँको समेत बन्दूक गोली लिई हामी अघि बढिरहेका छौं भन्ने प्रतिज्ञा अभिव्यक्त गनुभयो। "मानव अधिकार संरक्षणको क्रममा हामी औपचारिकतामा हैन काममा विश्वास गर्छौं। हामी काम गर्दैछौं र सिक्तैछौं पनि। `Learning by doing' हाम्रो काम गर्ने तरिका हो" श्री प्याकुरेलले भन्नु भयो।

इन्सेकले मानव अधिकार कार्यक्रममा मौलिक अवधारणा र काम प्रस्तुत गर्न सफल भएको छ। हामी अहिले तालिम प्रदान गरिरहेका छौं। तर यो कसैले दिने होइन। यो तालिम छलफलद्वारा हामी सबैले प्राप्त गर्छौं। अहिलेको परिप्रेक्ष्यमा दक्षिण एशियामा सवभन्दा बढी मानव अधिकारको हनन भइरहेको तथ्य प्रस्तुत भएको छ। तसर्थ हामी यही क्षेत्रका नागरिक भएको हैसियतले सवभन्दा बढी मानव अधिकार हननको पीडा भोगिरहेका छौं। यही सन्दर्भमा मानव अधिकार संरक्षण सम्बन्धी सिक्ने र सिकाउने काम पनि हामीबाट नै सबभन्दा बढी हुनुपर्दछ। यसका लागि हामी आज काम गरिरहेका छौं र भोलिका लागि मार्ग निर्देशन प्रदान गर्न सफल हुनेछौं। नेपालले दक्षिण एशियामा मानव अधिकारको क्षेत्रमा नेतृत्व प्रदान गर्नुपर्छ। हाम्रो यो विशेष अवधारणा पनि रहेको छ भन्ने मनसाय श्री प्याकुरेलले प्रकट गर्नुभयो।

- गाउँमा मानव अधिकार

प्रशिक्षणकै क्रममा संयोजक सुशील प्याकुरेलले - "मानव अधिकारको अवधारणा र कार्यक्रम लिएर अहिले हामी गाउँ-गाउँमा प्रवेश गरिरहेका छौं। मानव अधिकार संरक्षण र उपभोग प्रेरणाको दृष्टिकोणले यो कार्यक्रम विश्वमै नमूना र अद्वितीय कदमको रूपमा उल्लेख्य भएको छ। हाम्रो प्रशंसा र काम गर्ने तरिकाको सिको विश्वका धेरै राष्ट्रहरू गर्न चाहन्छन्। तर पनि हामीले चाहे जति राम्रो काम गर्न सकेका छैनौं, भन्ने ओजपूर्ण मूल्याङ्कन श्री प्याकुरेलको रहेको थियो।

- इन्सेक र मानव अधिकार

मानव अधिकार सम्बन्धी कार्यको लागि इन्सेकले गरिरहेका कार्यहरूले मानव अधिकार सम्बन्धी कामलाई अन्तर्राष्ट्रियकरण गर्न प्रेरणा दिएको छ भने यसो नगरी विजय प्राप्त गर्न नसकिने धारणा प्रस्तुत गरेको छ। प्रशिक्षणकै क्रममा प्याकुरेलले राख्नुभयो।

"मानव अधिकार संरक्षण मञ्च" को समूह कार्यकारिणी मार्फत विदेशीहरूसँग प्रत्यक्ष सम्पर्क गर्न गाह्रो र व्यवस्थित हुन नसकेकोले अध्ययन र रिपोर्टिङ्ग गर्ने काम लिई अनौपचारिक क्षेत्र अध्ययन केन्द्र खोलिएपछि शुरू भएको कार्यले नेपाली समाजको बारे अध्ययन, जेल प्रलेख, बन्दी प्रलेख र राजनीतिक दलको स्थितिको बारे व्यापक अध्ययन इन्सेकले सम्पन्न गऱ्यो भने एक विशुद्ध सामाजिक संस्थाको रूपमा विकसित पनि भयो।" श्री प्याकुरेलको धारणा रहेको छ।

वक्तव्यकै क्रममा "इन्सेकलाई मानव अधिकार क्षेत्रमा काम गर्ने सिलसिलामा पैसा वा सहयोग जुटाउने, समर्थन जुटाउने, क्रियाशील व्यक्तिहरू संगठन निर्माण गरी जनशक्ति तयार गर्ने अभिभारा उत्पन्न भएको छ। हाल सञ्चालन भइरहेको मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रमलाई चुस्त र गतिशील बनाउने सन्दर्भमा इन्सेकले विविध प्रकाशनहरू उपलब्ध गर्ने तालिम तथा आर्थिक सहयोगको बन्दोवस्त पनि मिलाउँदै आएको छ जस्ता विचारहरू उहाँको थियो। उहाँका अनुसार यो कार्यक्रमबाट पीडित जनतालाई साँच्चिकै सहयोग पुऱ्याउने संस्थाको रूपमा इन्सेक अगाडि आएको छ भने पीडित तथा तल्ला तहका जनताहरूमा पानी, शिक्षा, स्वास्थ्य पनि जन्मसिद्ध अधिकार हुन् र अधिकार प्राप्तिको लागि जनता शक्तिशाली हुनुपर्छ भन्ने सन्देश जनता सामू पुऱ्याउने जमर्को इन्सेकले गरिरहेको छ।" प्रशिक्षण वक्तव्यको अन्त्यमा उहाँले महिलाहरूको समस्या र सांसदहरूको यस क्षेत्रप्रतिको अस्पष्ट धारणाप्रति चिन्ता पनि व्यक्त गर्नुभयो।

पहिलो दिन

दोश्रो सत्र

यो सत्रमा नवीन शर्माले मानव अधिकार हननका रोकथाममा जनताको भूमिका बारे प्रशिक्षण प्रदान गर्नुभयो। सो अवसरमा उहाँद्वारा प्रदान गरिएको प्रशिक्षण वक्तव्यमा उल्लिखित महत्वपूर्ण बुँदाहरू निम्नानुसार छन् -

- मानव अधिकारका दृष्टिले जनताहरूका स्थिति निम्न स्तरका हुन्। उनीहरू असहाय, शोषित, उत्पीडित र अत्याचारको चपेटामा छन्।

- जनताका समस्याप्रति चासो राख्ने र समाधानको लागि मद्दत गर्ने वर्ग वुद्धिजीवी वर्ग हो।

अहिले विश्व परिवेशमा जनताहरूले बाँचेका वा अभ्यास गरिरहेका परिवेशहरू संयुक्त राष्ट्र संघीय घोषणापत्र अनुसार निम्न दुई छन् -

(क) प्रजातान्त्रिक परिवेश (Democratic Situation)
(ख) अप्रजातान्त्रिक परिवेश (Undemocratic Situation)

प्रजातान्त्रिक परिवेशमा मानव अधिकार संरक्षणको मुख्य सहायक संविधान ऐन, कानून हुन्छ। तर अप्रजातान्त्रिक परिवेशमा त्यो पनि सम्भव हुँदैन।

सैद्धान्तिक रूपमा मानव अधिकार उल्लङघनको नियन्त्रण र रोकथामका उपायलाई दुई रूपमा हेर्न सकिन्छ :

(१) कानूनी (Legal remedies)
(२) अकानूनी उपाय (Meta-legal remedies)

(१) कानूनी उपायमा वकिलको संलग्नता हुन्छ र प्रचलित कानूनको प्रयोग गरिन्छ। यस्तो उपायमा न्यायिक संस्थाको बढी महत्व हुन्छ। तर यस्तो उपाय धेरै खर्चिलो र अशिक्षित समुदायमा अर्थहीन हुन जान्छ। तर अधिकांश अवस्थामा यो उपाय सम्भव भएको देखिदैन।

(२) कानूनी उपायको जन्मदाता नै अकानूनी उपाय हो। तसर्थ मानव अधिकार प्राप्त गर्ने क्रममा कानूनी भन्दा अकानूनी उपाय माथि हुन्छ। अकानूनी उपाय कानूनको दायराभित्रै हुन्छ तर कानूनमा उल्लेख भने हुँदैन।

सचेतनताको अभिवृद्धि, समस्याको सार्वजनिकीकरण, सम्बन्धित व्यक्ति, निकाय वा संस्थालाई समस्याप्रति आकर्षित गर्नु, विकास र परिवर्तनको लागि पूर्वाधार तयार गर्नु अकानूनी उपायका उद्देश्यहरू हुन् भने बुद्धिजीवी र उत्पीडित वर्गबीच भेटघाट वा छलफल गर्नु, चिट्ठी-पत्र आदान-प्रदान एवं प्रतिनिधि मण्डल पठाउनु, सम्बन्धित निकायको ध्यानाकर्षण गर्नु र पीडितलाई सहानुभूति प्रदान गर्नु, प्रकाशन गरी समस्यालाई व्यापकता दिनु, सांकेतिक हडताल गर्नु अकानूनी उपायका स्वरूपहरू हुन्। साथै एकता जुटाउनु, सामूहिक प्रयास, संख्यात्मक शक्ति, शान्तिपूर्ण प्रयास गर्नु, मानव अधिकारसंग सम्बद्ध सामाजिक र राजनैतिक संघ संस्थाहरूको बारे जानकारी राख्नु, अन्तर्राष्ट्रिय मानव अधिकार संघ-संस्थाबारे जानकारी राख्नु अकानूनी उपायका अत्यावश्यक कुराहरू हुन्।

पहिलो दिन
तेश्रो सत्र

यस सत्रमा विद्यासागर घिमिरेले मानव अधिकार कार्यकर्ताले मानव अधिकारका सङ्घर्ष र उपलब्धि बारे प्रशिक्षण वक्तव्य अभिव्यक्त गर्नुभयो। आफ्नो वक्तव्यको क्रममा उहाँले "मानव अधिकार उपभोगबाट वञ्चित भएमा मनुष्य रहन्न, पशु समान हुन्छ र अस्तित्व नै समाप्त हुन्छ भन्दै मानव समुदायले सम्मानित र सभ्य जीवन प्राप्तिको लागि दास विद्रोह, इशुक्रिष्ट विद्रोह, बेलायती, फ्रान्सेली तथा रसियाली क्रान्ति भएको र मेग्नाकार्टा, वील अफ राइट, संयुक्त राष्ट्र संघीय मानव अधिकार घोषणा-पत्र मार्फत क्रमशः अधिकारहरू व्यवस्थित गर्न सकेको कुरा बताउनु भयो।

उहाँले प्रशिक्षणको क्रममा शान्ति नभई विकास सम्भव हुन्न भन्नुभयो।

पहिलो दिन
चौथो सत्र

चौथो सत्र शुरू हुनुअघि सहभागीहरूबीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो।

चौथो सत्रमा ग्रामीण इलाकामा "मानव अधिकार" को स्थिति विषयमा छलफल सञ्चालन भयो। छलफलको शुरूमा संयोजक सुशील प्याकुरेलले ग्रामीण इलाकामा मानव अधिकारको स्थिति विषयमा छलफल सञ्चालन गर्नु भयो र सचेतनको आवश्यकता माथि जोड दिनुभयो। सो अवसरमा मानव अधिकार कार्यकर्ताले पीडितहरूलाई सहयोग र उत्पीडकलाई दण्ड दिनु पर्छ र सोको लागि प्रयास गर्नुपर्छ भन्नुभयो। उहाँले समाजमा धर्म, जाति, क्षेत्र, लिङ्गको

आधारमा भेदभाव हुन्छ र कानून निर्माताहरूको दृष्टिकोण पनि भेदभाव र पक्षपातपूर्ण हुन्छ भन्नु भयो ।

यसभन्दा अघि सहभागीहरूलाई चार समूहमा विभाजन गरी "ग्रामीण इलाकामा मानव अधिकारको स्थिति" कार्यशाला छलफल भयो । सो छलफलमा प्रत्येक समूहले आ-आफ्नो क्षेत्रमा भएको मानव अधिकारको स्थितिलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डका आधारमा तुलना गरी रिपोर्टको रूपमा पेश गऱ्यो । प्रत्येक समूहको टोली नेता महिलालाई चयन गरिएको थियो । तर समूह १ मा महिला सहभागी नभएकोले पुरूषलाई टोली नेता चयन गरिएको थियो ।

प्रत्येक टोलीबाट पेश गरिएको रिपोर्टहरू प्रायः समान प्रकारका थिए । ग्रामीण समुदायले भोगिरहेका स्थितिलाई निम्न प्रकार बुँदागत गरिएको थियो ।

(१) आस्थाको दृष्टिले भेदभावपूर्ण व्यवहार ।
(२) जात, जाति, लिङ्ग, धर्म, पेशा र राजनीतिको दृष्टिले भेदभाव । जस्तोः छुत-अछुत जाति, महिला-पुरूष, हिन्दु-मुसलमान, कांग्रेस-कम्युनिष्ट आदि ।
(३) शान्ति सुरक्षाको ग्यारण्टी नभएकोले हत्या, बलात्कार, लुटबाट पीडित हुनु पर्ने ।
(४) कमैया, दास, बँधुवा प्रथा कायम रहेको ।
(५) पहाडतिर जारी प्रथा । श्रीमती अर्कोले लगेवापत पैसा असूल गर्ने र झुमा प्रथा (लेकमा गुरूङ्ग तथा भोटेहरूमा माइला-माइलीले विवाह गर्न नपाउने र लामा बन्नु पर्ने) कायम रहेको ।
(६) पुलिस हिरासतमा अमानवीय यातना र विनाकारण पुर्जी काटिने गरेको ।
(७) कानूनले भेदभाव गरेको । निर्दोष व्यक्ति सँजायको भागी बन्नु परेको ।
(८) व्यक्तिगत गोपनीयताको ग्यारण्टी हुने नगरेको । (चिठी-पत्र)
(९) नागरिकताको प्रमाणित अधिकार प्राप्त गर्ने सरल उपायको व्यवस्था नभएको ।
(१०) बयस्क स्त्री-पुरूषको विवादमा अनावश्यक हस्तक्षेप हुने गरेको ।
(११) सरकारी जागिरमा प्रवेश हुन भेदभावपूर्ण व्यवहार हुने गरेको ।
(१२) स्वतन्त्रतापूर्वक मत प्रयोग गर्ने वातावरण कायम नभएको ।
(१३) आवश्यक स्वास्थ्य उपचारको व्यवस्था नभएको ।
(१४) परित्यक्त बाल-बालिकाको संरक्षण हुन नसकेको ।
(१५) बाल मजदूर समस्या यथावत रहेको ।
(१६) छोरी बेच्ने प्रचलन ।

दोश्रो दिन

पाँचौ सत्र

दोश्रो दिनको आरम्भ सत्रमा अधिवक्ता पवनकुमार ओझाले "नेपालको संविधान र मानव अधिकार" शीर्षकमा आफ्नो प्रशिक्षण वक्तव्य शुरू गर्नुभयो । उहाँका वक्तव्यमा उल्लिखित महत्वपूर्ण बुँदाहरूलाई यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

संविधान मूल कानून हो । राष्ट्रको जीवन पद्धति संविधानले तोकेको हुन्छ । संविधानमा जनताका मौलिक तथा अन्य हक अधिकारहरू तोकिएका हुन्छन् जसलाई मानव अधिकार भनिन्छ । प्रजातान्त्रिक सरकारमा मानव अधिकारको सम्मान पालन र प्रचलन हुन्छ । नभए युद्ध, अशान्ति र असन्तुलन हुन्छ । संविधानले निर्वाचन प्रक्रिया, अधिकार, अंगहरूका बारे व्याख्या गरेको हुन्छ । तसर्थ संविधान विना सरकार नै चल्दैन ।

यसर्थ जनताले आफ्ना हक अधिकारहरू सुनिश्चित गरिएका संविधान प्राप्तिको लागि थुप्रै सङ्घर्ष गरिसकेका छन्। सोही अनुरूप नेपालमा पनि अन्तिम पटक २०४६ सालमा भएको आन्दोलनले नेपाल अधिराज्यको संविधान २०४७ उपलब्ध गरेको छ। यो संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ।

सोही सन्दर्भमा श्री झाले आफ्नो धारणा यसरी व्यक्त गर्नु भयो। नेपाल अधिराज्यको संविधानको धारा ११ देखि धारा २३ सम्म मूलभूत अधिकारको व्यवस्था गरिएको छ। उक्त अधिकारहरूमध्ये समानता, स्वतन्त्रता, छापाखाना र पत्र-पत्रिका सम्बन्धी, फौजदारी न्याय सम्बन्धी, निवारक नजरबन्दी, सूचना, सम्पत्ति, संस्कृति तथा शिक्षा, धर्म सम्बन्धी, शोषण विरूद्ध, देश निकाला विरूद्ध, गोपनीयता र संवैधानिक उपचारको हकहरू पर्दछन्।

वक्तव्यकै क्रममा मानव अधिकारलाई व्यक्तिका विरूद्ध संरक्षण गर्न सकिन्न, राज्यको विरूद्ध संरक्षण गर्न सकिन्छ उहाँले भन्नुभयो। त्यसैगरी नागरिकता, मौलिक हक, निर्देशक सिद्धान्त, राजाको स्थिति, राजपरिषद र राज्यका अंगहरू बारे व्याख्यान दिनुका साथै आफ्नो र समाजको हितको निम्ति मौलिक तथा मानव अधिकार सीमाहीन छैनन् भन्ने कुरामा श्री झाले जोड दिनु भयो। त्यसैगरी संकटकालीन अधिकार, हकको प्रचलन, बन्दी प्रत्यक्षीकरण, प्रकाशन सम्बन्धी अधिकार र फौज्दारी न्याय सम्बन्धी अधिकारका बारे उहाँबाट व्याख्या भयो।

कार्यक्रमा बीचको विश्राम पछि उहाँले आफ्नो प्रशिक्षण निरन्तर राख्दै व्यक्तिगत तथा सामूहिक (समाज) को हकबारे बताउनुका साथै संविधान एकै पटक बन्छ र संसद्ले परिवर्तन गर्न सक्तैन, तर मुलुकी ऐन संसद्ले बनाउँछ भन्ने महत्वपूर्ण जानकारी दिनु भयो। "समानता भन्नाले कानूनको दृष्टिमा सबै समान हुनु र समान संरक्षणको व्यवस्था हुनु हो।" भन्ने उहाँको अभिप्राय थियो। सोही सन्दर्भमा अपराधको सिद्धान्त, टनकपुर विवाद र अन्य राष्ट्रिय अधिकारहरू बारे उहाँले विस्तारमा व्याख्या गर्नु भएको थियो।

दोश्रो दिन

छैठौं सत्र

यस सत्रमा विकास कार्यकर्ता देवकी श्रेष्ठले गाउँमा "बैठक कसरी सञ्चालन गर्ने ?" भन्ने शीर्षकमा प्रशिक्षण प्रारम्भ गर्नु भयो।

सो सन्दर्भमा "बैठक गरिनुभन्दा पहिले बैठक के हो ? किन गरिन्छ ? कसरी सञ्चालन गरिन्छ ? भन्ने बारे जानकारी हुनु पर्छ। बैठकमा उद्देश्य, योजना र कार्यक्रम स्पष्ट हुनुपर्छ" भन्ने बैठकबारे उहाँको धारणा रहेको थियो। बैठकका मूल सिद्धान्तहरूमा निश्चित विषय, निश्चित व्यक्ति, योजनाबद्ध प्रक्रिया, समाधान आदि पर्दछन्। र बैठक सञ्चालन गर्न बैठकको उद्देश्य, सहभागी, समय-अवधि, स्थान सुविधा, बैठकका बुँदाहरू, दिन, ठिक तथा वेंठिक कुराहरूबारे उहाँले प्रशिक्षण प्रदान गर्नु भयो।

गाउँमा सञ्चालन गरिने बैठकको नमूना प्रदर्शन गर्ने उद्देश्यले भूमिका अभिनय प्रदर्शन (Role Play) को क्रम आयो। सो समयमा सम्पूर्ण सहभागी संख्यालाई ४ समूहमा विभाजन गरिएको थियो। आफ्नो स्थानबाट क्रमशः १, २, ३, ४ भन्दै गई पुनः सोही क्रम दोहोऱ्याउँदा १, १ एउटा समूह २, २ अर्को समूह गरी ४ समूहको निर्माण भयो।

प्रत्येक समूहहरू निम्न प्रकार बनेका थिए ।

पहिलो समूह (१)

क. दशरथ बुढाथोकी - सुदूर पश्चिमाञ्चल
ख. कृष्णबाबु श्रेष्ठ - लमजुङ्ग
ग. तुलसा थापा - बाँके
घ. खगेन्द्र उप्रेती - डडेल्धुरा
ङ. नरेश श्रेष्ठ - डोटी
च. नन्दबहादुर बि.क. - बाँके
छ. मुगा वगवान - बाँके
ज. माया थापा - बाँके
झ. लक्ष्मी शाह - अछाम
ञ. जगवहादुर -
ट. लीलाराज वोगटी -

दोश्रो समूह (२)

क. विश्वराज पाण्डे - पर्वत
ख. मनकृष्ण अधिकारी - स्याङजा
ग. कृष्णकुमार श्रेष्ठ - डोटी
घ. केदार नेउपाने - मध्य पश्चिमाञ्चल
ङ. विष्णु लम्साल - पर्वत
च. चूडामणि रेग्मी - प्युठान
छ. जयन्ती नेगी - बैतडी
ज. लक्ष्मी बि.सी. - सुर्खेत
झ. प्रेम कुमारी रेग्मी - स्याङजा

तेश्रो समूह (३)

क. लीलाध्वज बस्नेत - कञ्चनपुर
ख. जानकी चौधरी - कञ्चनपुर
ग. यज्ञप्रसाद गैह्रे - स्याङजा
घ. पूर्ण बोहरा - लमजुङ्ग
ङ. भगवती श्रेष्ठ - पर्वत

चौथो समूह (४)

क. नरेश राना - बर्दिया
ख. गीता अधिकारी - सुर्खेत
ग. मोतीलाल खनाल - अर्घाखाँची
घ. रामचन्द्र थापा - बर्दिया

ङ. बिजयसिंह थसुक - बैतडी
च. बिना खड्का - डडेलधुरा
छ. कुलराज घिमिरे - पश्चिमाञ्चल
ज. ज्ञानु थापा - बर्दिया
झ. कमल सिंठगुन्ना - डडेलधुरा

समूह विभाजन पश्चात् रोल प्लेका लागि प्रत्येक समूहमा छलफल भयो। छलफल र भूमिका चयनको लागि १५ मिनेट समय प्रदान गरिएको थियो। छलफल र भूमिका चयनको क्रम समाप्त भएपछि पहिलो समूह मञ्चमा उत्रियो। पहिलो समूहले "गाउँमा सचेतन कार्यक्रम" सम्बन्धी त्यहाँ मानव अधिकार कार्यकर्तालि भोग्नु पर्ने कठिनाइबारे छर्लङ्ग रूपमा प्रदर्शन गरेको थियो। पहिलो समूहले तोकिएको भन्दा लामो समय लिएकोले सबै समूहले मञ्चन गर्ने सम्भावना रहेन। पहिलो समूह पश्चात् चौथो समूहले जारी प्रथा सम्बन्धी गाउँ भेलाको प्रदर्शन गऱ्यो। दुबै प्रदर्शनहरूलाई सफल ठानिएको थियो।

छैठौं सत्रमै प्रशिक्षक देवकी श्रेष्ठले कार्यशाला व्यवस्थापनबारे तालिम दिनु भयो। यस क्रममा कार्यशाला व्यवस्थित ढंगले चलाउने तरिकाहरूबारे वोध गराउनु भयो। अन्त्यमा कार्यशाला नमूनाको प्रयोगात्मक कक्षा संपन्न गरिएको थियो।

यस कक्षामा अघि नै विभाजन गरिएको ४ वटा समूहमध्ये समूह "२" र समूह "३" लाई धरहरा बनाई प्रदर्शन गर्ने जिम्मा दियो। प्रत्येक समूहमा १/१ पर्यवेक्षकको पनि व्यवस्था गरिएको थियो।

सहभागीहरूलाई निश्चित समय अवधि प्रदान गरी आवश्यक सामग्रीहरू (कैंची, टेप, कार्डवोर्ड, साइनपेन) उपलब्ध गराइएको थियो। सो क्रियाकलापमा सहभागीहरूका सक्रियता र चासो के कस्तो हुन्छ ? सबै निरीक्षण गर्ने अभिभारा पर्यवेक्षकको थियो। निश्चित र तोकिएको समयभित्र समूहले आ-आफ्नो काम तयार गरी बुझाएको थियो। तयारी सामग्रीलाई सबैको सामु राखी क्रमशः समूह २ र समूह ३ का पर्यवेक्षकले समीक्षा गर्नु भयो। समीक्षा रोचक वातावरणमा सम्पन्न भयो। यस प्रकार छैठौं सत्र पनि समाप्त भयो।

तेश्रो दिन

सातौं सत्र

तेश्रो दिनको प्रथम चरणमै इन्सेकका कार्यक्रम निरीक्षक शिवहरि दाहालले "मानव अधिकार हनन र तथ्य संकलन" विषयमा प्रशिक्षणको थालनी गर्नु भयो।

प्रशिक्षणको क्रममा सूचना शक्ति हो (Information is Power) भन्दै बौद्धिक विकासका लागि र सम्बन्धित क्षेत्रलाई दवाब दिनका लागि सूचनाको ज्यादै ठूलो महत्व छ भन्नुभयो। यस प्रसङ्गमा मानव अधिकार हनन भइरहेको क्षेत्रमा सूचना संकलन गर्ने तरिकाहरू सिकाउँदै ५ वटा W (Who? What? Where? When? Why?) र एउटा H (How?) आवश्यक हुन्छन् भन्नु भयो।

सूचना संकलनका लागि (तथ्य) सहायक होस् भनी इन्सेकले केही फर्मेटहरू तयार पारेको छ भन्ने कुरा बताउँदै ती फर्महरू कसरी भर्ने ? बारे पनि सिकाउनु भयो। तथ्य संकलनका लागि संकलनकर्तालि घटनाको पूर्ण विवरण, प्रशासनको भूमिका, घटना घटेको स्थान पीडितहरूको किसिम, घटनाको किसिम, पेशा, हालको स्थिति, नाता सम्बन्ध, स्रोतको किसिम आदिबारे तथ्यगत जानकारी लिनु पर्ने कुरा बताउनु भयो।

सोही सन्दर्भमा पूर्व गठित ४ वटा समूहलाई स्वोटाङ्ग गोली काण्डको सर्वेक्षण पत्रको आधारमा तथ्य संकलन फारम भर्न लगाइएको थियो। निश्चित समय अवधिमा प्रत्येक समूहका टोली नेताले आफूद्वारा भरिएको तथ्यगत विवरण सुनाउनु भयो।

अन्त्यमा शिवहरि दाहालले प्रत्येकको समीक्षा गर्नु भएको थियो।

तेश्रो दिन
आठौं सत्र

यस सत्रमा बाँके जिल्लाका प्र.जि.अ. उषा नेपालले "मानव अधिकार र विकास" शीर्षकमा प्रशिक्षण प्रवचन प्रदान गर्नुभयो। "प्रशिक्षण प्रवचनकै क्रममा "एउटालाई अधिकार दिलाउन स्वोज्दा अर्काको अधिकार हनन हुने समस्या रहन्छ" उहाँले भन्नु भयो। ग्रामीण विकासको एउटा पक्ष शैक्षिक विकास पनि हो। गरीबी अशिक्षा, अनभिज्ञता मानिसका शत्रु हुन्। तसर्थ विकासमा आफ्ना अधिकार बारे जनतालाई सचेत गराउनु पर्छ भन्दै उषा नेपालले अधिकारका लागि सबै जनता सचेत हुनुपर्छ भन्ने धारणा अभिव्यक्त गर्नु भयो।

प्रवचनका क्रममा केही छलफलहरू भए। छलफलमा बाँके जिल्लाकै प्रतिनिधिहरूले ध्यानपूर्वक भाग लिए।

तेश्रो दिन
नवौं सत्र

नवौं सत्र अन्तिम सत्र पनि थियो। कार्यकर्ताहरूको निमित्त यो महत्वपूर्ण पनि थियो। यस सत्रमा कार्यक्रम अधिकृत प्रमोद काफ्लेले सचेतन कार्यक्रमका सैद्धान्तिक पक्ष र व्यावहारिकताहरू बारे प्रष्ट पार्नुभयो।

प्रमोद काफ्लेको प्रवचन मुख्यत ग्रामीण समुदायमा सचेतनका कार्यक्रम ल्याउनुका उद्देश्यहरू, कार्यक्रममा उत्पन्न कठिनाइहरू, भोगाइहरू र केही व्यावहारिक कामहरूका बारे सबैलाई जानकारी गराउनु भयो।

उहाँले हाल इन्सेकद्वारा सञ्चालित भइरहेका मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रममा चलिरहेका गतिविधि बारे समीक्षा गर्दै कार्यक्रमको स्वरूप र ढाँचा बताउनु भयो भने सोही क्रममा २५ जिल्लामा जिल्ला सक्रिय समूह र ८३ इलाकामा इलाका समूह गठन भएको, जिल्ला सक्रिय समूहमा ७१ महिला र १८१ पुरूष संगठित भएका, त्यस्तै इलाका समूहमा २५८ महिला र ६०१ पुरूष, जिल्ला समूहमा २५५ र इलाकामा ८५९ जनाको सक्रियता भइरहेको जानकारी पनि दिनु भयो।

कार्यक्रमको गति र सक्रियता बारे बताउँदै कार्यक्रमको औचित्य र कार्यकर्ताको दायित्वबारे पनि उहाँले प्रशिक्षण प्रदान गर्नुभयो। मानव अधिकार कार्यकर्ताको सचेतनताको विकास गर्ने, श्रृजनात्मक संलग्नता राख्ने, मानव अधिकारको संरक्षण गर्ने तीन प्रमुख दायित्व हुने कुरा बताउँदै सम्पूर्ण कार्यकर्ता आफ्नो लक्षप्रति दृढ रहनु पर्ने विचार श्री काफ्लेले व्यक्त गर्नु भयो।

खण्ड २
मानव अधिकारः संघर्ष र उपलब्धि

- विद्यासागर घिमिरे

सभ्यताको शुरूवातदेखि नै मनुष्यले आफ्नो अधिकारहरूकालागि संघर्ष गर्दै लड्दै अगाडि बढेको पाइन्छ। उसले आफ्नो अस्तित्वकालागि, आफू जिउनकालागि, जीविकालागि, आफ्नो सुरक्षाकालागि शताब्दीयौंदेखि प्रकृति, जनावर र मनुष्यसंग नै पनि लड्दै, संघर्ष गर्दै आएको लामो इतिहास हामी पढ्दछौं।

मानिस विवेकशील प्राणी हो, ऊ मानिस भएर बाँच्न चाहन्छ। त्यसैले मनुष्यले मनुष्य भै जवसम्म बाँच्ने अधिकार प्राप्त गर्दैन तवसम्म उसका संघर्षहरू निरन्तर नै कायम रहन्छन्। किनकि मुनष्यले मनुष्य भै बाँच्ने अधिकार जन्मदै लिएर आएको हुन्छ। यी अधिकारहरू यदि उसवाट खोसिन्छन् भने ऊ मनुष्य कहलाइँदैन। जनावर र उसमा केही अन्तर रहदैन, मनुष्यका लागि मनुष्य जीवन असम्भव नै हुन्छ। मैले अघि भनिसकें - मनुष्य एउटा विवेकशील प्राणी हो। त्यसैले ऊ आफ्नो विवेकलाई उपयोग गरेर के ठिक, के बेठिक, के राम्रो, के नराम्रो, के असल के खराव, के जायज के नाजायज तुरून्त छुट्याउन सक्छ र सोच्न पनि सक्छ। उसका आधारभूत अधिकारवाट यदि वञ्चित गराइएमा ऊ विद्रोह गर्छ, आफ्नो अधिकारहरू पुनः प्राप्ति गर्नका लागि ऊ संघर्ष गर्दछ, अन्ततः उ तड्पिन्छ, छटपटाउँछ, र केही नलागे अन्तमा हतियार उठाएर विद्रोह गर्दछ। उसले एउटा विष्फोटनको स्थिति पैदा गरिदिन्छ। प्रलयको स्थिति सृजना गरिदिन्छ। आफ्नो जीवनको आहुति दिन पनि पछि पर्दैन आफ्नो अधिकार प्राप्तिकालागि। यो सत्य हो , इतिहासले यी कुराहरू गरेर प्रमाणित देखाइसकेको छ।

अव हामी अनुमान गरौं कि मनुष्यको अधिकारहरू कतिसम्म संवेदनशील हुंदा रहेछन्।

त अव प्रश्न उठ्छ, मनुष्यका अधिकार के हुन त ? यो बढो सजिलो कुरा हो। सामान्य भाषामा भन्ने हो भने मनुष्यले मनुष्य भै इज्जत साथ आफू खुसीले बाँच्न पाउनु के मानव अधिकार हो। यदि तपाइ हामीलाई कसैले तँ हाँस्न पाउँदैनस, तँ वस्न पाउँदैनस्, तँ खान पाउँदैनस्, बाँच्न पाउँदैनस्, आफ्नो सुरक्षा पाउँदैनस्, भन्यो भने हामीलाइ कस्तो लाग्ला ? र त्यसको प्रतिकारका लागि हामी के कस्ता कदम चाल्छौं होला ? स्पष्ट छ। त्यसको सुरक्षाका लागि हामी कुनै पनि उपायहरू अपनाउन तयार हुन्छौं, किनकि त्यो त जीवन मरणको सवाल हुन जान्छ। ती त हाम्रो जीवनका लागि नभै नहुने अति सामान्य अधिकारहरू हुन्।

मानिस विवेकशील वा चेतनशील प्राणी हो। त्यसैले ऊ सँधै आफ्नो प्रगति-पथको बारेमा चिन्तन मनन गरिनै रहेको हुन्छ। ऊ आफ्नो प्रगति भइनै रहेको देख्न चाहन्छ। यसको लागि उसले आफ्नो विवेक, जान सीपलाई प्रयोगमा ल्याउँछ र ऊ सदैव प्रगति-पथतिर लम्कन खोज्दछ। यसको लागि उसलाई उपयुक्त वातावरणको खाँचो हुन्छ, ऊ त्यही उपयुक्त

वातावरणको खोजीमा तल्लीन हुन्छ। यदि उसले खोजेको वातावरण यसवाट वञ्चित गरिएमा उसको प्रगतिमा अवरोध आउँछ। मानवीय सभ्यताको क्षति हुन पुग्छ। मानिसको इतिहासमा धब्बा लाग्न सक्दछ।

मानिस जुन वातावरणवाट वञ्चित गराइएको छ, त्यस प्राप्तिका लागि भौंतारिन थाल्छ र भौंतारिने क्रममा उसले त्यसको प्राप्तिको लागि अन्तत हतियार उठाएर परिस्थितिसंग सामना गर्न पनि खोज्दछ।

मानव अधिकारका कुरा मानिसले अहिलेको युगमा आएर मात्र उठाउन थालेको होइन। यसका लागि मानिसले गरेको संघर्षको लामो इतिहास छ। अहिले मानव अधिकार सम्वन्धी अवधारणको दायरा सायद केही फराकिलो भएर आएको होला, यो त समय अनुसारका कुराहरू हुन्। तर आधारभूत कुरा त पहिले पनि उही थिए र अहिले पनि उही नै छन्।

अव आउ हामी एक पटक इतिहासतिर पनि आँस्वा लगाइ मानव अधिकारकालागि के कस्ता घटना, प्रयास, विद्रोहहरू का गाथा हाम्रै पुर्खाले कोरेर गए। हुनत यस किसिमका आवाज उठाउनेहरूलाई दमन र हत्या नगरिएको पनि होइन, तापनि मानव अधिकार प्राप्तिका लागि संघर्ष गरिएका गाथाहरू भने अवश्य पनि आदरणीय र मननयोग्य छन्। हरेक शताब्दीमा यस्ता संघर्ष र विद्रोहहरू भएका छन्। महापुरूषहरू जन्मेका छन् आफू मेटिएर गएका छन् तर जनताकालागि केही गरेर गएका छन्, केही दिएर गएका छन्।

मानव अधिकार अभियान भनेको एक अर्को अर्थमा भन्ने हो भने हुने र नहुने वीचको एउटा लामो लडाई पनि हो। ठूलाले सानालाई, गोरेले कालेलाई, धनीले गरीबलाई, शासकले जनतालाई सम्पन्न राष्ट्रले गरीवलाई राष्ट्रलाई, महाशक्तिले संसारलाई हमेसा शोषण गर्दै आएको छ। शासन गर्दै आएको छ। यसरी सक्नेले नसक्नेलाई, बलियोले दुर्वललाई, शोषण गर्दै उसका अधिकारहरू सीमित गर्दै ल्याएका छन्। यो अन्याय हो, तर प्रकृतिको सायद नियमनै होला अधिकारहरू कसैले कसैलाई त्यसै दिदैन। संघर्ष गरेर नै आफ्ना अधिकारहरू सुरक्षित राख्नु वाहेक अर्को विकल्प देखिदैन।

आउँ अव हामी एकैछिन इतिहासमा सुरक्षित रहेका मानव अधिकारकालागि अतीतमा लडिएका घट्ना, संघर्ष, विद्रोह र आन्दोलनहरूबारे जानकारी लिउँ।

तपाइँलाई म महामानवसंग परिचय गराउँछु जसले आफ्ना अधिकारकालागि विद्रोह गरे र संसारलाई नै एक पटक स्तब्ध पारिदिएका थिए।

दास विद्रोह

क्राइष्ट जन्मनुभन्दा ७२ बर्ष अगाडिको कुरा हो। त्यसताका रोमको सभ्यता चुचुरोमा पुगेका थियो। रोम चारैतिर फैलिएको थियो। रोमन सभ्यता भनेको एउटा सुसम्पन्न र सुसभ्य मानिन्थ्यो। रोमन हुन त्यहाँका मानिस आफूलाई गौरवान्वित सम्झन्थे। रोमन भनेको उच्चस्तरका जाति, सम्पन्न सभ्य, साहसी, दृढ र सान्त स्वभावका संसारमा सवै भन्दा श्रेष्ठ जाति हुन् भन्ने पनि ठानिन्थ्यो।

रोममा त्यसताका दासदासीको चलन चरम-चुलीमा पुगेको थियो। दास-दासी राख्नुमा प्रत्येक रोमनहरू गौरव मान्थे। ती दास-दासीहरूलाई मानिसको दर्जामा राखिएको थिएन। उनीहरू मालिकका सम्पति हुन्थे। मालिकले बेच्न पनि सक्थ्यो मार्न पनि सक्थ्यो। उनीहरूको स्थिति जनावरभन्दा दयनीय थियो। " चल्ता फिर्ता औंजार" भन्ने गरिन्थ्यो यी दासदासीहरूलाई।

रोमको कापुवा भन्ने शहरमा एउटा "गलेडियटर" लडाउने अखडा थियो। यस अखडामा शक्तिशाली दासहरूलाई खुवाएर एक अर्कासँग लडाउन राखिन्थ्यो। यो लडेको खेल हेर्न विभिन्न ठाउँवाट मानिस यहाँ आउने गर्थे। यो खेल विचित्रको थियो। त्यमे युद्ध

गलेडिएटरहरूबीच हुन्थ्यो। एकले अर्कोलाई मारिसकेपछि मात्र यो खेल समाप्त हुन्थ्यो। जीवनमरणको खेल थियो त्यो ।

यहाँ स्पार्टाकस भन्ने एउटा योद्धा दास पनि थिए। उनले आफ्नो र सवै साथीहरूको दयनीय स्थिति देखेका थिए। त्यस्तो कारागार जस्तो जीवनबाट उनी निस्कने प्रयत्न गर्न थाले ।

एकदिन उनले गोप्य रूपले आफ्ना छरिएका साथीहरूलाई संगठित गरेर विद्रोहको प्रारम्भ गरे । उनले आफ्ना अधिकार प्राप्तिका लागि ज्यानलाई बाजी थापेर शक्ति संकलन गरेकन थिए ।

इसुक्रिस्ट

त्यस्तै आजभन्दा २००० वर्ष अगाडि " इसुक्रिस्ट " ले मध्यपूर्वमा एउटा आन्दोलन चलाए। विभिन्न गरीव, दास, बँधुवा मजदूरहरूलाई उनले मुक्ति दिलाए। शान्तिपूर्वक अहिंसात्मक अभियान चलाए, धेरै शोषित पीडितहरूलाई अधिकार दिलाए। मानिसको मुक्तिका लागि उनले आफ्नो जीवन आहुति हाँसी हाँसी दिए।

मेग्नाकार्टा

ई.सं. १२१५ ताकका इंगलैण्ड राजा जोन द्वितीय साह्रै अत्याचारी भएर आएका थिए। उनको अत्याचारको सीमा नाघिसकेको थियो । अब अरू अत्याचार सहने पक्षमा जनता थिएनन्। उसको अत्याचारी शासनले जनता वाक्क भैसकेका थिए। अतिनै भएकोले जनता आफ्ना अधिकार प्राप्त गर्नका लागि जुर्मुराएका थिए । हतियार लिएर दरवार घेरे, राजा आत्तिए । जनताले राजाको अगाडि आफ्ना अधिकारको फेहरिस्त तेर्स्याए । पहिले त राजाले मानेनन् तर नमानेका जनताले उनैलाई सिध्याउने छन् भन्ने कुरा वुझेपछि उनले सोही चार्टर मा हस्ताक्षर गरे र जनतालाई अधिकारहरू सुम्पिदिए र आफू संवैधानिक राजा बने । त्यो घटनालाई स्वतन्त्रता र मानव अधिकारका लागि इतिहासमा नै ठूलो विजय मानिन्छ । इङ्गलैण्डका जनताले स्वतन्त्रता प्राप्त गरे । बेलायत र संसारको जनताका लागि स्वतन्त्रता र मानव अधिकारको पहिलो जग त्यसै घटनालाई मानिन्छ । यस चार्टरलाई वेलायतको संविधानको "बाइबल" पनि भनिन्छ ।

बील अफ राइट

सत्रौ शताब्दितिर बेलायतका राजा र जनताबीचमा विवाद बढ्दै चढ्दै जान्छ । विवाद बढ्दा वढ्दा गृहयुद्ध नै सुरू हुन्छ । दरवार पक्ष र जनताको बीचमा घमासान युद्ध चर्किन्छ । ई.सं. १६४२ मा राजा चार्ल्सलाई जनताले बन्दी बनाएर जनअदालतमा ल्याएर टाउको गिडेर मृत्युदण्ड दिएका थिए ।

ई. सं. १६६० मा चार्ल्स द्वितीयले पुन सत्ता समाल्छन् र सम्पूर्ण जन अधिकारहरू निलंवन गर्छन् र निरंकुश शासन चलाउन सुरू गर्छन् । ई.सं. १६८५ मा जेम्स द्वितीयले सत्ता सम्हाले पछि निरंकुशताकाको चरमसीमा नाग्दछ । अन्याय पराकाष्टमा पुग्छ ।

अनि जनताहरू आफ्नो संघर्ष जारीनै राख्न दृढता देखाउँछन्। जनता आफ्ना विद्रोहका विगुलहरू अझ सशक्त बनाउँदै अगाडि बढ्छन्। ई.सं. १६८८ मा राजा चार्ल्स द्वितीय सत्ताच्युत हुन्छन् र उनको ठाउँमा हल्याण्ड विलियम र उनकी छोरी मेरीलाई जनताले बेलायतको राजगद्दीमा ल्याएर राख्छन् र "बील अफ राइट" पास गराँउछन्। यस बीलमा भनिएको छ-

"सवैभन्दा शक्तिशाली जनतावाट चुनिएर आएको जनसमूहको संसद् हुन्छ।" यसकोलागि विभिन्न पाटौहरू बन्दछन्। त्यो घटना मानिसको इतिहासमा नै स्वतन्त्रता र मानव अधिकार प्राप्तिकालागि ठुलो गौरवको क्रान्ति मानिन्छ।

फ्रान्सिसी राज्यक्रान्ति

फ्रान्सका किसानहरू जमिन्दारहरूसंग आजित भइसकेका थिए। जम ीन्दारहरूको शोषण चरम सीमामा पुगिसकेको थियो। अर्कातिर राजा रानी र दरवारिया मोजमस्तिमा नै दिन विताउँथे। राष्ट्रिय ढुकुटीको दुरूपयोग भएको थियो। देश आर्थिक जर्जरताले पीडित थियो, सामाजिक असमानता व्यापक थियो। निरंकुश राजतन्त्रको निरंकुशताले सर्वत्र छाएको थियो

तसर्थ देशका सवै वर्गका जनता मिलेर राजालाई राज्य सभा बोलाउने आग्रह गर्दछन् जो सन् १६१४ देखि बोलाइएको थिएन। तर राजाले मानेन आनाकानी गरिरहेका थिए।

बिस्तारै बिस्तारै जन आक्रोश बढ्दै जान्छ। क्रान्ति शुरू भैसकेको हुन्छ। जनता राजनीतिक स्वतन्त्रता र स्वायत्तशासन चाहन्थे। जनताले राजालाई सुझावपत्र दिएका थिए जसमा भनिएको थियो - "न्याय व्यवस्था सुधार्ने, कर व्यवस्था समान गर्ने, मानव अधिकारको घोषणा गर्ने, गैरकानूनी गिरफ्तारी बन्द गर्ने" इत्यादि। संसद्द्वारा शासित बेलायतले देखाइदिएको थियो कि राजतन्त्र संसारबाट नै कमजोर भैसकेको छ। त्यो कुरा फ्रान्सका जनताले पनि आत्मसात् गरिसकेका थिए।

जनताद्वारा बास्तिकमा हमला हुन्छ। त्यसको पतन हुन्छ। त्यसको पतनले क्रान्ति अरू चर्किन थाल्छ। शताब्दियौदेखि निरंकुशता, अत्याचार, शोषण र दमनको पर्याय बनेको वास्तिकको पतन एउटा ठूलो विरोध थियो। त्यो नै निरंकुश राजतन्त्रमाथि लोकतन्त्रको प्रथम विजय थियो। त्यसको पतनले निरंकुश राजतन्त्रको जग हल्लियो।

सेनाले क्रान्तिकारीको साथ दिन थाले, अन्ततोगत्वा जनताले क्रान्ति सफल पारे। सन् १७८९ को फ्रान्सको क्रान्ति विश्वको इतिहासमा एउटा महत्वपूर्ण घटना बन्यो। त्यसले प्राचीन मान्यता र विचारहरूको अन्त्य गरेर स्वतन्त्रता,समानता र भातृत्व जस्ता मानवाधिकारका आदर्शहरूको जन्म दिन्छ। त्यसले शताब्दियौदेखि चल्दै आएको व्यवस्थाको अन्त्य गरेर एउटा यस्तो शक्तिको उत्पत्ति गऱ्यो जसको फलस्वरूप नयाँ सभ्यता र नयाँ समाज र नयाँ सँस्कृतिको जन्म भयो।

पेरिस कम्युन

यो पेरिसमा भएको कामदारहरूको एउटा आन्दोलन हो। यस आन्दोलन हुनुका कारणहरू निम्न प्रकारका छन् : जर्मनीसंग फ्रान्सले युद्ध हार्नु, दिगो राजनीतिक पद्धति धेरै लामो समयसम्म नहुनु, कामदार वा मजदूरहरू माथिको शोषण चरम सीमामा पुग्नु।

त्यसवेला एकपल्ट पेरिसका कामदारहरूले हतियार उठाएर सवै शक्तिकेन्द्रहरूलाई आफ्नो नियन्त्रणमा ल्याएका थिए।

मई आन्दोलन

यो पनि मजदूरहरूले आफ्नो हकहितका लागि लडेको लडाई हो। अमेरिकाको शिकागो भन्ने ठाउमा मजदूरहरूले कामको घण्टा घटाएर आठ घण्टा बनाउनपर्छ भनेर उठाएको

एउटा ठूलो कदम हो। यस आन्दोलनमा धेरै मजदुरहरू पुलिसको गोलीका शिकार भए। धेरै पक्राउ परे र पाँचजनालाई फाँसीको सजाय दिइयो। यसैकुराको सम्झनामा एक मईलाई श्रमिक दिवस भनेर पनि भन्ने गरिन्छ।

अक्टोवर क्रान्ति

सन् १९१७ मा रूसमा समानता र स्वतन्त्रताका लागि गरिएको क्रान्तिलाई भनिन्छ। वोल्सेविकहरूले यस क्रान्तिको नेतृत्व लिएको थियो। सवै शक्ति जनतालाई भन्ने नारासहित यो क्रान्ति अगाडि बढ्दछ। अन्त्यमा जनताले यो क्रान्ति सफल पार्दछ।

यसरी हामी के देख्छौ भने मानव अधिकार प्राप्तिकालागि मनुष्यले निमित्त समयमा विभिन्न प्रयास, संघर्ष, युद्ध गरेर मानव अधिकार प्राप्तिका लागि संघर्षका लामा गाथाहरू कोरेर अमर भएका छन्। यस्ता संघर्षहरू मानव अधिकार प्राप्तिकालागि सधै चलिनै रहने प्रक्रिया भएकोले यो चलिनैरहेको छ। शासन र शक्तिको हिसावले मानव अधिकारका लागि संघर्षहरू (सशस्त्रनै) हुने गर्थे भने अव आधुनिक युगमा यसको आवश्यकता त्यति महसूस गरिएको छैन। र शान्तिपूर्वक अहिंसात्मक कार्य गरेर पनि प्राप्त गर्न सक्ने लक्षणहरू देखापर्न सक्तछन्।

आधुनिक युगमा मानव अधिकार

संसारमा चारैतिर हेर्‍यो जताततै कलह, युद्ध, विद्रोह, अशान्ति यी सवकुराले मानिसलाई सोच्न बाध्य गराउँदछ। मानिसको अस्तित्व नै स्वतरामा पर्न सक्ने स्थितिहरू पैदा हुदै जान्छ यदि यसरी नै युद्धहरू एक अर्कासंग हुदै जाने र एक देशले अकदिशलाई मनपरि गर्दै जाने हो भने मनुष्यको अस्तित्वमा पनि प्रश्न चिन्ह लाग्न सक्छ। यो सोचाइ धेरै देशका जनताले महसूस गर्न थाले कतै संसारको कुनै कुनामा असंगठित मानिस अन्यायमा परी हीनताबोधकासाथ जीवन बिताइरहेका छन्। र त्यसवाट मुक्ति पाउन छटपटाइरहेको छन् भने मानव अधिकारका कुराहरू उसका मस्तिस्कमा घुम्न थाल्दछन्। अमेरिकाको स्वतन्त्रता, विभिन्न राष्ट्रहरू स्वतन्त्रताको लागि संघर्षमा लागेका, केही स्वतन्त्रता प्राप्त गरिसकेका केही पाउने तरखरमा रहेका, यी सवै कुराले आधुनिक मानवलाई मानव अधिकार र स्वतन्त्रताबारे नयाँ चिन्तनले कुल्कुताउन थाल्छ। र यसको प्राप्तिकालागि ऊ नयाँ ढंगले संघर्ष गर्न थाल्दछ। यति हुँदाहुँदै पनि मानव अधिकारको वास्तविक अवधारणा भने पहिलो विश्व युद्धपछि मात्र उभ्रेर आउछ। यसको सक्रिय कार्य चाहि धेरैपछि अर्थात् दोश्रो विश्वयुद्धपछि आउँछ।

हिटलरले र फासिष्टहरूले लास्वौं मानिसलाई एक चिहान बनाएको स्ववरले सारा विश्वलाई नै स्तब्ध तुल्याएको थियो। यस्ता दैत्यले मनुष्यलाई यसरी नरसंहार गरेको कुराले मानव सभ्यता नै लोप हुन सक्ने डर पनि बढेर गयो। साथै मानिसको अस्तित्वसंग पनि गाँसिन पुग्यो। सम्पूर्ण मानव जातिलाई यी कुराहरूले पिरल्न थाल्दछ। यही कुरालाई ध्यानमा राख्दै संयुक्त राष्ट्र संघमा यस कुराको आवाज उठ्छ। त्यसपछि संयुक्त राष्ट्र संघले मानव अधिकारका बारेमा विभिन्न घोषणाहरू गर्दै जान्छ।

घोषणा र सन्धिहरू

1. UN CHARTER (संयुक्त राष्ट्र संघको बडापत्र)
2. UNIVERSAL DECLARATION OF HUMAN RIGHTS (मानवअधिकारको विश्वव्यापी घोषणापत्र)
3. THE INTERNATION CONVENANT OF CIVIL AND POLITICAL RIGHTS(राजनैतिक तथा नागरीक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि)
4. THE INTERNATIONAL CONVENANTS ON ECONOMIC SOCIAL AND CULTURAL RIGHTS (आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि)

UN CHARTER (संयुक्त राष्ट्र संघको बडापत्र)

.धारा १ यसको उद्देश्य अन्तर्राष्ट्रिय स्तर (Internatrional tend) मा सवै राष्ट्रहरूको सहयोगबाट UNO ले मनुष्यको प्रत्येक समस्याहरू जस्तो : आर्थिक, सामाजिक र सांस्कृतिकलाई समाधान गर्ने। संयुक्त राष्ट्र संघले प्रत्येक व्यक्तिको स्वतन्त्रता र प्रत्येक व्यक्तित्वको मानव अधिकारको आदर गर्ने र लिङ्ग, भाषा, धर्म र जातिको हिसावले भेदभाव गर्ने छैन।

धारा १३ (२) संयुक्त राष्ट्र संघ मानिसका अधिकारको संस्मरण र यसको उल्लंघनको विरूद्धकालागि खडा भएको छ।

धारा ५५ मानव अधिकारको विश्वव्यापी उन्नति, संरक्षण र आदरको अभिभारा आदि सम्पूर्ण सुम्पेको छ।

धारा ५६ यसले सबै राष्ट्रलाई आव्हान गरेको छ कि धारा ५५ मा भएका कुराहरू (मानव अधिकार) प्राप्तिका लागि सवैले कार्यान्वियन गर्नुपर्छ। यदि यो कुरालाई पालन नगरिए मानव अधिकारलाई बाधा हुन आउने कार्य कुनै राष्ट्रले गरेमा यसलाई संयुक्त राष्ट्र संघको बडापत्र (UN CHARTER) को अवहेलना सम्झिनेछ।

UNIVERSALDECLARATION OF HUMAN RIGHTS (मानव अधिकारको विश्वव्यापी घोषणापत्र)

बडापत्र Charter ले मानव अधिकार H/R सम्बन्धी frame work मात्र दिएको छ। तर यसको H/R को प्रकृति भने देखाएको छैन।

धारा ६२(३) को आर्थिक र सामाजिक परिषद् (Economic & Social council) लाई मानव अधिकारको संरक्षण र सम्बर्द्धन गराउने अधिकार सुम्पे बमोजिम यसले मानव अधिकारका कुराहरूको प्रतिवेदनहरू तयार गर्दछ र संयुक्त राष्ट्र संघको साधारण सभामा सुझाव र सिफारिशहरू (Suggesstion / recommandatin UN General Assembly) पेश गर्दछ।

धारा ६८ ले मानव अधिकारको उद्देश्य पूर्तिकालागि परिषद (council) लाई विभिन्न आयोग खोल्न अधिकार दिएको छ। ECOSOC ले मानव अधिकार आयोग (Human Rights Commission) खोलेको छ, (Feb,1946) त्यसैले मानव अधिकारका सवै कार्यहरू यसै आयोगद्वारा नै संयुक्त राष्ट्र संघ (UN) मा जान्छ। यो आयोग मानव अधिकारको संरक्षण र निरीक्षणको लागि चनास्वो र सचेत छ। यस आयोगले १९४६मा मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको मस्यौदा (UNIVERSAL DECLARATION OF HUMAN RIGHTS DRAFT) तयार गरी संयुक्त राष्ट्र संघको साधारण सभामा मा पठायो। UN General Assembly ले संयुक्त राष्ट्र संघको साधारण सभाले (UN General Assembly) December 10,1948 मा यसलाई स्वीकृत प्रदान गऱ्यो।

अव मानव अधिकार र यसको संरक्षणका लागि एउटा नयाँ आयाम थपिन गयो। यस्तो घोषणाले धेरै देशका निरंकुश र फासिष्टहरू तर्से र उनीहरूलाई गाह्रो पर्न गयो। यदि यसमा भए बमोजिमका मानव अधिकार र यसको संरक्षण बारे कसैले वा कुनै देशले कार्यान्वयन गरेन भने त्यस्तो देशलाई अप्रजातान्त्रिक र अमानवीय देश भनी सवैले तिरस्कार गर्ने परम्पराको थालनी भयो।

यसको घोषणाले के असर पाऱ्यो ?

यस घोषणाले कुन देश कत्तिको प्रजातान्त्रिक छ, कुन देश कत्तिको मानव अधिकारलाई ग्राह्यता दिएको छ, कत्ति मनुष्यलाई आदर र इज्जत दिइएको छ र कत्तिको स्वतन्त्रता दिइएको छ र कुन कुन देशका जनता कत्तिको स्वतन्त्रता प्राप्त गरेका छन् र कत्ति स्वतन्त्र छन् भन्ने कुराको लेखाजोखा, नाप्ने आधार बन्न पुगेको छ। जुन देशमा त्यहाँको संविधान अथवा कानूनमा मानिसका अधिकारहरू (राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू) राम्रोर सहिरूपले व्यवहारमा उतारेको छ भने त्यसता देशलाई प्रजातान्त्रिक देशको संज्ञा दिने गरियो र यस्तो छैन भने त्यो देशलाई अप्रजातान्त्रिक भन्ने संज्ञा दिइयो र सोही अनुरूप सहयोग र ऋणवाट पनि वन्चित समेत गरिन थालियो।

International Convenants on Civil and Political Right (नागरिक र राजनैतिक अधिकारसम्वन्धी अनतर्राष्ट्रिय महासन्धि)

यस महासन्धिलाई पनि मानव अधिकार आयोग (Human Rights Commission) ले नै बनाएर साधारण सभामा (U.N.G.A.) मा पेश गरी डिसेम्बर १६, १९६६ मा पारित गरिएको थियो जसको कार्यान्वयन १९७६ देखि मात्र भएको थियो । यो पनि मानवाधिकारको विश्वव्यापी घोषणापत्र कै सहयोगकालागि आएको हो। पश्चिमाहरूले यसलाई स्वागत गरेभने साम्यवादी र निरंकुश (Communist & Authoritarian) सरकारले भने यसलाई स्वीकार गरेनन्। रोटी र स्वतन्त्रता एकै पटक जाँदैन भन्ने उनीहरूको तर्क थियो। मानवाधिकार र विकास संगसंगै जाँदैन र जान पनि सक्दैन भन्ने आवाजहरू उठाइन्छ। नागरिक र राजनीतिक अधिकारलाई मात्र मानवाधिकार भनी भनिनु हुन्न भन्ने आवाज उठे। तर दक्षिण एशियाका मानवाधिकारवादीहरूले यस सम्बन्धी विभिन्न तर्कहरू दिए। उनीहरूको तर्क थियो-

विकासशील राष्ट्रको रोटी र स्वतन्त्रताको सवाल र तर्क होइन। तर्क हो को (Who), कतिसम्म (Howmuch), कति समयसम्म (How long), किन (Why) र केका लागि (What for) भन्ने कुरा हुन्।

पश्चिमा देशहरूले नागरिक र राजनीतिक अधिकारलाई बढी महत्व दिए भने यिनै देशका विद्वान् तथा राजनीतिज्ञहरूले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू (ECONOMIC, SOCIAL & CULTURAL RIGHTS [ESCR]) लाई भने आवश्यकता नभएको र अनावश्यक भार मात्र हो भन्ने तर्क झिके र यसलाई वास्तै गरेनन् र वेवास्ता गरी दोश्रो दर्जामा झारे। तर तेश्रो विश्व र दक्षिण एशियाली गैर सरकारी संघ संस्थाहरू (NGO'S) र सरकारहरूले यसवारे सकारात्मक आवाज उठाए। तर यस्तो आवाजलाई पश्चिमाहरूले स्वप्न नसकेकोले ठूलो दोष लगाउन थाले। विश्व मानव अधिकार प्रणालीलाई नै स्वतम पार्ने र कमजोर पार्ने नियत भएका आवाजहरू भनी दोष लगाए। तर पनि दक्षिण एशियाका मानवाधिकारवादी कार्यकर्ताहरूको तर्क भने एउटै थियो-विकाससँगै मानवाधिकार गाँसिएको हुन्छ। मानवाधिकार - आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूसंग पृथक रहन सक्दैनन् यिनीहरूका साथसाथै अघि बढ्छन् भने थियो।।

संयुक्त राष्ट्र संघले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई डिसेम्बर १६, १९४६ मा साधारण सभामा पेश गरे तापनि साधारण सभाले सन् जनवरी ३, १९७६ आएर मात्र कार्यान्वयनको लागि पारित गरेको छ।

जसमा भनिएको छ मानिसको उन्नतिका लागि नागरिक तथा राजनैतिक अधिकारसँगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि उत्तिकै महत्व छ। पूर्वीय गुटले यसलाई स्वीकार्‍यो जवकि पश्चिमाले अस्वीकार गर्दै नकारात्मक प्रतिक्रिया जनायो। तर पनि दक्षिण एशियाका मानवाधिकारवादी विद्वान्हरूले पूर्वीय युरोपसंग मिलेर ESCR/CPR लाई संगै लैजाने कोशिश गरे।

TEHERAN DECLARATION ON HUMN RIGHT
(मानव अधिकार सम्बनधी तेहरान घोषणा पत्र)

अप्रिल २२ देखि मे १३ सम्म इरानमा एउटा मानव अधिकार सम्बन्धी घोषणा भएको छ। मानव अधिकार लागू गरिएको २० बर्षको मूल्याङ्कनको लागि एउटा सभा बस्छ। छलफल र वादविवादबाट अन्तिममा एउटा निचोडमा पुग्छन्। त्यो हो, "नागरिक र राजनैतिक अधिकार" सम्बधी धारणा। जवसम्म निर्वाध रूपमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्त हुँदैन तवसम्म यसको सही अभ्यास गर्न सकिदैन, जसबाट राष्ट्रको समष्टिगत उन्नतिको आशा पनि परिपूर्ति हुन असम्भव हुनसक्छ यहीनै यस सम्मेलनको मुख्य मूल्याङ्कन र निचोड थियो।

मानव अधिकार सम्बन्धी विभिन्न दृष्टिकोणहरू

विभिन्न देशको संस्कृति र अनुभवबाट मानव अधिकार सम्बन्धी विभिन्न आ-आफ्ना विचार र धारणाहरू पैदा भएका छन्।

प्रथम विश्वमा पूँजीवादीको नै बाहुल्य भएको हुँदा यहाँको तर्क मानवाधिकार भनेको व्यक्तिगत अर्थात् नागरिक र राजनैतिक अधिकार भन्ने गरेको पाइन्छ।

दोश्रो विश्वले समाजवादमा बढी विश्वास भएको आफ्नो मुख्य तर्क र बढी जोड सामाजिक अधिकारमा र सबै आर्थिक भागहरू चाहि समाजको भलाइकालागि हुनुपर्ने तर्क दिएको छ।

तेश्रो विश्वले भने बढी सामाजिक न्यायमा जोड दिएको सामाजिक आर्थिक अधिकार र बाँच्नकालागि चाहिने आधारहरूमा बढी जोड दिएको पाइन्छ।

यसका अतिरिक्त अन्य सन्धिहरू

1. Child Right
2. United Nations Convention on the Political Rights of Women
3. Standard minimum rules for treatment prisoners
4. Declaration on the protection of all Persons From, Torture, Cruel Inhumen, Degrading treatment or Punishment - 18 Dec 1989. force June 1989

मानव अधिकारका लागि मुख्य भूमिका खेल्ने संस्थाहरू

1. G.A. (General Assembly)
2. ECOSOC
3. un commission
4. sub commission
5. working groups

- ३० जुलाई १९५९ मा जेनेभा रिजोलुसनले मानवाधिकार भनेको आ-आफ्नो देशको आन्तरिक मामला हो र त्यसैले यसलाई संयुक्त राष्ट्र संघ (UN) ले हस्तक्षेप गर्नु हुन्न भने विवादास्पद कुराहरू पास गरेर मानव अधिकार वादीहरूलाई एक पटक छक्क पारेको थियो। तरपनि मानव अधिकारकालागि कराउने व्यक्ति, संस्था र विद्वान्हरूको आवाज घन्किन पछि पर्दैन। मानव अधिकार हनन भनेको सबैको चासोको विषय हो र यसमा सबै चनास्वो र सम्वेदनशील हुनुपर्छ । संसारमा धेरै जस्तो राष्ट्रले मानव अधिकार हनन गरेको स्ववरले एकपटक सबैलाई निराश पार्दछ। मानव अधिकारमा लागेका मानव अधिकारवादी विद्वान्हरूले दवाव दिन थाल्छन्। साथै धेरै राष्ट्रहरू स्वतन्त्रकालागि लड्दै थिए भने केहीले स्वतन्त्रता प्राप्त गरिसकेका थिए। यहाँका जनआवाजले पनि संयुक्त राष्ट्र संघलाई दवाव दिन थाल्दछ। जसको फलस्वरूप केही नलागी सन्१९६७ मा जेनेभामा एउटा अर्को प्रस्ताव पारित भयो। यदि कुनै देशमा मानव अधिकार हनन भएको छ भने दावा विरोध गर्न सक्ने बनाइयो। तर देशले मात्र यो कुरा उठाउन सक्नेछ र व्यक्तिले उठाउन नपाइने। कुनै राष्ट्रले अर्को राष्ट्रको विरूद्धमा आवाज उठाउन सक्छ र संयुक्त राष्ट्र संघ (UN) मा दावा विरोध गर्न सक्छ। तर कसले उठाउने ? किन उठाउने ? उठाएर किन सम्बन्ध बिगार्ने ? यो पनि त्यति व्यावहारिक देखिएन। संसारका गैर सरकारी संघ संस्थाहरू (NGO's) र स्वतन्त्र जनताका आवाजहरू बढ्दै गए। अन्तमा संयुक्त राष्ट्र संघको साधारण सभाले १९७० मा मानवाधिकारको क्षेत्रमा

एउटा क्रान्ति नै ल्याउने विधेयक पास गऱ्यो । व्यक्ति वा संघ संस्था (NGO's) कसैले पनि मानव अधिकार हनन भएको भए सं.रा. संघमा दावा विरोध गर्न सक्ने बनाइयो ।

संयुक्त राष्ट्र संघले उजुरी पाएपनि सम्बन्धित देशलाई स्पष्टीकरण सोध्न सक्छ । स्पष्टीकरण चित्त नवुझे त्यस देशमा मानवाधिकार हनन भए नभएको आयोग पठाउन सक्छ र छानबीन गर्न सक्छ ।

मानवाधिकार हनन भएका देशको मुद्दा विभिन्न अवस्थामा विभिन्न संघ संस्थाले पनि हेर्ने गर्दछ ।

युरोपमा : यूरोपीय परिषद छ

(Council of Europe)

1. European Convention of H/R
2. European Commission of H/R
3. European Counrt of H/R
4. Committee of Minister

अमेरिकामा : अमेरिकाराज्यहरूकासंगठन

(Organisation of American Stat (O.A.S.))

1. Inter American Court of H/R
2. Inter Ameridan Convention of H/R
3. Inter American Commission of H/R

अफ्रिकामा : अफ्रिकीराष्ट्रहरूकोएकतासंगठन

(Organisatio African Unity (OAU))

1. African Charter of Human and People Rights

तर एशियामा यस किसिमका मानव अधिकार सम्बन्धी सामूहिक रूपमा हेर्न कुनै पनि एशियन संस्था छैनन् । यस्तो संस्था यहाँ नहुनाको कारण :

१) सांस्कृतिक समस्या र धर्म
२) घेरै ठाउमा तानाशाही
३) स्वतन्त्र न्यायपालिकाको अभावले
४) सचेतनताको कमीले
५) राष्ट्रिय यन्त्रमा चेतनाको अभाव
६) न्यूनतम अधिकारको पनि ग्यारेण्टी नभएको
७) गरीबी र अशिक्षा
८) स्वार्थी शासक

के अव यसको कुनै उपाय नै छैन त ? के यस क्षेत्रका जनता सधै यसरी नै पिल्सिएर मानवाधिकारवाट बञ्चित रहन्छन् त ? उपाय अवश्य छ तर त्यसकोलागि धैर्यता, संघर्ष र लामो समयावधिको उद्देश्य रास्वेर काम गर्नपर्छ। थाहा मात्र पाएर केही हुँदैन। यो कुरा प्रत्येक देशका जनतालाई पनि थाहा हुनुपर्छ। जनतालाई संगठित गराउनु पर्छ। जनताको शक्ति बढाउनु पर्छ र सुसंगठित रूपमा काम गर्नुपर्छ।

गरीबी र अशिक्षा अचेतनता यी हाम्रा शत्रु हुन्। यसैलाई उन्मूलन गर्ने काम गर्दै अराजनीतिक सामाजिक काम थालनी गर्दै जनशक्तिलाई परिचालन गर्न सक्नुपर्छ। जनताको शक्तिले जस्तासुकै ठूलाठूला बाधाको पर्खालिहरू फुटाउन सक्छ भन्नेकुरा हामीले बिर्सनु हुदैन।

मानव अधिकार र नेपाल अधिराज्यको संविधान २०४७

- पवनकुमार ओझा
अधिवक्ता

१. मानव अधिकार मानवको रूपमा चिन्हाउने, प्रतिष्ठापित गर्ने तथा बाँच्न र जीवन यापन गर्नका निमित्त अद्वितीय उपाय हुन्। मानव अधिकारको आवश्यकता मानवको व्यक्तित्व विकासका निमित्त मात्र होइन, मानव समाजको सन्तुलित तथा उत्कृष्ठ संस्थापनका निमित्त समेत हुन्छ। जहाँ जहाँ मानव अधिकारको मान्यता, संरक्षण तथा पालना भएको छ तत् तत् स्थानमा मानवको उन्नति, मानवता र मान्छेको चौतर्फी विकासको स्थिति उच्चतम विन्दुतर्फ बढ्दै गएको पाइन्छ। मानव अधिकारको सम्मानले मानवीय सम्पन्नतालाई इङ्गित गर्दछ, मानवीय उद्देश्य र लक्ष्यको उच्चतम विन्दुलाई छुन खोज्दछ। समष्टिमा मानव अधिकारको असल परिचालनले मानिस तथा समाजलाई प्रगति पथतर्फ अग्रसर गर्दछ।

मानव अधिकारको असल प्रयोग एवं प्रचलनले नै प्रजातन्त्र मौलाउँछ, दिगो विकास सम्भव हुन्छ र मानव सुख, शान्ति तथा समृद्धिमा बाँच्न पाउँदछ। जहाँ मानव अधिकारको सम्मान गरिदैन त्यहाँ अशान्त, कलह, अधोगति, असम्पन्नता, असभ्यता तथा युद्ध जस्ता राक्षसी पनको वोलवाला हुने कुरामा दुइमत हुनेछैन।

यसै कुरालाई महशूस गर्दै र बुझ्दै हामी मानव अधिकारका लागि काम गर्ने कार्यकर्ताहरूले मानव अधिकारलाई सही अर्थमा जीवनको तह गाउँ गाउँसम्म पुऱ्याउने बुझाउने अथक प्रयास गर्न आवश्यक छ।

२. सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा भएपछि मात्र मानव अधिकारको कुरा उठेको होइन। यसले त मानव अधिकारलाई सूत्रबद्ध ढंगवाट उल्लेख गरेको सम्म हो। सन् १९६६ मा पारित दुइवटा अभिसन्धिहरूले अझ यसलाई विस्तृत तवरवाट व्याख्या गरे। मानव अधिकार सम्बन्धमा कैयौ अन्तर्राष्ट्रिय संस्था तथा यिनका विधानहरूले प्रशस्त योगदान पुऱ्याउदै आएका छन्।

मानव अधिकारको विश्वव्यापी घोषणाद्वारा संहिताबद्ध गर्नु पर्ने बाध्यता अन्तर्राष्ट्रिय समुदायको समक्ष दुई किसिमवाट परेको ठानिन्छ - घरेलु परिस्थिति र अन्तर्राष्ट्रिय परिस्थिति।

घरेलु परीक्षणशाला वेलायत : फ्रान्स तथा अमेरिका रहे। सन् १२१५ को म्याग्नाकार्टा - e.g. To none will we sell, to none will we deny, or delay, right or justice (Art.40), सन् १६२८ को Pettition या Rights र सन् १६८९ को वेलायती जनताका अधिकार र स्वतन्त्रता घोषणा गर्ने Bill of Rights, सन् १७८७ को फ्रान्सको संविधान र दुई सय वर्षभन्दा पुरानो अमेरिकी संविधान - जसले मानव अधिकारलाई परिवर्तन गर्न नसकिने गरेर राख्वेको छ - मानव अधिकारको मान्यता दिने, संरक्षण तथा प्रचलन गरी मानव अधिकारको सम्मानको परिणाम सभ्यता र चौतर्फी विकास हुने दृष्टान्त प्रस्तुत गरे। मानव अधिकारको उल्लंघनको कारण मानव मात्रको शोषण, दमन, र उत्पीडन मात्र होइन ध्वँस्त तवाह

र विश्वशान्तिमा समेत स्वतरा पुग्न जाने कुराहरूलाई दुई दुईवटा विश्वयुद्धले प्रमाणित गरेर विश्वलाई देखाइदिए।

मानव अधिकारको सम्मानले मानवलाई पुऱ्याउने सेवा र उल्लंघनले देखाउने दुष्परिणामलाई संयुक्त राष्ट्र संघको बडापत्रमा अन्तर्राष्ट्रिय समुदायले प्रतिविम्वित गरेको लगभग ३ वर्षपछि यसको महत्तालाई त्यसमा (बडापत्रमा) सीमित गर्न उपयुक्त नठानेर नै साधारण सभाले विश्वव्यापी मानव अधिकारहरूलाई सूत्रबद्ध रूपमा संहिताकरण गरी घोषणा गरेको हो।

३. दोश्रो विश्वयुद्धसम्म संसार उपनिवेशभित्र जकडिएको थियो। यस्ता साम्राज्य पनि थिए। जसमा सूर्य अस्ताउँदैनथ्यो। मानव मात्रलाई वर्वर राज्य शक्तिद्वारा शोषण र बन्धनमा राखी मानव हक, अधिकारको उल्लंघन गरी बनेका उपनिवेशको विरूद्ध जनताको आक्रोश यति बढ्यो कि दोश्रो विश्वयुद्ध पश्चात् क्रमशः एक पश्चात् अर्को देशहरू स्वतन्त्र हुँदै गए।

यी स्वतन्त्र हुने देशहरूले, मानव मात्रको उत्पीडन जसलाई उनीहरूले प्रत्यक्ष भोगेका थिए, राष्ट्रको शक्तिलाई जनतामाथि अदम्य उत्पीडन गर्न गराउन खुल्लम खुल्ला छोड्न चाहेनन्। अतएव स्वतन्त्र देशहरूले राज्य सञ्चालनका सिद्धान्तहरू निर्धारण गर्ने क्रममा संविधान निर्माण गर्दा जनताका मूलभूत हक, हितमा राष्ट्रले हस्तक्षेप गर्न नसक्ने पार्न आफूले सक्दो प्रयत्न गरे। यस क्रममा मानव अधिकार सम्बन्धी अवधारणाका उपरोक्त दुवै पक्षको विश्लेषण गरे। उनीहरूलाई विश्वव्यापी मानव अधिकार सम्बन्धी घोषणापत्रले ठूलो मद्दत गऱ्यो। आफ्नो देशको सामाजिक, आर्थिक स्थिति, विकासको संरचना र क्षमतालाई ध्यानमा राख्दै संरक्षण दिन र गर्न सकिनेसम्मका मानव अधिकारलाई संविधानमा राज्यले उल्लंघन गर्न नसक्ने किसिमवाट राख्न सफल भए। संविधानद्वारा संरक्षित र मान्यता प्राप्त मानव अधिकारहरू मूलभूत अधिकार भनिन्छन् र प्रायः यस्ता देशहरू जसले पछि संविधान निर्माण गरे, आफ्नो संविधानको भाग तीनमा मूलभूत अधिकारहरू सुरक्षित गरी जनताका निमित्त राखे।

जव उक्त विश्वव्यापी घोषणा गरियो यस समयमा कानूनको दर्शन न त व्यक्तिवादी थियो न त समाजवादी। बीसौं शताव्दीको नयाँ प्राकृतिक कानूनको दर्शनले व्यक्ति र समाजका हकहितलाई सन्तुलन गर्ने प्रयत्न गऱ्यो। यसैलाई मान्यता गर्दै हरेक संविधानको (प्रायः) चौथो भागमा निर्देशक सिद्धान्त राखिएका हुन्छन्। निर्देशक सिद्धान्तलाई समाजका हक पनि भनिन्छ। मूलभूत अधिकार र निर्देशक सिद्धान्त एक अर्काका विपरीत देखिन्छन् तर उक्त नयाँ प्राकृतिक कानूनको दर्शनको कारण यी दुई एक अर्काका पूरक मानिएका छन्।

मूलभूत अधिकार राज्य या राज्यका अंग र तिनका अधिकृत प्रतिनिधिका विरूद्ध नागरिकको निमित्त संरक्षित, सुरक्षित राखिएका छन्। मूलभूत हकको प्रतिकूल हुनेगरी विधायिकाले कानून वनाउन सक्तैन नत कार्यपालिकाले नै कुनै काम, कार्वाही तथा निर्णय गर्न सक्छ। मूलभूत अधिकारको उल्लंघन गरी बनेको कानून तथा कार्यपालिकाको काम, मानिसका हकहरूको संरक्षकको रूपमा रहेको न्यायपालिकाको सर्वोच्च तहको अदालतवाट न्यायिक पुनरावलोकनको माध्यमबाट मूल्याङ्कन गरी वदर हुन्छन्। यस्ता अधिकारहरू व्यक्तिका विरूद्ध भने संरक्षण गरिएका हुँदैनन्।

मूलभूत अधिकारभित्र उपचारको हक पनि समाविष्ट गरिएको हुन्छ। कुनैपनि मूलभूत हकको उल्लंघन राज्य या राज्यको अग वा प्रतिनिधिले गरेमा पीडित व्यक्तिले अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट, रिट क्षेत्र अन्तर्गत - परमादेश, प्रतिशोध, उत्प्रेषण, बन्दी प्रत्यक्षीकरण, अधिकार पृच्छा लगायत अन्य उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरी माग्न सोझै सर्वोच्च अदालतमा जान सक्छ।

मूलभूत अधिकार असीमित हुन सक्तैनन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २९ ले उपयुक्त बन्देज लगाउन सकिने गरेकै छ तर यस्ता बन्देज मानवीय, सामाजिक हितका निमित्त नै लगाइने कुरा उक्त धाराले पुष्टि गर्दछ । अतः हरेक संविधानले समाजको बृहत्तर हित, शान्ति र व्यवस्था कायम राख्नका निमित्त उचित र उपयुक्त बन्देजहरू लगाएको हुन्छ । यस्ता बन्देजहरू उचित या उपयुक्त छन् छैनन् भन्ने कुरा अदालतवाट विचार हुन सक्तछन् ।

४. नेपाल प्राचीनकालदेखिनै स्वतन्त्र, सार्वभौम राज्य रहिआएको भएपनि यसको प्रथम लिखित कानून दोश्रो विश्वयुद्धपछि नै निर्माण भएको हो । यद्यपि २००४ सालको राणा शासन टिकाउने उद्देश्यले राणाद्वारा ल्याइएको नेपाल सरकारको वैधानिक कानून २००४ वास्तवमा लागू हुन सकेन तापनि विधिको दृष्टिले लागू थियो जसलाई अन्तरिम शासन विधान २००७ ले स्वारेज गऱ्यो । उक्त कानून भारतीय विशेषज्ञले भारत सरकार ऐन १९३५ को लाइनमा बनाए पनि यसले नेपालको परम्पारिक पञ्चायत व्यवस्थालाई अघि बढाएको थियो । मूलभूत अधिकार उल्लेख गरिएपनि मूलतः राणा शासन दिगो पार्ने, राणाहरूको शक्ति यथावत मात्र होइन संवैधानिक दृष्टिले वैद्य गराउने उक्त कानूनको भित्री आशय स्पष्ट थियो । द्विसदनात्मक सदनको व्यवस्था भएपनि शक्ति विकेन्द्रीकरणको सिद्धान्त अपनाइएको थिएन । राणा प्रधानमन्त्रीलाई २०१९ सालको नेपालको संविधानले राजालाई सर्वशक्तिमान बनाए जस्तै गरी शक्तिमान बनाइएको थियो । विधि निर्माण तथा प्रजातन्त्रका गुणहरूको अभावमा उक्त संविधान प्रजातान्त्रिक थिएन नत हुनै सक्तथ्यो ।

राणाहरूको विरूद्धको जनआन्दोलन दिल्लीको त्रिपक्षीय सम्झौता पश्चात् प्रजातन्त्रको स्थापनामा समाप्त भयो । नयाँ बहुदलवादी, प्रजातान्त्रिक व्यवस्थाको निमित्त संविधान निर्माण गर्न संविधान सभाको गठन नहुन्जेल श्री ५ वाट अन्तरिम शासन बिधान बनाई लागू गरियो । नेपालको संवैधानिक विकासमा अन्तरिम शासन विधान २००७ को अद्वितीय स्थान रहिआएको छ । उक्त विधानमा मूलभूत अधिकारहरू स्पष्टसंग लेखिएका त थिए नै त्यसको प्रचलन पनि मानिसले गर्न पाए । विविध पार्टीहरू, विविध किसिमका राजनैतिक, वर्गीय, पेशागत, सामाजिक संघ संस्थाहरू खुले, शक्ति पृथकीकरणको सिद्धान्त लागू गरियो र न्यायपालिकालाई कार्यपालिका र विधायिकाको निर्णय मूल्याङकन गर्ने अधिकार प्राप्त भयो । उक्त विधानले जनताद्वारा निर्वाचित विधान सभाद्वारा तर्जुमा गरेका संविधान अनुरूप निर्वाचन गरी निर्वाचित सरकारलाई शासन गर्ने अधिकार हुने उद्देश्य राखेको थियो । तर सो उद्देश्य पूरा हुन सकेन । यसमा पटक पटक संशोधन गरी विधान सभाको निर्वाचन गराउने व्यवस्था बडो नियोजित षडयन्त्रपूर्वक ढंगबाट समाप्त गरियो । पार्टीहरूले संविधान निर्माण नभएकोले चुनाव ढिलो भएकोमा सत्याग्रह गरे । आस्विर २०१५ सालमा नेपाल अधिराज्यको संविधान २०१५ राजावाट जारी भै सो अनुरूप निर्वाचन भयो । नेपाली कांग्रेसको सरकार दुइतिहाई बहुमतवाट स्थापना भयो ।

नेपाल अधिराज्यको संविधानमा आधुनिक प्रजातान्त्रिक संविधानमा गर्नुपर्ने सवैकुरा तथा गुणहरू थिए । तर देशको सार्वभौमसत्ता श्री ५ मा रहेकोले त्यसको प्रजातान्त्रिक गुणहरू स्वभावत दब्न गए । राजाको अधिकारमा नियन्त्रण गरिएको थिएन । राजालाई सार्वभौमसत्ता सम्पन्न वनाएर, एक संवैधानिक राजाको रूपमा परिकल्पना गरी छोडियो । संकटकालीन अधिकार राजाको विवेकमा प्रयोग हुने व्यवस्थाको कारण १८ महिनाभित्रै प्रजातान्त्रिक व्यवस्था समाप्त भयो । संविधानको उक्त प्रावधानकै कारण २०१७ को काण्ड घट्यो र राजाको हातमा सम्पूर्ण अधिकार गयो ।

२०१७ सालको परिवर्तन पश्चात्को दुई वर्षपछि नेपालको संविधान २०१९ लागू भयो । सो संविधानले पश्चिमीदेशको परीक्षणमा काम नलाग्ने ठहरिएको व्यक्तिबादी सिद्धान्त र नेपालमा

प्राचीन समयदेखि चलिआएको जन-जीवनमा प्रचलित तर सैद्धान्तिक रूपमा परिष्कृत नभएको र त्यसवारे विशेष अध्ययन नगरिएको पञ्चायतको आधारमा राजनैतिक व्यवस्थाको सूत्रपात गऱ्यो। स्थापना पश्चात् सैद्धान्तिक पक्षको व्याख्या भएको कारण जथाभावी हुन पुगेको पञ्चायती राजनीतिले जनताको शोषण, केही पहुँचवाला व्यक्तिको हाली मुहाली र राज्य व्यवस्थाको माध्यमबाट व्यक्तिगत स्वार्थ पूरा गर्ने साधनको मात्र काम गऱ्यो। पञ्चायती व्यवस्थाको शुरूदेखिनै प्रचण्ड विरोध सहनु परेको उक्त व्यवस्थालाई संवैधानिक आधार दिने नेपालको संविधान २०१९ ले देख्नकालागि मौलिक हकको व्यवस्था गरेको भए पनि मानव अधिकार सम्बन्धी घोषणा-पत्रको अनुकूल गर्न सकेको थिएन। मानिसको संगठन गर्ने स्वतन्त्रतामाथि बन्देज लगाइएको र अरू धेरै अनुचित एवं गलत बन्देजको कारण नेपालमा मानव अधिकारको स्थिति अत्यन्तै कुण्ठित र दयनीय रह्यो। निर्देशितरूपका निर्वाचन हुने कारण जनताको वास्तविक प्रतिनिधि छानिन नसक्ने, निर्वाचित प्रतिनिधिले निर्देशन अनुरूप काम गर्नुपर्ने कारण पञ्चायतमा भएका प्रजातान्त्रिक गुणहरू समाप्त हुँदै गए।

राजा तथा पञ्चायतको विरोध भित्रभित्रै उग्ररूपमा भइरहेको स्थितिमा नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाको आव्हानले यसलाई विस्फोट गरिदियो। अन्तर्राष्ट्रिय परिस्थिति समेत अनुकूल भएकाले २०४६ सालको जनआन्दोलनले ५० दिन भित्रै सफलता हासिल गऱ्यो देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात मै जनताको हातमा शासन व्यवस्था आए पश्चात् निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालमा पहिलो पटक नेपाली जनतालाई सार्वभौम सत्ता सम्पन्न गराइदियो। संविधान निर्माण क्रममा उठेका विवादहरू र त्यसमा जनताकातर्फवाट भएका सचेतन प्रयास नेपालको संवैधानिक इतिहासमा अत्यन्तै महत्वपूर्ण घटना मानिने छ।

नेपाल अधिराज्यको संविधान २०४७ जम्मा २३ भागमा विभक्त छ जसमा तीन वटा अनुसूची सहित १३३ वटा धारा छन्। संविधानलाई नेपालको मूल कानून मानिएको छ। संविधानले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न वनाएको छ। संविधानको धारा ४ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य सार्वभौमसत्ता सम्पन्न, संवैधानिक राजतन्त्रात्मक हिन्दू अधिराज्यको रूपमा परिभाषित तथा प्रतिष्ठापित गरेको छ। संविधानमा नेपालको नागरिकता प्राप्ति र समाप्ति, मौलिक हक र राज्य सञ्चालनका निर्देशक सिद्धान्त तथा नीतिहरू, संवैधानिक राजाको स्थिति, अधिकार तथा जवाफदेही, राजपरिषद्को बनौट तथा कार्यहरू, कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाको बनौट तथा कार्य विभाजन र परस्पर नियन्त्रण तथा सन्तुलन राम्ररी व्यवस्थित गरिएका छन्। संविधानले विभिन्न संवैधानिक अंगहरू- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ताको समेत व्यवस्था गरी उनीहरूको स्वतन्त्र हैसियतको सुरक्षण र अधिकारको स्पष्ट उल्लेखन गरेको छ। नेपालमा पार्टीहरूले पंचायती शासनको ३० बर्षको दमन स्वप्नु परेको कारण राजनैतिक संगठनहरू खोल्ने संचालन गर्ने कुरामा संविधानमै व्यवस्था गरिएको छ र वर्तमान संविधानको प्रावधानले राजनैतिक संगठनलाई कुनै पनि हालतमा प्रतिवन्ध लगाउन नसकिने गरी संरक्षण प्रदान गरेको छ। यसो गर्दा बहुपार्टी व्यवस्थामा ज्यादै साना पार्टीहरूले देश र जनताको सेवा गर्न नसक्ने कुरालाई दृष्टिगत गरी तीन प्रतिशतको प्रतिबन्ध लगाएको छ। साथै साम्प्रदायिक भेदभाव गर्ने र देशलाई विखण्डन गर्ने पार्टी खोल्न नपाइने समेत गरेको छ। वि.सं. २०१५ सालको संविधानमा रहेको धारा ५५ को संकटकालीन अधिकारको दुरूपयोगको कारण नेपालीले भोग्नु परेको कष्टलाई ध्यानमा राख्दै संकटकालको अधिकारको प्रयोगमा प्रशस्त बन्देजहरू लगाइएको छ। संकटकालमा बन्दीप्रत्यक्षीकरणको माग गर्ने अधिकार तथा कतिपय मौलिक हक निलम्बन नहुने गरी संविधानमा व्यवस्था गरिएका छन्। संविधान संशोधन गर्दा दुई तिहाई संसदको बहुमतवाट गर्न

सक्ने भएपनि संविधानको आधारभूत संरचना (संविधानको प्रस्तावनाको भावनाका प्रतिकूल नहुने) मा परिवर्तन गर्न नपाउने गरिएको छ।

संविधानको प्रस्तावनामा नेपाल अधिराज्यको संविधान २०४७ ले नयाँ प्रजातान्त्रिक प्रणालीका विशेषता र लक्ष्य स्पष्ट पारेको छ। त्यहाँ लेखिएको छ - "प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका वीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधाराणालाई साकारपार्न...।"

नेपालको अधिराज्यको संविधान २०४७ ले ज्यादै ठूलो, विस्तृत र उच्च आकांक्षा वोकेको छ। नेपाली धरातलमा जन्मेको यस संविधानले विकसित, सभ्य, सम्पन्न र विज्ञान तथा प्रविधिमा सम्पन्न, औद्योगिक देशहरूको भन्दा केही अगाडि हुने लक्ष्य निर्धारण गरेको छ। यसवाट आफ्नो सामाजिक, आर्थिक तथा अन्य अवस्थाको धरातल र उद्देश्य (लक्ष्य) तथा कार्यप्रणाली वीच धेरै ठूलो दुरी स्पष्ट देखिन्छ। यसले संविधानको स्थिति यथार्थको धरातलवाट विवेचना गर्दा विवादास्पद देख्न सकिन्छ।

वर्तमान संविधानले मूलभूत अधिकारको सम्बन्धमा एक अद्वितीय नमूना श्रृजना गरेको छ। देशको क्षमताभन्दा केही हदसम्म अधिकै मूलभूत अधिकारहरूको उल्लेखन गरी संरक्षण गरिएको पाइन्छ। यो एक सकारात्मक कुरा हो। तर सरकारले यी मौलिक हकको सम्मान गर्न नसकेको तर्फ सबैको ध्यान जान जरूरी छ। वर्तमान संविधानले नेपाली जनतालाई धारा ११ देखि २३ सम्मका धाराले दिएका मूलभूत अधिकारहरू निम्न छन् :-

क) समानताको हक
ख) स्वतन्त्रताको हक
ग) छापाखाना र पत्रपत्रिका सम्बन्धी हक
घ) फौजदारी न्याय सम्बन्धी हक
ङ) निवारक नजरबन्दीको हक
च) सूचनाको हक
छ) सम्पत्तिको हक
ज) संस्कृति तथा शिक्षा सम्बन्धी हक
झ) धर्म सम्बन्धी हक
ञ) शोषण विरूद्धको हक
ट) देश निकाला विरूद्धको हक
ठ) गोपनीयताको हक
ड) संवेधानिक उपचारको हक

हरेक हक आफैंमा विशिष्ट छन्। देशमा संकटकालको स्थितिमा समेत समानताको हक, संघ संस्था खोल्ने स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौज्दारी न्याय सम्बन्धी हक, संस्कृति तथा शिक्षा सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरूद्धको हक, देश निकाला विरूद्धको हक, निलम्बन गर्न सकिदैन। सवै हकको मुटुको रूपमा रहेको उपचारको हक निलम्बन गरेपछि अरू हक निलम्बन नहुनुको अर्थ र औचित्य भने बुझ्न सकिदैन। हरेक हकका उचित बन्देजहरू उल्लेख गरिएका छन्।

मौलिक हकको संरक्षणमा सर्वोच्च अदालतको ठूलो भूमिका छ। सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनको माध्यमबाट मौलिक हकमा अनुचित बन्देज लगाएमा बन्देज लगाउने कानून बदर गरिदिन सक्तछ। कार्यपालिकाले मौलिक हकमा अनुचित हस्तक्षेप गरेमा रिटको माध्यमवाट त्यस्तो काम, कार्वाही तथा निर्णय बदर गर्न सक्तछ।

महिला, बालक र मानव अधिकार

- पवन कुमार ओझा
अधिवक्ता

मानव अधिकार र महिला तथा बालकवीच गहन र प्रत्यक्ष सम्वन्ध रहेको छ। मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र १९४८ को दफा २४ मा महिला र बालकलाई विशेष हेरचाह र मद्दतको आवश्यकता हुन्छ भन्ने कुरालाई स्वीकार गर्दै उनीहरूकालागि विशेष अधिकार राख्दछ।

आथैक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी महासन्धि १९६६:

आथैक सामाजिक तथा सांस्कृतिक अधिकारहरू सम्वन्धी १९६६ को दस्तावेजमा निम्न बमोजिमका अधिकारहरू उल्लेख भएका छन् :-

(क) बालबालिकाको मृत्युदर र मरेको बच्चा जन्मने दर घटाउने र बालकको स्वस्थ विकारको व्यवथा राज्यले मिलाउनु पर्दछ।

(ख) बालबालिकको निमित्त प्राथमिक शिक्षा अनिवार्य गरिनु पर्छ साथै सबैलाई विनाशुल्क उपलब्ध गराइनु पर्छ। माध्यामिक शिक्षा क्रमश निःशुल्क गर्दै लैजानु पर्छ।

नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अभिसन्धि १९६६:

नागरिक तथा राजनैतिक अधिकारहरू सम्वन्धी १९६६ दस्तावेजमा निम्न बमोजिमका अधिकारहरू उल्लेख भएका छन् :-

(क) १८ वर्ष मुनिकालाई अपराध गरे बापत मृत्युदण्ड दिनु हुँदैन। गर्भवती महिलालाई मृत्युदण्ड दिनु हुँदैन।

(ख) अन्य अपराधी भन्दा बालक अभियुक्तलाई छुट्टै राख्नु पर्छ र उनीहरूको उमेर अनुसार ब्यवहार गर्नु पर्छ।

(ग) बाबुआमालाई आफ्नो विश्वास अनुसारका धार्मिक नैतिक शिक्षा आफ्ना बालबालिकालाई दिने दिलाउने अधिकार हुन्छ॥

(घ) सम्वन्ध विच्छेदको स्थितिमा वा बालबालिकाको संरक्षणका निमित्त विशेष कानूनी प्रावधान हुनुपर्छ।

(ङ) प्रत्येक बालबालिकालाई जात-जाति वर्ण, लिङ्ग, नाता, धर्म, राष्ट्रियता, सामाजिक उत्पति, सम्पति तथा जन्मको हिसावबाट भेदभाव नगरी नाबालकको हिसावबाट पाउनु पर्ने परिवार, समाज र राष्ट्रको संरक्षण प्रदान गरिनु पर्दछ।

(च) प्रत्येक बालक जन्मदाको अवस्थामा दर्ता गरिनु पर्दछ।

(छ) प्रत्येक बालकले राष्ट्रियताको अधिकार पाउने छ।

महिला तथा बाल-बच्चाको अधिकारहरूका सम्वन्धमा संयुक्त राष्ट्रसंघद्वारा अन्तर्राष्ट्रिय स्तरवाट पर्याप्त काम भएका छन्। यिनीहरूका हक, अधिकार तथा सुविधाका निमित्त छुट्टाछुट्टै विश्वव्यापी घोषणा-पत्र समेत भएका छन्।

महिलाका विरूद्ध सबै किसिमका भेदभाव समाप्त गर्ने महासन्धि, १९७९:

महिलाका हक अधिकार सम्वन्धी घोषणा-पत्र सन् १९७९ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले पारित गरेको छ, जसलाई Convention of the Elimination of all forms of Racial Discrimination Against Women भनिन्छ। यो दस्तावेज साधारण सभाले १८ डिसेम्वर १९७९ का दिन पारित गरी सदस्य राष्ट्रहरूलाई हस्ताक्षर, अनुमोदन तथा लागू गर्न अनुरोध गऱ्यो। मिति ३ सेप्टेम्वर १९८१ देखि सो अभिसन्धि लागू भएको छ। नेपालले उक्त दस्तावेजलाई त्यसैबेला अनुमोदन गरिसकेको छ।

उक्त अभिसन्धिमा ३० वटा धारा छन् र ६ वटा भागमा बाडिएको छ। सो अभिसन्धिले महिलाहरूको निमित्त निम्न प्रावधान गरी महिलाहरूको हक हितको रक्षा गरेको छ।

(क) व्यक्ति वा संस्थाबाट प्रचलित कानून, परम्परा तथा प्रचलन अनुरूप हुने भेदभावलाई संवैधानिक तथा कानूनी व्यवस्थाको माध्यमबाट उन्मूलन समानता कायम गर्ने।

(ख) महिलाहरूलाई राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रको विकास तथा समुन्नत गर्ने कुरालाई सुनिश्चित गर्न कानूनको निर्माण गरी उनीहरूलाई मौलिक हक तथा स्वतन्त्रताको उपभोग र प्रयोग गर्न पाउने गरी सुरक्षित गर्ने।

(ग) महिलाहरूको निमित्त छिटो समानता सुरक्षित गर्न र मातृत्व संरक्षण गर्ने सन्दर्भमा विशेष अस्थायी प्रावधानहरू गरिनु पर्ने। यस्ता प्रावधानहरूलाई भेदभाव गर्ने भनिने छैन।

(घ) लघुताभास वा महत्ताभासको भावनामा वा एकोहोरो प्रकारका भूमिकामा अधारित पूर्वाग्रहहरू निर्मूल गर्ने, सामाजिक तथा सांस्कृतिक आचरणमा परिवर्तन गर्ने उपाय तरिकाहरू अपनाउने।

(ङ) महिलाको किनवेच वेश्यावृत्ति तथा शोषण दमन गर्ने

(च) महिला माथि राजनैतिक तथा सार्वजनिक जीवनमा हुने भेदभाव निर्मूल गर्ने।

(छ) अन्तर्राष्ट्रिय स्तरका सरकारी तथा अन्य संघ-संस्थामा सरकारको प्रतिनिधित्व गर्ने अवसरहरूमा महिलालाई समान अवसरको प्रदान गर्नु पर्ने।

(ज) पुरूषको राष्ट्रियता जुनसुकै भए पनि महिला तथा उनीहरूका बाल-बालिकालाई स्वतन्त्र रूपवाट राष्ट्रियता अपनाउन समान अधिकार प्रदान गरिने।

(झ) ज्ञानवर्धक तथा शारीरिक शिक्षामा उपलब्ध हुने सबै अवसरहरूको महिलाले समान रूपबाट उपलब्ध तथा उपभोग गर्न पाउने अवसरको अधिकार हुनु पर्ने।

(ञ) महिलालाई पुरूषसरह रोजगारमा समानताको अवसर प्रदान गरिनु पर्ने र विवाह तथा मातृत्वको आधारमा भेदभाव गरिनु हुँदैन। साथै महिलाहरूसंग सम्वन्धित कानूनको आवधिक संशोधन गर्दै रहनु पर्ने।

(ट) स्वास्थ्य सेवामा समान अवसर प्रदान गरी स्वास्थ्य सम्वन्धी हेरचाहमा भेदभावको समाप्ति र गर्भावस्था र बच्चाको जन्म पश्चात् उपयुक्त सेवा प्रदान गरिने।

(ठ) महिलालाई पुरूष सरह अन्य आर्थिक तथा सामाजिक जीवनमा समान अधिकारको प्राप्ति हुनु पर्ने।

(ड) ग्रामीण महिलालाई पनि अभिसन्धिका सवै प्रावधानहरूको लागू गरी त्यसबाट प्राप्त हुन सक्ने सुविधा प्रदान गरिनु पर्ने।

(ढ) महिलाहरूलाई पुरूष सरह कानूनले समान ब्यवहार गर्नु पर्दछ र महिलालाई घुमफिर, वासस्थानका साथै सम्झौता गर्ने लगायतका अधिकार पुरूष सरह हुनु पर्दछ।

(ण) आफ्नो इच्छा र चाहना अनुसारको बाल-विवाह तथा परिवार सम्वन्धको अधिकार हुनेछ। वाल -विवाह समाप्ति गरिनु पर्दछ। महिलाप्रति हुने तथा गरिने सवै प्रकारको भेदभावको अन्त्य गर्ने उपाय अवलम्वन गरिनु पर्दछ।

नेपालमा गरिएको कानूनी व्यवस्था

नेपालमा महिलाहरूप्रति कानूनद्वारा उपरोक्त कुराहरू लागू गर्ने प्रयत्न शुरूदेखिनै गर्दै आएको भए पनि सन् १९७५ को अन्तर्राष्ट्रिय महिला वर्षदेखि निके बढेको छ। वर्तमानमा प्रचलित नेपाली कानूनले महिलालाई निम्न अधिकारहरू प्रदान गरेको छ :-

(क) नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ मा रहेको महिलासंग सम्बन्धित निर्देशक सिद्धान्त तथा नीति निम्न बमोजिम छ "महिला वर्गको सीप स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकास अधिकाधिक सहभागी वनाउने नीति राज्यले अवलम्वन गर्ने।" "राज्यले अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षण र उन्नतिकालागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ " (धारा २६,७र ९)

(ख) महिलाहरूलाई संविधानले संरक्षण गरेका सवै मौलिक हक प्रयोग गर्न पाउने व्यवस्था गरेको छ। "समान कामको लागि महिला र पुरूषका वीच भेदभाव गरिने छैन" भनेर विशेष सुरक्षा प्रदान गरेको छ। त्यसको अतिरिक्त महिलावर्गको सुरक्षा र विकासको निमित्त विशेष व्यवस्था गर्न सक्ने गरी त्यसवाट समानता सम्वन्धी मूल अधिकारको उलघंन नहुने गरेको छ।

(ग) महिलाहरूलाई नारी वर्षको उपलक्ष्यमा नेपालको मुलुकी ऐनमा धेरै संशोधन गरेर महिलाका निमित्त विशेष हकको व्यवस्था गरिएका छन। मुलुकी ऐनमा उल्लेख महिलाका विशेष हकहरू निम्न छन् -

- विवाह भएको १५ वर्ष पुगेकी आइमाईले अंश लिन पाउने हक
- ३५ वर्षकी अविवाहित छोरीले अंश पाउने हक
- स्त्री अंश धनमा आफू खुसी गर्न पाउने हक
- धर्मपुत्री राख्न दिने हक
- अपुताली छोरा र छोरा नभएमा छोरीले पाउने हक
- जिउ मास्ने वेच्नेको सम्वन्धमा छुट्टै कानूनी व्यवस्था
- विवाहको उमेर १६ र १८ वर्ष निर्धाण

बाल अधिकार सम्वन्धी महासन्धि

बालकका सम्बन्धमा सन १९८९ को नोभेम्वर २० तारिखका दिन संयुक्त राष्ट्र संघको साधारण सभाले बाल अधिकार सम्वन्धी महासन्धिलाई पारित गऱ्यो। नेपालले उक्त महासन्धिलाई अनुमोदन गरिसकेको छ। सो महासन्धिले विश्वका बालकलाई निम्न अधिकार प्राप्त हुनु पर्ने ठहर गरेको छ।

(क) बालक बालिकहरूबीच कुनै किसिमको भेदभाव गर्नु हुँदैन

(ख) बाबु, आमा वा संरक्षकले बाल बालिकको उच्चतम हितलाई प्राथमिकता दिनु पर्दछ। बाबु आमा वा संरक्षक नहुने बाल बालिकाको हितमा राज्यले जिम्मेवारी लिनु पर्दछ। यस्ता बाल बालिकाको लागि राज्यले प्रर्याप्त हेरचाह, सेवा सुश्रूषा व्यवस्था गर्नु पर्दछ।

(ग) बाल बालिकालाई दीर्घजीवन र बाँच्ने अधिकारको सुरक्षा गरिनुपर्दछ।

(घ) बाल बालिकालाई जन्मैदेखि नाम राख्न पाउने, राष्ट्रियता पाउने तथा परिचय (नाम, राष्ट्रियता र पारिवारिक) पाउने अधिकार हुनुपर्दछ।

(ङ) बाबु आमासंग बस्न पाउने अधिकार हुनुपर्दछ। आमा बाबु छुट्टिएमा भेटघाट सम्पर्क राख्न पाउने अधिकार हुनुपर्दछ।

(च) आफ्नो धारणा बनाउन सक्षम बाल बालिकालाई स्वतन्त्र रूपले विचार व्यक्त गर्न पाउने स्वतन्त्रता हुनु पर्दछ। बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनु पर्दछ र धार्मिक स्वतन्त्रता
समेत हुनुपर्दछ।

(छ) संघ संस्था खोल्न पाउने अधिकार हुनुपर्दछ।

(ज) बाल बालिकालाई निजीपन, परिवार, घर र पत्राचार माथि हस्तक्षेप हुनु हुँदैन र गाली बेइज्जतीवाट सुरक्षित हुने अधिकार हुनुपर्दछ।

(झ) वाल वालिकालाई उनीहरूको नैतिक विकास र ज्ञानको उचित जानकारी प्रप्त गर्ने व्यवस्था हुनु पर्दछ।

(ञ) परिवारवाट वञ्चित बालकलाई विशेष संरक्षण प्रदान गरिनुपर्दछ र उसको सांस्कृतिक पृष्ठभूमिलाई ध्यानमा राखेर मात्र अधिकारीले अनुमति दिनुपर्दछ।

(ठ) शरणार्थी बाल बालिकाको विशेष संरक्षण गर्नु पर्दछ।

(ड) अपाङ्ग बाल बालिकालाई स्वावलम्वी भै पूर्ण र सक्रिय जीवनयापन गर्न योग्य वनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण दिने व्यवस्था हुनु पर्दछ।

(ढ) प्राथामिक र निवारक स्वास्थ्य, स्याहार एवं जनस्वास्थ्य शिक्षा पाउने अधिकार बाल बालिकालाई हुनुपर्दछ।

(ण) राज्यको तर्फवाट स्याहार, संरक्षण तथा उपचार पाउने बाल बालिकाको सन्दर्भमा गरिएका त्यस्ता बन्दोबस्तको नियमित मूल्याङ्कन हुनुपर्दछ।

(त) बाल बालिकालाई सामाजिक सुरक्षा पाउने अधिकार हुनुपर्दछ।

(थ) बाल बालिकालाई शिक्षा दिने तथा आफ्नो आम्दानी अनुसार खानलाउन दिनुपर्ने दायित्व बाबु-आमा उपर हुन्छ।

(द) आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिमा भागलिने अधिकार बाल बालिकालाई हुन्छ। अल्पसंख्यक वा आदिवासीका बाल बालिकालाई आफ्नो संस्कृति, धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार हुन्छ।

(ध) बाल बालिकालाई बेश्यावृतिलगायत यौन शोषणवाट संरक्षण, बेच विखन सौदावाजी र अपहरणको रोकथाम, लागू पदार्थको प्रयोगवाट संरक्षण, तथा त्यसको उत्पादन एवं वितरण प्रयोगवाट जोगिने अधिकार, स्वास्थ्य, शिक्षा वा विकासमा हानि पुग्ने काममा वालवालिकालाई लगाउन वन्देज तथा न्यूनतम उमेरको निर्धारणको अधिकार प्राप्त हुनु पर्दछ।

(न) बाल बालिकालाई यातना, क्रूर व्यवहार वा सजाय, मृत्यूदण्ड, आजीवन कारावास र गैर कानूनी गिरफ्तार गर्न अथवा स्वतन्त्रताको अपहरणमा प्रतिवन्ध गरिनु पर्दछ। १५ वर्षमुनिका कुनै पनि बाल बालिकालाई सशस्त्र संघर्षमा लिन वा भर्ती गर्न प्रतिवन्ध गरिनुपर्दछ।

(प) बालबालिका उपरको आरोपित कसुरमा छुट्टै बाल न्याय प्रशासनको स्थापना गरी न्याय प्रदान गरिनुपर्दछ।

नेपालमा बाल बालिकाको संरक्षण

बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेको हुदा सो अनुकूल कानूनी प्रावधान गर्न आवश्यक भएकोले संसदको दोश्रो अधिवेशनले "बाल बालिका सम्वन्धी ऐन २०४८" बनाएको छ। सो ऐनमा बाल बालिकाको निम्न अधिकार संरक्षण गरिएका छन :-

(क) बालकको नाम र जन्म मिति कायम गर्ने अधिकार
(ख) पालन पोषण, शिक्षा तथा स्वास्थ्योपचारको अधिकार
(ग) पालन पोषण, आदिमा छोरा वा छोरी बीच समानताको व्यवहारको अधिकार
(घ) वैवाहिक सम्बन्ध हुनुअधि वा पछि जन्मेका वालक वा धर्मपुत्र वा आफूले जन्माएका बालकका वीच समानताको व्यवहार सम्बन्धी अधिकार
(ङ) क्रूर वा यातनापूर्ण व्यवहार गर्न नपाउने सम्बन्धी अधिकार
(च) भेटघाटको सुविधा सम्बन्धी अधिकार
(छ) धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई जन्माउने बाबुआमासंग भेटघाट वा पत्राचार गर्न पाउने अधिकार
(ज) आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने अधिकार
(झ) बालकको अपराधिक दायित्वबाट मुक्त हुने अधिकार,
(ञ) बालकलाई माग्ने काममा लगाउने तथा मुडने कुराबाट मुक्त हुने अधिकार
(ट) देवी देवताको नाउँमा कन्या छोरीलाई चढाउनबाट मुक्त हुने अधिकार,.
(ठ) कठोर सजाय (हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा गंभीर अपराधीसंग राख्ने कुरामा प्रतिवन्ध) दिनबाट मुक्त हुने अधिकार
(ड) बालबालिकालाई अनैतिक पेशामा संलग्न हुनबाट मुक्त हुने अधिकार
(ढ) कलिलो उमेर (१४ वर्षसम्म) का बालबालिकालाई काम लगाउनबाट मुक्त हुने अधिकार
(ण) बालक (१६ वर्ष नपुगेको) लाई खतरनाक काममा लगाउनबाट मुक्त हुने अधिकार
(त) कानून व्यवसायीबाट प्रतिरक्षा गर्न पाउने अधिकार
(थ) हकको प्रचलन गराउने अधिकार -जिल्ला अदालतले बालक वा निजको तर्फबाट कसैले दिएको निवेदनउपर सुनवाई गरी उपयुक्त आज्ञा, आदेश वा पुर्जी गरिका आधारमा कामको थाहा चाही गरिदिने प्रचलन गरिदिने छ।

महिला विरुद्ध भेदभावका विद्यमान कानून र मानव अधिकार

- वरिष्ठ अधिवक्ता शिलु सिंह

महिलाहरूलाई नसमेटिकन मुलुक प्रजातन्त्रतर्फ लम्कन सक्दछ र ? अर्को शब्दमा भनौं भने मानव अधिकार-महिलाहरूको मानव अधिकार समेतको र प्रजातन्त्र माथिका कुरा हुन् कि होइनन्? प्रजातन्त्र भनेको शासकहरू निर्वाचन गर्ने मात्र त होइन, यो त एक जीवन-पद्धति हो। मानव अधिकारको प्रचलन नै प्रजातन्त्रको प्रचलन हो। मानव अधिकार र प्रजातन्त्र भन्ने दुवै वस्तु आफ्नै घरदेखि शुरू हुन्छ, आम जनस्तरको जगैदेखि शुरू हुन्छ। मानिसहरूले परस्पर कसरी व्यवहार गर्दछन्, शासन-व्यवस्था विषयमा र नागरिकहरूको अधिकार र उत्तरदायित्वमा उनीहरू कस्तो धारणा लिन्छन् भन्ने कुरामा नै मानव अधिकार र प्रजातन्त्र दुवैको अभिव्यक्ति हुन्छ।

प्रजातन्त्रमा सबै नागरिकहरूको समान रूपमा सम्मानका गरिन्छ, कुनै एउटा समूहलाई अलग्याएर दोस्रो दर्जाको नागरिक बनाउन पाइँदैन। पुरूष होस् वा स्त्री, विवाहित होस वा अविवाहित, प्रत्येक व्यक्तिको अस्मिता मानव अधिकारको आधारमूत शर्त हो। साथै प्रजातन्त्र र मानव अधिकार दुवैको अर्को अपरिहार्य शर्त के हो भने लिङ्ग, जाति, समुदाय, धर्म वा विचारधारा जुनसुकै कुरामा आधारित भिन्नता भए पनि त्यसलाई सहन गर्ने।

२०४७ सालको संविधानले पुरूष र महिलाको समानताको सिद्धान्तलाई प्रायः मान्यता प्रदान गरेको छ। संविधानको धारा १७ ले सम्पत्ति सम्वन्धी हकको व्यवस्था गर्दै प्रचलित कानूनको अधीनमा रही सबै नागरिकलाई सम्पति आर्जन गर्ने, बेच बिखन गर्ने र सम्पतिको अन्य कारोवार गर्ने हक प्रदान गरेको छ। साथै संविधानको धारा १३१ ले "संविधान प्रारम्भ हुँदाको बस्वत लागू रहेको सबै कानून स्वारेज वा संशोधन नभएसम्म लागू रहने छन्" भन्ने व्यवस्था पनि गरेको छ। प्रस्तुत सन्दर्भमा हालसम्म रहिरहेका महिला विरूद्धका भेदभाव पूर्ण, कानूनहरूलाई अविलम्व स्वारेज वा समयानुकुल संशोधन नगर्ने हो भने संविधानले प्रदान गरेका माथि उल्लेखित अधिकारहरू व्यवहारमा नेपाली महिलाले प्राप्त गर्न नसक्ने प्रष्ट छ। तसर्थ अविलम्व स्वारेज वा संशोधन हुनुपर्ने केही महत्वपूर्ण कानूनी प्रावधानहरूमायथि प्रकाश पार्नु अति आवश्यक देखिन्छ।

१. मुलुकी ऐनको अशंवण्डा महलको दफा १ मा अशंवण्डा गर्दा बाबु, आमा, स्वास्नी छोराहरूको अंशबण्डा गरिनुपर्ने व्यवस्था छ। छोराहरू जन्मनेबित्तिकै अंशियार हुन्छन्। तर छोरी भने विशेष अवस्थामा मात्र अंशियार हुन सक्छन्। सामान्यतः महिलाकालागि स्वास्नी बनेपछि मात्र अंशियारको हक प्राप्त हुन्छ। यसको अर्थ पुरूषहरूले जन्मेको नाताले र महिलाहरूले विवाहको नाताले अंशियारको हक प्राप्त गर्दछन्। पैत्रिक सम्पत्तिमा अंश हक लगायतका सम्पत्ति सम्बन्धी अधिकारमा महिला र पुरूषको समान अधिकार हुने प्रष्ट व्यवस्था गरिनुपर्दछ।

२. अंशवण्डाको दफा १० मा "छोरा स्वास्नीलाई स्वान लाउन नदिई राख्न हुँदैन। स्वास्नीलाई स्वान लाउन दिने कर्तव्य लोग्नेको र छोरालाई पाल्ने दायित्व वावुको

हुने व्यवस्था छ। तर छोरीलाई स्वान लाउन दिने कानूनी दायित्व पनि वावुको हुनुपर्छ। त्यसकारण छोरीलाई पनि स्वान लाउन दिनु पर्ने प्रष्ट कानूनी दायित्वको व्यवस्था हुनुपर्छ।

३ स्वास्नी मानिसको अंश पाउने अधिकारमात्र सीमित भएको होइन, आफूले पाइसकेको अंश सम्पत्तिको भोग गर्नमा पनि बन्देज छ। तिनले आधामात्र आफूस्वुस गर्न पाउँछन्। वाँकी आफूस्वुसी गर्न कन्याले वावुको स्वीकृति लिनु पर्दछ र सधवा वा विधवाले उमेर पुगेका छोराहरूको मञ्जुरी लिनुपर्दछ। लोग्नेमानिसले आफ्नो सम्पत्ति जसरी आफूस्वुस गर्न पाउँछ त्यस्तै अधिकार स्वास्नीलाई पनि हुनुपर्दछ।

४. अपुताली पर्ने कुरामा महिलामाथि भेदभाव छ। अपुताली पाउनेक्रममा नातिपछि मात्र छोरीको क्रम आउछ। अपुतालीको महलको दफा २ मा "अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी, छोरा वा छोराका छोराभएसम्म छोरीले अपुताली पाउँदिन" भनी स्पष्ट भेदभाव गरिएको छ। अपुताली पाउनेक्रममा छोरीको स्थान छोरासरह रहनुपर्दछ।

५. महिलाको दाइजो पेवाको अपुताली पर्नेक्रममा पनि छोरीमाथि भेदभाव गरिएको छ। "स्त्री अंशधनको" पूँजीले स्वास्नी मानिसको दाइजो पेवाको अपुताली जाँदा संगै बसेको छोरा, त्यस्तो छोरा नभए भिन्न बसेको छोरा, त्यस्तो नभए, लोग्नेले र लोग्ने नभएमात्र छोरीले पाउने व्यवस्था छ। संगैबसेकी छोरीले नपाउने, भिन्न बसेको छोराले अपुताली पाउने व्यवस्था अन्यायपूर्ण छ। आमाको दाइजो पेवाको अपुताली पाउने कुरामा छोरासरह छोरीको पनि हक हुनुपर्दछ।

६. लोग्ने स्वास्नी संगोलमा वस्दाको अवस्थामा लोग्नेले संगोलको सम्पत्ति स्वास्नीको मंजुरीविना आधासम्म आफूस्वुश गर्न पाउँछ। तर लोग्नेको लिखत नभई स्वास्नीको हक नपुगेसम्म साहूले समाउन पाउँदैन। लोग्नेले गरेको लेनदेन व्यवहारले स्वास्नीको हकमा प्रभाव पर्ने, तर स्वास्नीले भने कुनै लेनदेन नै गर्न पाउँदिन। यो भेदभावपूर्ण अवस्थामा हट्नु पर्दछ।

७. भूमि सम्बन्धी ऐन अनुसार मोही मरेपछि निजको मोहियानी हक स्वास्नी वा छोराहरू भएसम्म तीमध्ये तलसिङले कसैलाई दिनुपर्दछ, तर छोरीले मोहियानी पाउने व्यवस्था छैन। यो भेदभाव पूर्ण व्यवस्था हट्नुपर्छ । त्यसैगरी मर्ने मोहीको छोराहरू नभएं विधवा बुहारीलाई मोहियानी दिनुपर्ने व्यवस्था हुनु पर्दछ।

८. लोग्ने स्वास्नीको दायित्व-सम्बन्धमा कुनै पनि पक्ष बफादार रहेन भने त्यस सम्बन्धमा कानूनको समान दृष्टिकोण रहनु पर्दछ। स्वास्नीले लोग्नेको सत डगाएमा त्यस्ती स्वास्नीसित सम्बन्ध विच्छेद गर्ने अधिकार लोग्नेले पाउँदछ। तर आफूप्रति इमान्दार नहुने अरूसित सम्बन्ध रास्वी हिड्ने लोग्नेसंग भने लोग्नेले अर्को स्वास्नी नरास्वेसम्म सम्बन्ध विच्छेद गर्न पाउँदैन। लोग्नेले अर्की स्वास्नी मानिससित सम्बन्ध रास्वेको कुरालाई व्यभिचारको अपराध ठहरिने र त्यस्तो व्यभिचार गर्ने लोग्नेसित स्वास्नीले चाहेमा सम्बन्ध विच्छेद गर्ने व्यवस्था हुनुपर्दछ।

९. प्रचलित कानूनमा बहुविवाह गर्ने लोग्ने मानिसलाई सजायको व्यवस्था छ, तर त्यस्तो विवाह बदर हुँदैन र सौतासित बस्न जेठी स्वास्नी विवश हुनुपर्दछ। त्यसकारण बहुविवाह गर्ने लोग्नेलाई कडा सजाय दिने व्यवस्थाको साथै त्यस्तो अवैध विवाहलाई बदर नै गर्नु पर्दछ। साथै बहुविवाह भइसकेपछि मात्र सजाय हुने व्यवस्थाको सट्टा

त्यस्तो विवाह हुन लागेको सूचना प्राप्त भएमा त्यस्तो विवाहलाई रोक्न आवश्यक कानूनी व्यवस्था पनि हुनुपर्दछ ।

१०. विवाहवारीको महलको दफा ९ मा लोग्नेमानिसले बहुविवाह गर्न पाउने अवस्थाको जुन व्यवस्था गरिएको छ, त्यो महिला विरूद्ध भेदभावपूर्ण छ । किनभने त्यस्तै अवस्था लोग्ने मानिसहरूलाई परेमा कानूनमा केही व्यवस्था छैन । महिलालाई मात्र थोपारिएको यो भेदभावपूर्ण दफा स्वारेज हुनुपर्दछ ।

११. बालविवाह र अनमेल विवाहलाई नियन्त्रण गर्नकालागि प्रचलित कानूनमा भएको सजायको व्यवस्था अपर्याप्त छ । यसमा अझ बडी सजायको व्यवस्था हुनुपर्दछ ।

१२. संरक्षकको स्वीकृतिले हुने विवाहमा वर्तमान उमेरको हदलाई बढाई केटीको उमेर कमसेकम १८ र केटाको उमेर २० गरिनुपर्छ ।

१३. प्रचलित कानूनमा जस्तोसुकै अवस्थामा पनि गर्भ तुहाउन नपाइने व्यवस्था छ । जवर्जस्तीकरणी वा हाडनाता करणीवाट रहन गएको गर्भलाई गर्भवतीको इच्छानुसार गर्भपात गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

१४. जवरजस्तीकरणी जस्तो जघन्य अपराधलाइ नियन्त्रण गर्न त्यस्ता अपराधीलाई दिइने वर्तमान सजायको व्यवस्था हल्का देखिएको हुनाले सजाय बढाइ सर्वस्व सहित जन्मकैदको सजाय हुनु पर्दछ र सर्वस्व गरिएको सम्पत्ति जवरजस्ती गरिएकी महिलालाई दिलाउने व्यवस्था हुनुपर्दछ ।

१५. जवरजस्तीकरणीको दफा १० मा "जवरजस्तीकरणी गरिएकी स्वास्नीमानिसले अघिल्ला लोग्नेपट्टिको ऐन वमोजिम पाउने अंशपनि जिउताभर भोग गर्न पाउछे " भन्ने वाक्यांशले महिलाको अपमान गरिएको छ । यसमा **अघिल्ला** भन्ने शब्द र **जिउतामर** भन्ने शब्दहरू हटाइनुपर्दछ ।

अन्त्यमा, उल्लेख्य गरिए अनुसारका कानूनहरूमा समयानुकूल परिवर्तन गर्न सकिएमा यी कार्यकदम सावित हुनेछ । कानूनको निर्माण सम्बन्धी यी महत्वपूर्ण कार्यपश्चात् यसलाई व्यवहारमा उतार्न सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।

मानव अधिकार हननको रोकथाममा जनताको भूमिका
(Meta-legal Remedies of Human Rights Violation)

- नवीन शर्मा

मानव अधिकारको उल्लंघन निरंकुश शासन व्यवस्थादेखि लिएर प्रजातान्त्रिक शासन व्यवस्था भएका मुलुकहरू सम्पूर्ण ठाउँमा भेटिएको छ। मानव अधिकारको उल्लंघन चाहे निरंकुश शासन व्यवस्था भएका मुलुकमा होस् वा प्रजातान्त्रिक मुलुकमा त्यो एउटा ठूलो अपराध हो। यसलाई शासन व्यवस्थाको आधारमा गम्भीर अथवा सामान्य भनेर छुट्याउन मिल्दैन। तापनि मानव अधिकार उल्लंघनको नियन्त्रण र रोकथामको पक्षलाई हेर्दा प्रजातान्त्रिक मुलुक र अन्य शासन व्यवस्था भएका मुलुकहरूमा यो पक्षमा धेरै भिन्नता भेट्न सकिन्छ। प्रजातान्त्रिक मुलुकमा मानव अधिकारको उलंघनको नियन्त्रणका लागि सरल तरीकाबाट कानूनको प्रयोग गर्न सकिन्छ र साथै यसको रोकथामकोलागि पनि धेरै उपायहरू अवलम्बन गर्न सकिने सजिलो वातावरण भेटिन्छ भने अन्य अप्रजातान्त्रिक शासन व्यवस्थामा भएका मुलुकहरूमा यसको नियन्त्रणकोलागि कानूनहरू नै मुख्य अवरोध बन्ने गर्दछ र रोकथामको उपाय अवलम्बन गर्न पनि उत्तिकै जटिल वातावरणको सामना गर्नुपर्ने हुन्छ। यसैले मानव अधिकार उल्लंघनको नियन्त्रण र रोकथामलाई दुई उपायको रूपमा हेर्न सकिन्छ।

१) कानूनी उपाय (Legal Remedies)
२) अकानूनी उपाय (Meta-legal Ramedies)

कानूनी उपाय

कानूनी उपायभन्दा वकिलको प्रत्यक्ष संलग्नतामा प्रचलित कानूनहरूको प्रयोग गरी न्यायिक संस्थाहरूबाट मानव अधिकारको उल्लंघन रोक्ने र उल्लंघनकर्तालाई दण्डित गर्ने भन्ने बुझिन्छ। यो उपाय मानव अधिकार संरक्षित कानूनहरूको उपस्थितिमा मात्र (केवल प्रजातान्त्रिक मुलुकहरूमा मात्र देखिएको) बढी सार्थक देखिएको छ। प्रजातान्त्रिक व्यवस्था नभएका मुलुकहरूमा सर्वप्रथम त यो उपायको प्रयोग नै सम्भव हुँदैन अथवा प्रयोग गर्न सकिने अवस्था भए पनि त्यहाँका प्रचलित कानूनहरू अपूर्ण र दोषपूर्ण हुनेहुँदा मानव अधिकार उल्लंघन रोक्ने कार्यलाई यसले कुनै सहयोग पुऱ्याउँदैन। हाम्रो जस्तो मुलुकमा जहाँ प्रजातान्त्रिक अभ्यासको वातावरण भर्खर मात्र तयार हुँदैछ, जहाँ कानूनी उपायको जानकारी कमैलाई छ र जहाँ यो उपाय धेरै खर्चिलो र समय लाग्ने अवस्थामा छ। यस परिस्थितिमा सो उपायले ठूलो सफलता पाउन सकेको छैन।

अकानूनी उपाय

यो उपायभन्दा वकिलको महत नलिई जनताको आफ्नै संलग्नता र प्रयासमा अथवा आफ्नै भूमिकामा मानव अधिकार उलंघन रोक्ने अथवा नियन्त्रण गर्ने उपाय बुझिन्छ। यसले जनताका त्यस्ता क्रियाकलाप, सतर्कता अथवा उपायहरू बुझाउँछ, जसमा कुनै न्यायिक संस्था

अथवा प्रशासनको संलग्नता रहँदैन। यो उपाय सधैं कानूनी उपायभन्दा माथि हुन्छ र पूर्णरूपमा अन्तर्राष्ट्रिय कानूनहरूको दायराभित्र पर्दछ।

अकानूनी उपायका उद्देश्यहरू

- मानव अधिकार उलघंन अथवा शोषण, दमन, अत्याचारसंग सम्वन्धित घटनाहरूप्रति जनताको सचेतन अभिवृद्धि गर्नु। यसको नियन्त्रण र रोकथामको लागि सामूहिक प्रयास गर्नु।
- समस्या सामाधानप्रति आधिकारिक व्यक्ति, संस्था वा सरकारको ध्यानाकर्षण गराउनु र उनीहरूलाई समस्या समाधानार्थ दवाव महसूस गराउनु।
- परिवर्तन र विकासको लागि पूर्व वातावरण तयार गर्नु। नयाँ समाजको सिर्जना गर्नु।

अकानूनी उपायका केही स्वरूपहरू

शोषण उत्पीडन र अत्याचारको अनुभवसंगै यस उपायको स्वरूपको निर्धारण र विकास हुने गर्दछ। त्यसैले यसका स्वरूपहरू असंख्यक हुन सक्छन्। निम्न लिखित स्वरूपहरू मानव अधिकारको इतिहाससंगै विकास हुँदै आएका हुन् :

१. **छलफल**

क) बैठक
ख) कार्यशाला गोष्ठी

वुद्धिजीवी, समाजसेवक र समस्याप्रति चासो राख्ने सवै व्यक्तिहरू जम्मा भई समस्या समाधानार्थ सरसल्लाह गर्नु नै छलफल हो। छलफलको मुख्य उद्देश्य समस्या समाधानको निम्ति संगठित र सामूहिक प्रयासको खोजी गर्नु हो। सामान्य भेटघाट, वैठक, कार्यशाला, गोष्ठी आदि छलफलका माध्यम हुन्।

२. **प्रतिनिधिमण्डलपठाउने**

समस्या समाधानको निम्ति छलफलद्वारा निर्धारित व्यक्तिहरूको टोली, प्रतिनिधि मण्डल पठाउनु हो। प्रतिनिधि मण्डल पठाउनुका उद्देश्य :

- सम्बन्धित व्यक्ति, अधिकारी अथवा निकायको समस्याप्रतिको दृष्टिकोण बुझ्ने र आफ्ना दृष्टिकोणहरू राख्ने।
- समाधानका उपायहरू खोज्ने।
- सम्बन्धित व्यक्ति अथवा संस्थासमक्ष प्रत्यक्ष विरोध गर्ने।
- समस्या समाधान हुने अवस्थामा सझौता गर्ने।

३. चिठीपत्रहरूकोआदानप्रदान

चिठी-पत्रहरूको आदान-प्रदानमन्दा चिठी लेख्वी समस्या समाधानको प्रयास वुझिन्छ। यसमा चिठी-पत्रहरूको माध्यमबाट सम्बन्धित व्यक्ति अथवा संस्थालाई आफ्ना मागहरू राख्ने समस्या समाधानकालागि अनुरोध गर्ने र विरोध जनाउने साथै पीडित व्यक्तिलाई चिठीपत्रहरूको आदान-प्रदानवाट सहानुभूति व्यक्त गर्ने पीडित व्यक्तिको उत्साह बढाउने र उल्लंघनकर्तालाई हतोत्साही पार्ने काम गरिन्छ।

४. प्रकाशन

प्रकाशन समस्याको व्यापक प्रचार र व्यापक विरोधकालागि प्रयोग गरिने उपाय हो। यसमा निम्न कार्यहरू गर्न सकिन्छ :

- पत्रपत्रिकाका सम्पादकलाई चिठी लेख्ने, लेखहरू प्रकाशित गराउने, पत्रकार सम्मेलन गरी आफ्ना रायहरू व्यक्त गर्ने।
- प्रेस वक्तव्य प्रकाशित गर्ने।
- सम्बन्धित पुस्तक पुस्तिकाको प्रकाशन गर्ने।

५. सांकेतिक हडताल (Token Strike)

यो साधारणतया आम हड्ताल शुरू गर्नअघि अथवा सांकेतिक रूपमा विरोध जनाउनका लागि गरिन्छ। यसले अग्रिम चेतावनी दिने कार्य गर्दछ। यसमा कालोप ठुट्टी, कालोछाता, कालोलुगा अथवा अन्य सांकेतिक वस्तु लगाई अथवा लिएर अथवा सांकेतिक रूपमा मात्र विरोध जनाउने कार्य गरिन्छ। सांकेतिक हडतालको रूपमा निम्न कार्यहरू गर्न सकिन्छ :

- आंशिक कार्यबन्द ।
- ऐक्यबद्धता साङलो।
- बत्ती बन्द।
- रिले अनसन।
- प्रार्थना सभा।

६. आम-हड्ताल

आफ्ना मागहरू पूरा गराउन शान्तिपूर्ण तरीकावाट शक्तिप्रर्दशन गरी दवाव सिर्जना गर्नु यसको मुख्य उद्देश्य हो। यसमा निम्न कार्यहरू गर्न सकिन्छ :

- आमसभा।
- ऱ्याली, पदयात्रा, जुलुश।
- काम बन्द, चक्का जाम, बजार बन्द।
- वहिस्कार।
- आमरण अनसन।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्पर्क

यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट समर्थन जुटाउन गरिने उपाय हो। यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरूसंग सम्पर्क गरी निम्न कार्यहरू गर्न सकिन्छ :

- उनीहरूलाई समस्याको जानकारी गराउने।
- मानव अधिकारको उल्लंघन अथवा शोषण दमन अथवा अत्याचारकोलागि सम्बन्धित व्यक्ति वा निकाय समक्ष विरोध जनाउन प्रेरित गर्ने।
- अन्य नैतिक तथा भौतिक सहयोग जुटाउन अनुरोध गर्ने।

अकानूनी उपायहरूकालागि अत्यावश्यक कुराहरू:

- एकता।
- सामूहिक प्रयास।
- संख्यात्मक शक्ति।
- शक्तिपूर्ण प्रयास।
- मानव अधिकारसंग सम्बन्धित सामाजिक र राजनैतिक संघ-संस्थाहरूका बारे जानकारी ।
- अन्तर्राष्ट्रिय मानव अधिकार संघ-संस्थाहरूबारे जानकारी।

मानव अधिकार हनन र तथ्य संकलन

- सुबोध प्याकुरेल
- ठाकुर ढकाल
- शिवहरि दाहाल

मानवअधिकार भनेको के हो भन्नेबारे हामीले केही हदसम्म बुझिसकेका छौं। मानवअधिकार हनन र तथ्य संकलनबारे केही भन्नु अगाडि मानव अधिकारको क्षेत्रमा देखिएका विभिन्न नकारात्मक वा सकरात्मक अवधारणाहरू बारे जान्नु आवश्यक छ। मुख्यतया मानवाधिकारको धारणालाई निम्न ३ भागमा विभाजन गर्न खोजिएको छ। -

१. नागरिक तथा राजनैतिक अधिकारः स्वासगरी पश्चिमका सम्पन्न मुलुकहरूले यस अधिकारलाई जोड दिदै आएका छन्। र, यसभन्दा पनि बढी, नागरिक तथा राजनैतिक अधिकारलाई मानवअधिकारको पहिलो पुस्ता (First generation) भनिदै आएको छ। यसको मतलव यो अधिकार पूर्ण रूपमा प्राप्त नगरी अन्य अधिकारको कुरा गर्न सकिदैन। यसवाट के प्रष्ट हुन्छ भन्ने नागरिक तथा राजनैतिक अधिकार नै सवै अधिकार हो। यहाँनेर अन्य अधिकारहरूको बारेमा चासो लिएको देखिदैन।

२. सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारः पश्चिमका सम्पन्न मुलुकहरूले जोड दिदै आएको नागरिक तथा राजनैतिक अधिकारको धारणा विपरीत केही समाजवादी मुलुकहरूले (उदाहरणको लागि चीन) सामाजिक, आर्थिक र राजनैतिक अधिकारलाई जोड दिदै आएका छन्। यस धारणा अनुसार जवसम्म मानिसले आर्थिक अधिकार पूर्ण रूपमा उपभोग गर्न पाउदैनन् तवसम्म अन्य अधिकारको बारेमा कुरा गर्न सकिदैन। यस अधिकारलाई दोश्रो पुस्ता (Second Generation) मानिएपनि समाजवादी मुलुकहरूले यसलाई पहिलो पुस्ताको रूपमा मान्दै आएका छन्। त्यसकारण ती मुलुकहरूले नागरिक तथा राजनैतिक अधिकारलाई वेवास्ता गर्दै आएको देखिन्छ।

३. राष्ट्रिय सम्पदा तथा विकासको अधिकार (Rights to Development): यो अधिकारलाई मानवअधिकारको क्षेत्रमा तेश्रो पुस्ताको रूपमा चिनिन थालिएको छ। राष्ट्रिय सम्पदाको अधिकार भनेको देशमा हुने प्रत्येक विकासको कार्यक्रममा जनताको हक तथा उनीहरूको सहभागिता हुनु हो।

हाम्रो धारणा

यसरी मानव अधिकारको क्षेत्रमा विभिन्न धारणाहरू देखिए तापनि हामी यसलाई भिन्न रूपमा लिन सक्दैनौं। हाम्रालागि सवै अधिकारहरू वरावर हुन्। हामीले मानव अधिकारलाई ३ क्षेत्रमा विभाजित गरी कुनै एक क्षेत्रलाई उपेक्षा गर्यौं भने मानव अधिकारको आन्दोलन अपूर्ण र

अधुरो रहनेछ। उदाहरणकालागि यदि टेम्पो (३ पाङ्ग्रे) को एक चक्का पञ्चट भयो भने यसले आफ्नो गति लिन सक्दैन, त्यस्तै मानव अधिकारको आन्दोलन पनि अघि बढ्न सक्दैन। निश्चयनै मानव अधिकारको आन्दोलन अघि बढाउन नागरिक तथा राजनैतिक अधिकार पूर्ण रूपमा सम्मानित हुनुपर्छ, तर यसो भन्दै अरू अधिकारलाई कम महत्व दिन मिल्दैन।

मानिसको सवैभन्दा महत्वपूर्ण अधिकार बाँच्न पाउने अधिकार हो। ससम्मान बाँच्नकालागि बोल्ने अधिकार (अथवा नागरिक तथा राजनैतिक अधिकार) प्राप्त हुन आवश्यक छ। यदि तपाईलाई बोल्न र बाँच्नका लागि खान पाउने अधिकारमध्ये एक रोज्न दिइयो भने तपाई कुन अधिकार लिन चाहनु हुन्छ ? तर, बाँच्न पाउने अधिकारलाई यसरी विभाजन गर्न सकिदैन।

त्यसकारण, पहिलो अनिवार्यता अनुसार ससम्मान बाँच्ने अधिकार पूर्ण रूपमा सुरक्षित हुनु आवश्यक छ। तर यसो भनेर अरू अधिकारहरूलाई कम महत्व दिन खोजिएको होइन।

अब आऔं नेपालको सन्दर्भमा। तर नेपाली जनताले प्रजातन्त्रमात्र हैन मानव अधिकारको बहाली सहितको सवाललाई लिएर आन्दोलन गरेका थिए। के निर्वाचित सरकारको स्थापना भएपछि जनताका अधिकारहरू सुरक्षित भएका छन् त ?

नेपालमा हालसालै घटेका विभिन्न घटनाले (विस्तृत विवरणको लागि INSEC प्रकाशनहरू हेर्नुहोस्) मानव अधिकारको वास्तविक स्थितिलाई चित्रण गर्दछ। हामीलाई यो भन्न दुःख लाग्छ कि मानव अधिकारको स्थिति पञ्चायतको भन्दा निकै राम्रो छ भन्न सकिदैन। संविधानमा सभा, जुलुश गर्ने अधिकार उल्लेख गरिएको छ तर सरकार शान्तिपूर्ण विरोध प्रदर्शनमा गोली चलाइरहेको छ, यस स्थितिले के देखाउँछ ?

सर्वसाधारण जनताले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार त परै जावस् नागरिक तथा राजनैतिक अधिकार पनि पूर्ण रूपमा उपभोग गर्न पाइरहेका छैनन्। यस परिस्थितिमा मानव अधिकार कार्यकर्ताका उत्तरदायित्व के हो ?

जवसम्म जनताहरू आफ्नो अधिकारवारे विज्ञ हुँदैनन् तवसम्म उनीहरूले आफ्नो अधिकारको सुरक्षा गर्न सक्दैनन्। यसको लागि त तपाईहरू विभिन्न क्षेत्रमा जनतालाई शिक्षित गर्ने काममा लाग्नु भएको छ। तर यसैवेला मानव अधिकारको हनन हुने घटना भए के गर्ने ?(जस्तै प्रहरीको गोलीबाट मृत्यु)

मानव अधिकारको सुरक्षा गर्न र भविष्यमा हनन हुन नदिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सरकारलाई दवाव पनि आवश्यक हुन्छ। यसका लागि हामीलाई घटनाको वास्तविक र पूर्ण विवरण आवश्यक हुन्छ। यही सूचनाको आधारमा हामी दवाव सृजना गर्न सक्षम हुन्छौं।

हनन कसले गर्छ ?

मानव अधिकारको हनन मूलतः सरकारबाट हुने गर्छ। त्यस्ता हननका कार्यहरू सरकारले कुनै न कुनै कानूनको आधारमा गरेको हुन्छ। तर जनताले त्यही घटना घटाए भने त्यसलाई अपराध मानिन्छ र "कानून अनुसार" कार्वाही गरिन्छ।

मानव अधिकारको हनन समाजवाट पनि हुन्छ जसलाई सामाजिक अन्याय भनिन्छ (जस्तै : छुवाछुतको भावना, वर्गीय भावना, कमैया प्रथा आदि)

त्यसैगरी मानव अधिकारको हनन् शसस्त्र दलवाट पनि हुन्छ। (जस्तै : श्री लङ्का र बोस्नीयाका घटनाहरू)।

मानव अधिकारको हनन बाह्य देश र विभिन्न अन्तर्राष्ट्रिय नियोग (Multinational Corporation) हरूबाट पनि हुन्छ। जस्तै : भोपाल ग्यास दुर्घटना, वित्तीय संस्था (विश्व बैंक), Union Carbide।

सूचना संकलन

हाम्रो परिप्रेक्ष्यमा अहिले सरकारवाट हुने मानव अधिकार हननको (स्वासगरी नागरिक तथा राजनैतिक अधिकार) सूचना संकलन गर्नु हो। मानव अधिकार हनन हुने बित्तिकै यसको विरूद्ध पाइला चाल्न अत्यावश्यक हुन्छ। यसकालागि पहिलो कदम चाल्नु भन्नुको वास्तविक तथ्य पत्ता लगाउनु हो र यस अवस्थामा पत्रकारिताको ६ वटा प्रश्नहरू ध्यानमा राख्न आवश्यक छ। ती हुन्: Who, What, Where, When, Why, and How .

छोटकरीमा : 5W र 1H

सूचना संकलन कार्य सुलभ होस् भन्नकालागि हामीले आफै एक किसिमका फर्म बनाएका छौं (जसको एक-एक प्रति तपाईहरूलाई दिइएको छ।)। यस फर्ममा लेखिएका सवै प्रश्नका उत्तरहरूका बराबर महत्व छन्। सूचना संकलन गर्दा कुनै पनि महत्वपूर्ण कुरा नछुटोस् भनी ध्यान पुऱ्याउन आवश्यक छ।

सूचना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरू

सूचना संकलन विभिन्न तरिकावाट गर्न सकिन्छ। जस्तैः घटना घटेको ठाउँमा गएर, विभिन्न व्यक्तिसंग अन्तर्वार्ता लिएर, पीडित वा नातेदारसंग कुराकानी गरेर इत्यादि। यस कार्यकालागि सूचना संकलक नम्र हुनुपर्छ। कसैसंग जवर्जस्ती सूचना संकलन लिने कोशिश गर्नु हुँदैन। यस कार्यमा न्यायाधीशको जस्तो भूमिका खेल्न पनि हुन्न। यदि हामी पीडितसंग सूचना लिन गैरहेका छौं भनौ हाम्रो वास्तविक उद्देश्य उसलाई बुझाउन सक्षम हुनुपर्छ। यहाँ भन्न खोजिएको के हो भने जुन व्यक्ति सूचना लिन गइरहेको छ उसले आफूलाई पनि पीडितको स्थानमा राख्वेर सोच्नु पर्छ।

सूचनाको महत्व

सूचना शक्ति हो (Information is Power)। सूचनाको प्रवाहवाट हामीकहाँ के भैरहेको छ भन्ने थाहा पाउछौं। यसले नै कहाँ कसवाट मानव अधिकारको हनन भैरहेको छ थाहा दिन्छ। यसरी एकातिर घटिरहेको घटनाको जानकारी उपलब्ध हुन्छ भने अर्कोतिर त्यस्ता घटना घटाउन जिम्मेवार पक्षलाई उचित सजाय दिलाउन र भविष्यमा त्यस्ता घटना दोहरिन नदिन आबश्यक कदम चाल्नकालागि सूचनाको आवश्यक पर्छ, अन्यथा यो कार्य असंभव हुन सक्छ।

सूचनाहरू केन्द्रमा आइसकेपछि त्यसको राम्रो अध्ययन गरी आवश्यकता अनुसार विभिन्न मानव अधिकार सम्बन्धी कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थामा पठाइन्छ। त्यसैगरी आफ्नै प्रकाशनहरूमा ती सूचनाहरू प्रकाशित गरिन्छ।

सन् १९४८ डिसेम्वर १० मा संयुक्त राष्ट्र संघको साधारण सभाले मानव अधिकारहरूको विश्वव्यापी घोषणा-पत्र जारी गऱ्यो। साधारण सभाको यस ऐतिहासिक कदम

पछि राजनैतिक आधारमा कुनै भेदभाव नगरी मुख्यतः शिक्षण संस्थाहरूमा घोषणापत्रको प्रसार, प्रदर्शन, पठन तथा व्याख्यान गराउन आब्हान गरिएको थियो ।

यसै घोषणा पत्रको आधारमा १९६६ डिसेम्बर १६ मा १) नागरिक तथा राजनीतिक अधिकारका अन्तराष्ट्रिय अनुबन्ध र २) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका अन्तराष्ट्रिय अनुबन्ध १९७६ मार्च २३ देखि लागू हुने गरी जारी गरियो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा ३० वटा धाराहरू छन् । जसले मानव परिवारका सवै सदस्यहरूको अन्तरनिहित मान तथा सम्मान र अविछिन्न अधिकारहरूको मान्यतालाई सुरक्षित पारेका छन् ।

मानव अधिकार सम्बन्धी सर्वव्यापी घोषणापत्र अनुरूप आफ्ना नागरिक तथा राजनैतिक अधिकारका साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको उपभोग गर्न सक्ने गरी परिस्थितिहरू सिर्जना भएका छन् भने मात्र नागरिक तथा राजनीतिक स्वतन्त्रता, त्रास तथा चाहनावाट कुनै न कुनै रूपमा स्वतन्त्रताको उपभोग गरिरहेका स्वतन्त्र मानव मात्रको आदर्श प्राप्त हुन सक्दछ भन्ने कुरालाई मान्यता दिदै जारी गरिएको नागरिक तथा राजनीतिक अधिकारको अनुबन्धमा ५३ वटा धाराहरू छन् ।

त्यस्तै प्रत्येकले उसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनैतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्रै डर र अभाबवाट स्वतन्त्रता उपभोग गर्ने स्वाधीन मानवहरूको आदर्श प्राप्त गर्न सकिन्छ र व्यक्तिको अरू व्यक्तिहरू र ऊ वसेको समुदायप्रति कर्तव्य हुने निश्चित गरी जारी गरिएको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू वारेको अनुबन्धमा ३१ वटा धाराहरू छन् ।

नेपालमा मानव अधिकारको स्थिति एक बर्षभरिमा कस्तो रहयो भन्ने जानकारी लिने अभिप्रायले इन्सेकले प्रत्येक वर्ष मानव अधिकार - वर्ष पुस्तक (Human Rights Year Book) निकाल्ने विचार गरेको हो । हामीलाई यस किसिमको पुस्तक प्रकाशन गर्ने प्रेरणा ख्यातिप्राप्त मानवअधिकार प्रवक्ता स्वर्गीय प्रकाश काफ्लेले नै दिनु भएको थियो ।

जुन देशमा केवल तीस प्रतिशत जनता साक्षर छन्, सत्तरी प्रतिशत जनता गरिवीको रेस्वामुनि वाँच्न बाध्य छन् र तीन चौथाई भूभाग पहाडै पहाडले घेरेको र विकट छ - त्यस्तो देशको स्थितिमा यो काम दुरूह हुनु स्वभाविक छ । त्यसमाथि सञ्चार, प्रेस र जागरणको पहुँचभन्दा निकै पर सामन्ती अवधारणा र संस्कारले ग्रस्त अनि पंचायतकालीन प्रशासनयन्त्रकै मनोगत र कार्यगत शैलीमा परिवर्तन ल्याई नसकिएको परिस्थितिमा मौलिक नागरिक हक र मानव अधिकारको दैनन्दिन उल्लंघनका राष्ट्रव्यापी घटनाहरूको अभिलेख राख्नु असम्भवप्रायः हुनु स्वभाविक ठहर्छ ।

देशभरि लगभग एकै चरित्रका मानव अधिकार उल्लंघनका घटनाहरू घट्ने गरेका छन् । तर कतै कतै यस्तो उल्लंघन भयावह रूपमा विस्तारित भएको पनि छ ।

नागरिक, राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, यातना, महिला, दासत्व, देहव्यापार, विवाहिता महिलाको नागरिकता, शरणार्थी आदि तमाम समस्याहरू हामीले विश्व मानव अधिकारको घोषणापत्र, अनुबन्ध, संकल्प, आदिको न्यायोचित अवधारणावाट समाधान खोज्नेतर्फ जनतालाई अभिप्रेरित गर्नु जरूरी छ । यस अर्थमा भ्याएसम्म सबै खालका मानव विरोधी, मानव अधिकारको उल्लंघन व्यापक रूपमा गर्ने प्रकृतिका सवै घटनाहरूको र मानव अधिकारको क्षेत्रमा भएका उपलब्धिहरूको समेत अभिलेख राख्न अत्यन्त जरूरी छ ।

स्वभावैले प्रजातन्त्रको नवोदयको यस चरणमा राजनीतिक चरित्रका मानव अधिकार उल्लंघनका घटनाहरूले सर्वाधिक चासो जगाएका छन् । तर हामी सवैखाले मानव अधिकारको प्रतिकूल हुने घटना, परिघटनालाई दर्ज (दर्ता) गर्ने, जनचासो बढाउने र संगठित जनजागरणको सक्रिय पहलद्वारा मानव अधिकारको आदर्श प्राप्त गर्ने अभियानको यात्रामा ताती गर्दैछौ । आशा

छ, सबै मानव अधिकार कार्यकर्ता र शुभेच्छुकहरूको सहयोगले यस अप्ठयारो कामलाई सुगम पार्नमा मद्दत पुग्ने छ ।

मानव अधिकार उल्लघंनका घटनाहरूको संकलन गर्न इन्सेकले पाँच किसिमका फारामहरू तयार पारेको छ । यी फारमहरू HURIDOCS ले तयार गरेको फाराम बाट नेपालीमा रूपान्तर गरिएका हुन् । ती निम्न प्रकारका छन्ः

१) घटना विवरण फारम
२) घटना पीडितको विवरण फारम
३) घटना श्रोतको विवरण फारम
४) आरोपित दोषी (पीडक) विवरण फारम
५) पीडितलाई गरिएको सहयोग विवरण फारमद्वारा घटनाहरूको सम्पूर्ण पक्षको अभिलेख राख्विने छ ।

फाराम भर्न अप्ठयारो हुने ठानिएमा घटनाहरू वेग्लै कागजमा लेख्न सकिने छ । महिलाहरूप्रति, पिछडिएका जातिहरूप्रति, बालश्रम र बालकप्रति गरिने दुर्व्यवहार, अप्रत्यक्ष वा प्रत्यक्ष दासत्व, असमान मजदूरी, छुवाछुत, आदि विषयमा प्रत्यक्ष देखाउन सकिने केही घटनाहरूको वारेमा मात्रै भएपनि हरेक गाउँ, ठाउँवाट संकलन गरी पीडाको प्रत्यक्ष वर्णन सहित अन्य कतिको संख्यामा यस्तो भइरहेको होला त्यसवारे अन्दाज गर्न र जिम्मेवार, सचेत समुदायलाई घच्घच्याउन सकिन्छ ।

राजनीतिक कारणले अपराधिक आरोप लगाइएका वा प्रशासनिक भेदभावका घटनाहरूका वारेमा सम्बद्ध सबै पक्षको भनाइ बटुल्नु पर्ने हुन्छ । यस्तो स्थितिमा फारामको पछाडि केही ठाँउ (मार्जिन) छोडेर वा सादा पाना थपेर भएपनि रिपोर्ट बटुल्नु पर्छ । प्रमाणमा सहयोग पुऱ्याउने कुनै पनि लिखत, फोटो, बटुल्नु पर्छ । प्रत्यक्षदर्शी र नजिकका नाता सम्बन्धी इष्टमित्रको भनाइ पीडित स्वयम्को वयान वाहेक सर्वोच्च प्राथमिकताको विषय हुन् । प्रजातन्त्रमा सुसूचित हुने नागरिक अधिकारको पूर्ण उपयोग गर्नु पर्ने नागरिक दायित्व पनि हो । पीडित परिवारका महिलाहरूले प्रत्यक्ष समस्या भोग्नु पर्ने हुँदा सम्बन्धित ठाउँमा प्रयास गर्नेतर्फ उनीहरूलाई पनि अभिप्रेरित गर्नु पर्छ ।

यसरी पचहत्तरै जिल्लावाट सूचना संकलन गरिएपश्चात् यसपटक हामीले ६ मूख्य शीर्षकहरूमा विभाजन गरेर मानव अधिकारको स्थितिको राष्ट्रिय वार्षिक अभिलेख राख्ने भएका छौ ।

१) बाँच्न पाउने अधिकार (Survival Rights)

१:१ वैयक्तिक स्वतन्त्रताको - घो. (३)
१:२ यातना विरूद्धको - घो. (५)
१:३ सम्पत्तिको अधिकारको - घो. (१७)
१:४ सामाजिक सुरक्षाको - घो. (२२)
१:५ स्वास्थ्य र कल्याणकालागि जीवनस्तरको अनि शक्ति वाहिरको कुनै परिस्थितिमा सुरक्षाको-घो. (२५)

२) सदस्यताको अधिकार (Membership Rights)

२:१ स्वतन्त्रता समानताको - घो .(१)
२:२ भेदभाव विरूद्धको - घो. (२)
२:३ दासत्व विरूद्धको - घो .(४)
२:४ कानूनी समानताको - घो. (६)
२:५ कानूनद्वारा समान संरक्षणको - घो (७)
२:६ विचरण र वसोवासको - घो (१३)
२:७ नागरिकताको - घो (१५)
२:८ धार्मिक स्वतन्त्रताको - घो (१८)
२:९ सम्मान र स्वतन्त्र विकासको निम्ति आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार - घो (२२)
२:१० संस्कृति र विज्ञानको - घो (२७)

३) संरक्षण तथा सुरक्षाको अधिकार (Protection Rights)

३:१ अपमान विरूद्धको - घो (५)
३:२ मौलिक अधिकारको प्रभावोत्पादक उपचारको - घो (८)
३:३ मनपरी पक्राउ/थुना विरूद्धको - घो (९)
३:४ स्वतन्त्र, निष्पक्ष, सुगम न्यायिक अदालतको - घो (१०)
३:५ बचाउको सुविधा दिइएको र खुला अदालतको - घो (११)
३:६ कार्य सयमको कानूनको - घो (११)

४) सवलताको अधिकार (Empowerment Rights)

४:१ विचारको अधिकार - घो (१९)
४:२ स्वतन्त्र प्रेस / सञ्चारको अधिकार - घो (१९)
४:३ शान्तिपूर्ण सभा गर्ने, संस्था खोल्ने अधिकार - घो (२०)
४:४ ट्रेड युनियनको अधिकार - घो (२३)
४:५ गौरवान्वित आजीविकाको अधिकार - घो (२३)
४:६ शिक्षाको अधिकार - घो (२६)
४:७ साँस्कृतिक अधिकार - घो (२६)

५) राजनीतिक अधिकार (Political Rights)

५:१ शासनमा प्रत्यक्ष र स्वतन्त्र सहभागिता - घो (२१)
५:२ निष्पक्ष र गोप्य मतदान - घो (२१)

६) महिला भेदभाव विरूद्धको अधिकार (Declaration on the Elimination of Discrimination against Women)

६.१ महिला किनवेच / - घो (१६)
६.२ महिला बलत्कार (बालिका समेतको)

घो = संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणापत्रको धारा

ध्यान दिनुपर्ने केही कुराहरू

क) मानव अधिकारको उल्लंघन गर्ने क्षेत्र :

१) प्रशासन / प्रहरी / सेना ।
२) समाज / परिवार / व्यक्ति ।
३) अदालत / (मानव अधिकार प्रतिकूल कानूनका कारण । जस्तै नेपालमा विधवाले आफ्नो सम्पत्तिको सञ्चालन आफूखुशी गर्न पाउन्नन् ।)
४) संगठन । (राजनैतिक वा पेशागत)

ख) घटनाको अभिलेख (Incidence Recording)

१) घटना विवरण
२) संलग्न पक्षहरू कोको / कुनकुन हुन् ।
३) पीडित वा पीडाको अभिलेख ।
४) कानूनी प्रभाव ।
५) मानव अधिकारको दृष्टिमा जिम्मेवारी ।
६) निष्कर्ष ।

नोट : *मानव अधिकार कार्यकर्ताको दृष्टिमा कानूनी फैसला मानव अधिकार विरोधी हुन सक्छ । प्रचलित सामाजिक मान्यता प्रतिकूल हुन सक्छ । जे भएपनि हामी मानव अधिकारको सर्वव्यापी घोषणापत्रको सिद्धान्त र त्यसै सम्बद्ध अनुवन्धहरूका आधारमा मात्र आफ्ना धारणाहरू बनाउने छौं ।*

तथ्य संकलन भन्नेवित्तिकै सतहमा नदेखिएको सत्यको उद्घाटन गर्नु हो भन्ने बुझिन्छ । विशेषतः मानव अधिकार हनन सम्बन्धी तथ्यको खोजवीन निष्पक्ष तवरले गरी त्यस्ता घटनाको जानकारी जनसाधारण समक्ष पुऱ्याउनु मानव अधिकार संस्था सम्बद्ध व्यक्ति / कार्यकर्ताहरूको दायित्व हो । कुनै पनि घटनाको खोजवीन र तथ्य संकलन घटना घटाउने पक्ष र पीडित पक्ष भन्दा बेग्लै तेश्रो पक्षद्वारा गरिन्छ, जसले विना पूर्वाग्रह, विना दवाव, निष्पक्ष र स्वतन्त्र रूपमा आफ्नो तथ्य संकलन कार्य गर्दछ । यसरी संकलन गरिएका तथ्यहरू विश्वासिलो, भरपर्दो

र आधिकारीक हुनाका लागि प्रायः छुट्टै खोजवीन समिति बनाइने गरिन्छ, जसमा मानव अधिकार कार्यकर्ता, वकिल, समाजसेवी, डाक्टर, आदि प्रतिष्ठित र स्वतन्त्र व्यक्तिहरूको प्रतिनिधित्व रहन्छ।

मानव अधिकार हनन विभिन्न पक्षहरूवाट हुन सक्छ। हाम्रो जस्तो अविकसित र अशिक्षित देशमा प्रायः मानव अधिकार हननका घटना राज्य पक्षबाटै हुने गरेको पाइन्छ। राज्य संचालनका क्रममा विभिन्न प्रकारको प्रहरी प्रशासन र अन्य निकायहरूद्वारा शान्ति सुरक्षा, विकास जस्ता विभिन्न नाममा शक्तिको दुरूपयोग हुन सक्ने हुँदा आम नागरिकको नैसर्गिक अधिकारमाथि प्रभाव पर्न जान्छ। त्यसैले घटना किन, कसरी घट्न पुग्यो, को जिम्मेवार छ ? आदि कुराको आधिकारिक सूचना आम नागरिक समक्ष पुऱ्याउन यस्तो दलले आफ्नो खोजवीन कार्य गर्दछ। यसरी घटना घटाउमे र पीडितभन्दा छुट्टै मानव अधिकारसंग सरोकार राख्ने विभिन्न व्यक्तिहरू सम्मिलित खोजवीन दललाई नै तथ्य संकलन दल भनिन्छ।

उद्देश्य

१. मानव अधिकार हनन सम्बन्धी घटनाको पूर्ण अनुसन्धान गरी यथार्थ र सत्य सूचना संकलन गर्नु।
२. पीडित पक्षलाई नैतिक, आर्थिक र कानूनी सहायता प्रदान गर्नु।
३. सत्यलाई आम-जनमानसमा लैजान सम्बन्धित निकायमा यथोचित कार्वाहीका लागि दवाव श्रृजना गर्नु।
४. अन्य उद्देश्यहरू(दलको आफ्नै उद्देश्य हुन सक्छन्) पूरा गर्नु।

तथ्य खोजवीन दलका किसिम

१. उच्च स्तरीय आयोग (High Profile Mission) :

थुप्रै मानिसहरू सम्मिलित एक दल जो घटनाको छानवीन गर्न जानु अगावै विभिन्न सञ्चार माध्यमहरूद्वारा दलको उद्देश्य, अभियान र सहयोगकालागि जनमानसमा अपील गर्दै, सम्बन्धित निकायहरूमा औपचारिक जानकारी सहित छानवीन गर्ने गर्छ, छानवीन पश्चात् स्थानीय वा राष्ट्रिय तहमा विभिन्न निकायहरूसंगको आपसी छलफलद्वारा प्रतिवेदन प्रकाशित गर्दछ। प्राप्त (संकलित) सूचनाहरूका आधारमा कारवाहीका लागि सम्बन्धित ठाउँमा पुऱ्याउन र जनसमर्थन जुटाउन आम नागरिकमा तथ्य सूचना पठाउने गर्दछ।

फाइदा :

१. औपचारिक र पूर्ण प्रचारित हुने हुँदा जन समर्थन र सहयोग जुटाउन सहयोग
२. बढी आधिकारिक
३. कम जोखिमपूर्ण

बेफाइदा :

१. अगावै प्रचारित हुने हुँदा अनुसन्धानका लागि प्रमाणहरू नपाइन सक्छन् ।
२. गोप्य सूचनाहरू नआउन सक्छन् ।
३. व्यवस्थापनमा ठूलो खर्च र बढी समय लाग्न सक्छ ।

डकुमेन्टेशन

तथ्य सत्य सूचना संकलन गरेर मात्र पुग्दैन त्यो तथ्यलाई व्यवस्थित रूपमा राख्ने कार्यलाई डकुमेन्टेशन भनिन्छ। जतिसुकै महत्वपूर्ण सूचनाहरू संकलन गरिए तापनि यदि तिनलाई व्यवस्थित तवरवाट राखिएन भने चाहिएको समयमा कम मिहनेत र सरल रूपमा प्राप्त गर्न सकिदैन अतः सुरक्षित तवरले चाहिएको वेला प्रयोग गर्न सकिने किसिमले सूचनाहरूलाई व्यवस्थित गर्ने कार्यलाई डकुमेन्टेशन भनिन्छ ।

डकुमेन्टशनका प्रकार

१. अन्तर्वार्ताः कुनै पनि घटनाको खोजवीन गर्नकोलागि सरल र प्रचलित माध्यम अन्तर्वार्ता हो । पीडित पक्ष, मानवाधिकार हनन गर्ने पक्ष, प्रशासन, प्रहरी तथा नागरिकहरूबाट सूचना संकलन गर्न सकिन्छ । अन्तर्वार्ता, लिखित रूपमा, टेप रिकर्डर, भिडियो फिल्म आदिको माध्यमबाट डकुमेन्ट गर्न सकिन्छ ।
२. फोटो ग्राफ
३. अन्य कानूनी कागजातहरू
४. अन्य : औंठाको छाप, निशानी तथा प्रमाणहरू

कस्ता कुरा डकुमेन्टेसन गर्ने

साधारणतया के कस्ता सूचनाहरूलाई डकुमेन्टेशन भन्ने बिचार गर्नुका साथै हाम्रो डकुमेन्टेशन गर्नुको उद्देश्यले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तर पनि सफलतापूर्वक सूचनाहरू डकुमेन्टेशन गर्न निम्न कुराहरू सामान्य सिद्धान्तका रूपमा लिन सकिन्छ ।

- के भएको हो ?
- कहिले भएको हो ?
- कहाँ भएको हो ?
- किन भयो ?
- कसरी भयो ?
- कसवाट भयो ?

के भएको हो ?

- घटनाको पूर्ण विवरण
- त्यो क्षेत्रमा मानवाधिकारको स्थिति
- त्यहाँका अन्य त्यस्तै समस्याहरू (कारक तत्व)
- घटनाको प्रभाव (कति मरे, घाइते भए सवै विवरण)

कसवाट भएको हो ?

- नाम, उमेर, थर, लिङ्ग, पेशा, ठेगाना,
- सम्बन्धित संस्था, परिवार, पद .....

कहिले ?

- साल महिना गते वार समय
- पूर्ण मिति समय थाहा नभए -
- दशैंको पर्सिपल्ट, मध्यान्न, मध्यरात,
- पानी परेको बेला, जाडो, गर्मी

कहाँ ?

- घटेको स्थान
- घर नम्वर, गल्ली वार्ड नं., शहर / गाउँ विकास समिति जिल्ला, अञ्चल
- ठाउँको विवरण
- शहरबाट यति जति टाढा, नदी किनार, राजमार्ग संगै

किन ?

- कारणहरूको वारेमा स्पष्ट विवरण
- घटना घट्नु अगाडिको अवस्था, घटना पछिका अवस्था अर्थात् के कस्ता तत्वहरू उक्त घटनाका लागि जिम्मेवार छन् ?

कसरी ?

- घटना कसरी घट्यो ?
- बन्दुक चलाइयो, लाठी, धम्की, यातना, दमकल जस्ता कुराहरू
- अन्य केही खोज्नु पर्ने भए अन्य अनुसन्धान गर्ने

सकेसम्म प्रमाणहरू जुटाउने

- हस्ताक्षरयुक्त कागज
- फोटो
- वारेन्ट पूर्जी
- मेडिकल रिपोर्ट
- निवेदन
- अन्य
- अन्य पक्षहरूको भनाइ समावेश गर्ने
- महत्वपूर्ण तथ्यहरू छान्ने र क्रम मिलाएर अर्थात् महत्वपूर्ण कुरालाई पहिले राख्ने
- सूचनाको स्रोतहरूलाई खुलाउने ।

अन्तर्वार्ताका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

अन्तर्वार्ता सूचना संकलनको सजिलो र प्रचलित माध्यम हो। अन्तर्वार्ता लिने सन्दर्भमा धेरै कुराहरूले असर पारिरास्वेको हुन्छ। उपयुक्त वातावरणको अभावमा लिन स्वोजिएको सूचना नआउन सक्छन् , कतिपय प्रश्नहरू प्रत्यक्ष गर्न नसकिनेस्वालका हुन्छन्, अतः अन्तर्वार्ता लिने र दिने बीच सौहार्दपूर्ण वातावरण, एक अर्काप्रति विश्वास हुनु अनिवार्य हुन्छ। विशेष गरी अन्तर्वार्ता दिने व्यक्तिले आफूलाई भित्रैदेखि निष्पक्ष र स्वतन्त्र राख्न सक्नु पर्दछ। अन्तर्वार्ता दिने व्यक्ति, यस्तो होला, यस्तो जवाफ देला, अथवा ऊ यस्तो स्वभावको भएकोले पक्कै यस्तो हुनुपर्छ भन्ने धारणाबाट आफूलाई मुक्त पार्न सक्नु पर्दछ। अर्थात् हामीले उसलाई पूर्वाग्रहरहित भएर लिनु पर्दछ।

अन्तर्वार्ता पूर्व

- आवश्यक सामाग्रीहरूको तयारी (नोटबुक, कलम, टेप रिकर्डर, केमरा-आदि)
- घटनाको पृष्ठभूमि बारे जानकारी
- अन्तर्वार्ताको लागि उपर्युक्त वातावरण श्रृजना
- एक अर्कामा परिचय (परिचय, संस्था, उद्देश्य)
- सम्बन्ध कायम

अन्तर्वार्ताको क्रममा ध्यान दिनुपर्ने कुराहरू

- सबै कुराहरूलाई टिप्ने
- उपयुक्त भाषा र स्तर
- व्यक्तिगत अवस्था, स्थिति बारे कुराकानी गर्ने
- जवाफको क्रममा अनावश्यक हस्तक्षेप नगर्ने
- प्रत्यक्षदर्शी / घाइतेलाई निजको आफ्नो कुरा आफ्नै शैलीमा भन्न दिने
- शंका लागेको , अस्पष्ट कुरालाई सोध्ने
- सूचनाको अन्य स्रोत, प्रत्यक्षदर्शी आदिका बारेमा पनि सोध्ने।

अन्तर्वार्ता पछि

- आफूले टिपेको कुराहरूलाई प्रत्यक्षदर्शीका भनाइ र अन्य प्राप्त सूचनाहरूका आधारमा पुनः विचार गर्ने
- प्रत्यक्षदर्शीलाई सूचनाको गोप्यतामा निश्चित पार्ने
- आवश्यक देखिएमा कुनै सल्लाह दिने (तर झुठा आश्वासनहरू नदिने)
- त्यस सम्बन्धमा भविष्यमा गरिने अनुगमन कार्यबारे सूचना (जानकारी) दिने।
- पढेर सुनाउने।

प्रतिवेदन तयार गर्ने सम्बन्धमा

स्वोजवीन गरेको तथ्यहरूलाई उपयुक्त तवरले प्रतिवेदनका रूपमा पेश गर्नु पर्ने हुन्छ। स्वोजवीनको लागि गठित दलको आपसी छलफल र निष्कर्षबाट प्रतिवेदन तयार पारिन्छ। यसरी प्रतिवेदन तयार गर्दा निम्नलिखित कुराहरूलाई ध्यान दिनुपर्ने हुन्छ।

१. परिचय

- स्वोजवीन दलको आवश्यकता (उपयुक्तता)
- आयोजक समूह
- सहभागी
- उद्देश्य
- कार्यक्षेत्र

२. यथार्थ अवस्था

- अनुसन्धानको भौगोलिक क्षेत्र
- त्यस क्षेत्रको राजनैतिक अवस्था
- सामाजिक एवम् साँस्कृतिक अवस्था
- प्रहरी प्रशासन, सैनिक गतिविधि
- मानव अधिकारको स्थिति

३. प्राप्त तथ्यको विवरण

यस परिशिष्टमा प्राप्त सूचनाहरू क्रमबद्ध रूपमा छोटकरी प्रस्तुत गरिन्छ अर्थात् स्वोजवीनको सिलसिलामा प्राप्त सूचनाहरू व्यवस्थित रूपमा प्रस्तुत गरिन्छ, जुन रिपोर्टको अति नै महत्वपूर्ण भाग हो।

४. स्वोजवीन गरिएका कुराहरू

यसमा के के कुराहरू विशेषगरी स्वोजवीन गरिएका हुन् कुन कुन पक्षहरू पर्न आए, तिनको विवरण प्रस्तुत गरिन्छ।

५. निष्कर्ष

६. अनुसूची

मानव अधिकार र विकास

- उषा नेपाल

मानव अधिकार देश, काल परिस्थितिमा त्यसको आवश्यकता अनुसार परिभाषित गरिएको देखिन्छ। समष्टिगत रूपमा यसलाई हेर्ने हो भने यो मानवको नैसर्गिक अधिकारको एउटा रूप हो। मानवको जन्म भएपछि उसलाई बाँच्न र आफ्नो शारीरिक, मानसिक, सामाजिक र आर्थिक विकास गर्न पाउने अधिकार नै मानव अधिकार हो। समय समयमा आफ्नो निहित स्वार्थले गर्दा आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकार हनन भइरहेको देखिन्छ। राज्य सत्ता प्राप्तिको, धनोपार्जन, धार्मिक र सामाजिक प्रतिष्ठाको प्राप्तिको होडमा मानव अधिकारको हनन भएको दृश्य बराबर देखिन्छ। यस्तो अवस्थामा मानवको अधिकार हनन हुनबाट बचाउन संयुक्त राष्ट्र संघबाट घोषित "मानव अधिकार घोषणा पत्र १९४८" ले मानिस मात्रको अधिकारको रक्षाको आव्हान गरेको छ। यस्ता अधिकारको हनन भएमा उपचारको व्यवस्था पनि संयुक्त राष्ट्र संघबाट गरिएको छ।

सोही परिप्रेक्ष्यमा विभिन्न राष्ट्रहरूले आफ्नो देशको नागरिकको अधिकारको संरक्षणका लागि संविधानमा व्यवस्था गरेका छन्। संविधानले प्रदत्त हक, अधिकार र स्वतन्त्रताको कसैबाट उल्लंघन भएमा त्यसको उपचार न्यायालयबाट हुने व्यवस्था छ र यी कुराको हाम्रो मुलुकमा पनि व्यवस्था छ। व्यवस्थाको परिवर्तनपछि आएको नयाँ संविधानमा मानव अधिकार क्षेत्र विस्तृत गरिएको छ।

मानव अधिकार विकास

विकास र मानव अधिकारको अन्योन्याश्रय सम्बन्ध छ। मानव अधिकारको संरक्षण नभई समानुपातिक रूपमा देशका सबै नागरिकको विकास हुन सक्ने सम्भावना छैन। यता नागरिकको शैक्षिक र चेतनाको विकास नभई मानव अधिकारको उपभोग सही अर्थमा हुने परिकल्पना पनि गर्न सकिदैन।

विकास

विकास शब्दलाई विभिन्न रूपमा परिभाषित गरेतापनि मौजुदा स्थितिमा सुधार हुँदै जानुलाई विकास भन्नु गलत होइन। कुनै पनि कुराको विकास त्यस कुराको मौजुदा स्थितिमा सकारात्मक सुधार हुनु हो। कसैले धेरै अन्न फलाउनुलाई कृषि विकासको संज्ञा दिन्छन् भने कसैले हालको समयमा भएको उब्जनी भन्दा बढी उब्जनी हुनु मात्रलाई विकास नठानी कृषि कार्यमा संलग्न सबैको स्थितिमा त्यो बढेको उब्जनीले सकारात्मक प्रभाव पार्नुलाई विकास मान्दछन्। विकास स्थिर हुँदैन। आज लक्षित गरेको विकास पछिको समयमा अर्थहीन हुन्छन्। त्यसैले यो निरन्तर अगाडि बढी रहने प्रक्रिया हो। अरू विकासोन्मुख देशहरूमा भए झैं नेपालमा पनि विकासको लहर आइरहेको छ। यहाँका बहुसंख्यक नागरिक अशिक्षित, गरीब र मानव अधिकारबाट अनभिज्ञ भएकाले यिनको मानव अधिकार विकास कार्यक्रमले हनन गरेको प्रशस्त उदाहरणहरू छन्।

विकास कार्यक्रम र मानव अधिकार

- विकासको नाउँमा जंगल फँडानी गरी त्यस ठाउँमा नयाँ कल-कारखाना राखिन्छ। जंगलको विनाशले जंगलको नजिक बस्ने गरीवहरूलाई तत्काल असर पर्दछ। एकापट्टि कल कारखानाले तिनीहरूको वातावरण दूषित हुन्छ अर्कोतिर जंगल जसबाट दाउरा, स्याउला आफ्नो आवश्यकताका लागि पाउँथे त्यो पाउन छाड्दछन्।
  कतिपय ठाउँमा साना किसानले कृषिमा प्रयोग गरेको जमिन भरसक सस्तो मोलमा खरिद गरी कलकारखानाको स्थापना गरिन्छ। तर कल कारखानाले केही सीमित व्यक्तिलाई मात्र यथोचित लाभ पुऱ्याउँछ। साना गरीब किसानले श्रम पाए पनि निम्नस्तरको कम आय पाउने काम मात्र पाउँदछन्। यसरी त्यहाँका बासिन्दाहरूलाई यस किसिमको विकासले कति पनि सकारात्मक प्रभाव पारेको हुँदैन बरू झन् तिनीहरूको वातावरण हर किसिमले दूषित भएको देखिन्छ।

- विकासको पूर्वाधारको रूपमा सडक बनाइन्छ। सडक निर्माणको योजना स्वीकृत भएदेखि नै सर्वेक्षण कालमै सडकको वरपर भएका गरीब किसानको जमिन ठूलाबडाका हातमा परिसकेको हुन्छ। त्यहाँका गरीब त फेरि उही बाटो नभएको अनकन्टारमा गई बस्दछन्। जमिनको जे जति मोल हात पर्दछ त्यो अनुत्पादक कुरामा खर्च गरी आफू त झन् नराम्रो स्थितिमा पुगेको दृश्य कुलेखानी विद्युत योजना र मर्स्याङ्गदी विद्युत् योजनाको कमान्ड क्षेत्रमा पहिले बस्ने गरेका बासिन्दाहरूको स्थितिबाट थाहा हुन्छ।

- महिला विकासको कार्यक्रम गाउँमा जान्छ तर त्यसमा संलग्न हुने धेरैजसो पुगिसरी आएको घरका महिला मात्र हुन्छन् अरू त्यो विकास कार्यक्रमबाट बञ्चित नै रहन्छन्।

- शिक्षाको विभिन्न कार्यक्रममा पनि बहुसंख्यक महिला, बालबालिकाहरूको संलग्न हुन पाएका छैन।

  यसरी जुन लक्षित समूहकालागि कार्यक्रम बनाइएको छ तिनीहरू नै झन् यस्तो विकास कार्यक्रमबाट टाढा भइरहेका छन्।

विकास कार्यक्रममा संलग्न हुन वाधक तत्वहरू

- <u>गरीबी</u> - दिनभरि काम गरेर बेलुका ज्याला ल्याएर आफ्नो र परिवारको हातमुख जोर्ने बन्दोबस्त गर्नुपर्ने परिवार धेरै नै भएकोले अरू कार्यक्रम जसले आम्दानी निकै पछि दिन्छ त्यस्तोमा संलग्न वाधा पुऱ्याउँछ।

- <u>अशिक्षा</u> - झण्डै ७० प्रतिशत जनता निरक्षर छन्। निरक्षरताको कारणले विकास कार्यक्रम थाहा पाउन र यसको फाइदा बेफाइदा बुझन गाह्रो पर्दछ। अशिक्षाले गर्दा यिनको आत्मबललाई पनि नकारात्मक प्रभाव पारिरहेको हुन्छ। यिनीहरूमा आत्मविश्वासको कमी पाइन्छ र विकास कार्यक्रमदेखि टाढा रहन्छन्।

- अज्ञानता - विकास कार्यक्रम के के आफ्नो गाउँमा आएको छ र त्यसबाट के फाइदा हुन्छ, त्यसमा यिनीहरूको अधिकार के छ आदि कुराको अज्ञानताले गर्दा सर्वसाधारण जनता आफ्नो नागरिक अधिकारदेखि वञ्चित रहन्छन्। यस बाहेक पनि धेरै तत्वहरूले गर्दा सर्वसाधारण व्यक्तिहरू विकासमा अधिकारदेखि बन्चित भइरहेछन्।

विकासमा मानव अधिकारको रक्षा

- शिक्षाको प्रचार प्रसार हुनु पर्‍यो। व्यापक र प्रभावकारी शिक्षा कार्यक्रम हुनु पर्‍यो जसमा प्रत्येक नागरिकको संलग्नता रहोस्। शिक्षित समुदाय भएमा विकासमा यिनीहरूको हक र अधिकार बुझने थिए र केही गरी यिनीहरूको यो अधिकार हनन भएको रहेछ भने त्यसको उपचारकालागि कदम चाल्ने थिए।
- अज्ञानताको अन्धकारबाट यिनीहरूलाई मुक्त गर्न व्यापक प्रचार प्रसार छलफल कार्यक्रम राख्नु आवश्यक छ। यिनीहरूलाई विषय वस्तुबारे ज्ञान दिई सचेत गराउनु पनि अति आवश्यक छ।
- गरीबी उन्मुलन गर्नका लागि तत्कालै उनीहरूले गरिरहेकै काममा सहयोग पुऱ्याई आय वृद्धिको बाटो निकाल्न सके केही हदसमम अन्य समस्याहरू पनि त्यसै टरेर जान्छ। यिनीहरूको दुई छाकको समस्या मात्र टरे पनि विभिन्न विकास कार्यक्रममा संलग्न हुन बाटो खुल्ने थियो।

अशिक्षित, अज्ञान र गरीब नागरिकले संविधान प्रदत्त उसको नागरिक अधिकार के छ र त्यसको हनन भएको छ छैन भनेर ठम्याउन पनि सक्दैन। कहीं कुनै अवस्थामा ठम्याउन सकिहाल्यो भने पनि आफ्नो अधिकार प्राप्तिका लागि आवाज उठाउने न ज्ञान छ न त सामर्थ्य नै छ। यस अवस्थामा तपाइ ग्रामीण क्षेत्रमा कार्यरत स्वयंसेवकहरूले आफ्नो विभिन्न कार्यक्रमद्वारा यिनीहरूलाई सचेतन गराउने, साक्षर गराउने र यिनीहरूको नागरिक अधिकारको रक्षाका लागि यिनीहरूलाई सहयोग पुऱ्याउन सक्नु हुन्छ। प्रायः सानोतिनो कुरामा पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकार हनन भइरहेको पाइन्छ त्यस्तोमा यिनीहरूलाई अधिकारसंगसंगै कर्तव्यको बोध पनि गराउँदै लग्नु आवश्यक पर्दछ। यी सबकालागि तल्लो निकायसम्म पुगेर व्यक्तिहरूको समूह गठन गरी नागरिक अधिकारको प्रचार प्रसार गर्नुका साथै शिक्षा र चेतना वृद्धि कार्यक्रमलाई पनि सञ्चालन गऱ्यो भने पक्कै पनि व्यक्तिहरूले आफ्ना अधिकारहरू बुझन सक्न सक्षम हुन्छन्।

वर्तमान सन्दर्भमा वातावरण संरक्षण

- हेमबहादुर विष्ट

पृष्ठभूमि

वातावरण संरक्षणको विषय हिजोआज निकै चर्चित छ। पत्रपत्रिका, रेडियो र टेलिभिजनका समाचार तथा विभिन्न कार्यक्रमहरूमा यसले निकै प्रमुखताका साथ स्थान पाइरहेको भेटिन्छ। विशेष गरी २०४९ जेठको अन्त्यतिर यसै विषयले समाचार माध्यमहरू भरिएका हुन्थे। सम्मेलनमा १५० भन्दा बढी देशहरूका राष्ट्र तथा सरकार प्रमुखहरू लगायत लगभग ५० हजार मानिसले भाग लिएका थिए। यो सम्मेलनको विषय वातावरण र दिगो विकास भए पनि मानव जाति र पृथ्वीकै भविष्यलाई आधार बनाएर छलफल भएको थियो।

यति धेरै महत्वपूर्ण मानिस एक ठाउँ भेला भएर एउटै विषयलाई यति गम्भीरताका साथ विचार गरिएको आधुनिक मानव इतिहासमा उदाहरण पाइदैन र यो माथि भनिए झैं वातावरण संरक्षणको विषय थियो।

पृथ्वीमा अहिले लगभग ५० लाख किसिमका जीव वनस्पतिहरू रहेको अनुमान गरिन्छ। कुनै समय यसै धरातलमा ५० करोड किसिमका भन्दा बढी जीव वनस्पतिहरू रहेको अनुमान गरिएको छ। यी जीव वनस्पतिहरूमध्ये कति प्रकृतिको नियमित प्रक्रिया पूरा गरी समाप्त भएर गए। कुनै जीव वा वनस्पतिको अस्तित्व कायम रहने औसन आयु लगभग ५० लाख वर्ष हुने वैज्ञानिकहरूको अनुमान छ। यो समायावधि पूरा गरेपछि कुनै जीव वा वनस्पतिको अस्तित्व त्यस रूपमा रहँदैन। आफै मासिएर जान्छ। यसरी वितेका २० करोड वर्षहरूका बीच हरेक १० लाख वर्षमा लगभग ९ लाख किसिमका अस्तित्व लोप भएर गएको अनुमान गरिएको छ तर औद्योगिकिरण र आधुनिक विकासको क्रम शुरू भए यता पृथ्वीबाट जीव तथा वनस्पति लोप हुने कम सय्यौं मात्र नभएर हजारौं गुणा बढेर गएको छ।

मानव जातिले आफ्ना आधारभूत आवश्यकता, सुखसुविधा र भोग विलासका निम्ति पृथ्वीमा उपलब्ध सम्पूर्ण स्रोत तथा साधन जसमा सबै किसिमका जीव तथा वनस्पति पनि पर्दछन, जसलाई मनलाग्दो ढंगले प्रयोग गर्न थालेपछि जीव वनस्पतिहरू लोप हुने प्रक्रिया पनि अत्यन्त तीब्र भएको छ।

विशेष गरी जापान, संयुक्त राज्य अमेरिका र युरोपका देशहरूले वितेका लगभग ३०० वर्ष यता औद्योगिकीकरण, आधुनिकीकरण र भौतिक विकासका निम्ति पृथ्वीमा उपलब्ध स्रोत तथा साधनलाई पैसा नपर्ने, जसरी उपभोग गरे पनि हुने सम्झी आँखा चिम्लेर जथाभावी प्रयोग गरे। ती देशहरूमा भएको भौतिक विकासलाई नै संसारका अन्य देशका मानिसहरूले पनि अनुकरणीय सम्झी आफ्ना देशलाई पनि अमेरिका, जापान, जर्मनी वा बेलायत बनाउने होडमा लागे। यसबाट पृथ्वीमा उपलब्ध प्राकृति स्रोत तथा साधनमाथि अत्यधिक दवाव बढ्दै गयो र प्रकृतिको संवेदनशील सो स्थिरिकरण क्षमता नष्ट हुन गई वर्तमान विश्वमा वातावरणीय संकट उत्पन्न भयो। यिनै सन्दर्भ र परिप्रेक्ष्यका कारण उत्पन्न वातावरणीय समस्याले अहिले मानवजातिकै अस्तित्वलाई पनि संकट पार्न थालेको अनुभव गरिएको छ। जसरी पृथ्वीबाट लाखौं करोडौं जातजातिहरूको अस्तित्व लोप भएर गयो मानिसको अहिलेको व्यवहारले आफ्नै जाति पनि लोप गराउन सक्ने अवस्था श्रृजना हुन सक्छ भन्ने संकेतहरू देखा पर्न थाले। यिनै कारणहरू हुन् जसले गर्दा अहिले वातावरण संरक्षणको विषय चौतर्फी चासोको विषय बन्न पुगेको छ।

वातावरणको परिभाषा

विषयको गम्भीरता र महत्व यति धेरै भएर पनि वातावरण भनेको के हो भन्ने विषयमा प्रायः त्यति छलफल हुने गरेको छैन। वातावरणलाई धेरैजसो सन्दर्भ सुहाउँदो ढंगले बुझने गरेको पाइन्छ। त्यसैले हुनसक्छ वातावरणका विषयमा धेरै वर्ष काम गरिरहेका वा वातावरण संरक्षणको विषयलाई नै मूल पेशा बनाइरहेका मानिसहरूलाई समेत वातावरणको स्पष्ट परिभाषा दिन पर्दा अलमलमा पर्ने गरेको पाइन्छ। तैपनि वातावरण शब्दको व्यापकता र गहनतालाई बुझाउन यहाँ दुई परिभाषालाई अघि सारिएको छः

१. सृष्टिदेखि लिएर सृष्टिलाई नै निरन्तर प्रभावित पारिरहने सृष्टिका सम्पूर्ण कुराको समष्टिगत स्वरूपको नाम वातावरण हो। यसलाई हामी छुट्टाछुट्टै पनि हेर्न सक्छौं, एक अर्कासंग छुट्टाएर पनि हेर्न सक्छौं।

अर्थात्

२. आँखा उघारेर हेर्दा हामी हाम्रो वरिपरि चारैतिर जे देख्छौं, त्यो वातावरण हो। सानोभन्दा सानो जीवाणुदेखि लिएर ठूलामा हात्ती, गैंडासम्म, सानाभन्दा साना विरूवा (लेउ, हरितकण) देखि लिएर ठूलाठूला रूखसम्म, पहाड, नदी, हावा, घाम, पानी सबैको समग्र सिंगो रूप नै वातावरण हो।

वातावरणका प्रमुख खण्डहरू

उपरोक्त परिभाषाको सन्दर्भमा उल्लेखित वातावरणको चार प्रमुख खण्ड छन्। जसलाई हामी यसरी छुट्टाउन सक्छौं :

१. वायुमण्डल
२. जलमण्डल
३. भूमण्डल
४. जीवमण्डल

१. वायुमण्डल

वायुमण्डलमा हामीलाई सास फेर्न आवश्यक पर्ने वायु अक्सिजनदेखि लिएर, नाइट्रोजन, हाइड्रोजन, कार्वनडाइअक्साइड, वाष्पकण सबै आउँछन् जसमध्ये कुनैलाई पनि हामी आँखाले देख्न सक्तैनौं।

२. जलमण्डल

यस पृथ्वीमा रहेको सम्पूर्ण महासागर, सागरहरू, सबै नदीनाला र तलाउ झर्नाहरू जमीन मुनिरहेका पानी र हिउँको रूपमा रहेका पानी समेत यस खण्डमा पर्दछ।

३. भूमण्डल
वातावरणको यस खण्डमा सम्पूर्ण ठोस कुराहरू - पहाड, चट्टान, माटो, ढुंगा र धातुयुक्त चट्टानहरू पर्दछन् ।

४. जीवमण्डल
वायु, जल र भूमण्डलको सहयोगबाट विना कुनै कृत्रिम वा बाहिरी सहयोगबाट जीवित वा जीवन धान्ने स्वतन्त्र प्रणाली पनि यस अन्तर्गत पर्दछ ।

विकास, वातावरण र मानव अधिकार

विकास भनेको के हो?

सन् १९५० यताका ४२ वर्षका बीचमा विकासको परिभाषा वा परिचय बारम्बार परिमार्जित भएको छ । १९५० र ५० को दशकभरि नै आर्थिक विकासलाई नै विकासको रूपमा बुझ्ने गरिन्थ्यो । यो अवधिभरि आर्थिक विकासलाई पाँच विभिन्न भागमा बाँडिन्थ्यो :

१. आर्थिक रूपले पछौटे अवस्था
२. आर्थिक रूपले अघि बढ्ने पूर्वाधार निर्माणको अवस्था
३. आर्थिक दर वृद्धिको अवस्था
४. आर्थिक वृद्धिदरलाई स्थायित्व प्रदान गरिने अवस्था र
५. आम उपयोगको उच्च अवस्था

अविकसित अवस्थामा रहेका र "विकसित" हुन चाहने देशहरूले पूर्वाधार निर्माणका निम्ति आवश्यक पर्ने पूँजी संकलन गर्न उनीहरूको एकमात्र आर्थिक आधार कृषि र स्वनिज सम्पदाको व्यापक उपयोग गर्नु पर्दथ्यो, यस निम्ति ठूला ठूला जंगल फाँडेर कृषिभूमिमा परिवर्तन गरियो । विकसित देशका बहुराष्ट्रिय कम्पनीहरूलाई ठूलो मात्रामा कृषि यन्त्र, रासायनिक मल र परिष्कृत बीज आयात गरियो । सिंचाइका लागि धेरै लगानी भयो ।

एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूले आर्थिक वृद्धिका निम्ति लगातार लामो समयसम्म गरेको प्रयत्नबाट यी पछौटे मुलुकहरू "संयुक्त राज्य अमेरिका" जापान, बेलायत जस्तो हुनुकोसट्टा पहिलेभन्दा पनि गरीब वा ऋणको भारले उठ्नै नसक्ने गरी थिचिंदै गए । वन विनाश, अव्यवस्थित रूपबाट स्थापना गरिएका उद्योगधन्दा र कलकारखाना, अव्यवस्थित शहरीकरण आदिका कारण बाढी, पहिरो, खडेरी, रोगको महामारी जस्ता अनेकौं वातावरणीय संकट उत्पन्न भयो । कृषि लगायत विभिन्न आधारभूत आवश्यकतामा आत्मनिर्भर देशहरू क्रमशः विदेशी ऋण र अनुदानमाथि निर्भर हुन थाले । एक समय अन्न निर्यात गर्ने देशले अन्न आयात गर्न थाल्यो ।

यो सबैबाट एउटै कुरा स्पष्ट भयो - भौतिक विकासको एकमात्र आधार प्राकृति स्रोत तथा साधन हो । प्राकृतिक स्रोत तथा साधनको अदूरदर्शीतापूर्ण उपयोगले केवल वातावरणीय समस्याहरू मात्र सिर्जना गर्दछ । अतः वातावरणप्रति ध्यान नदिइ गरिने विकासले मानवजातिको उत्थान नगरेर पतनतर्फ उन्मुख गराउँछ । विकास र वातावरण एक अर्कासंग छुट्टाउनै नसकिने विषयहरू हुन् र यी दुबैलाई सन्तुलित ढंगले अघि बढाउनु मानव अस्तित्व र हितकै निम्ति अपरिहार्य छ ।

मानव अधिकारको उद्देश्य र लक्ष्य पनि मानव हित र कल्याण नै हो। वातावरण र विकास बीच समुचित सन्तुलन कायम राख्नै अघि नबढाइने विकास प्रयत्नले श्रृजना गर्ने जुनसुकै वातावरणीय संकटले अन्तत गएर मानव अधिकारलाई नै क्षति पुऱ्याउँछ। मानवोचित स्वच्छ र स्वतन्त्र वातावरणमा सम्पूर्ण रूपबाट शारीरिक र मानसिक विकास गर्न पाउनु सम्पूर्ण मानवजातिको प्राथमिक नैसर्गिक मानव अधिकार हुनु पर्छ। वर्तमान विश्वको बिग्रंदो वातावरण यसको निम्ति सबैभन्दा ठूलो खतराको रूपमा आइरहेको छ। यस सन्दर्भमा भन्ने हो भने मानव अधिकार सचेतताका निम्ति सक्रिय जो कसैले वातावरण संरक्षणप्रति झन् बढी सचेत र जागरूक हुनै पर्दछ।

ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति

- केदार न्यौपाने

हाम्रो मुलुकको ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थितिबारे छलफल गर्दा मुख्यतः निम्न विषयमा केन्द्रित रहेर अगाडि बढ्नु आवश्यक छ - ती विषय हुन् -

(क) मानव अधिकार सम्बन्धी अवधारणा
(ख) हाम्रो संविधानमा मानव अधिकारको व्यवस्था
(ग) ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति र
(घ) जन चेतनाको स्तर र हाम्रो दायित्व

यहाँ यिनै विषयहरूमा छोटो चर्चा गरिने छ ।

(क) मानव अधिकार के हो?

छोटकरीमा भन्दा मानव अधिकार भनेको मानिसको जीवनको अधिकार हो । तर त्यो जीवन पशुको जस्तो होइन - आत्म सम्मान र प्रतिष्ठाले युक्त मर्यादित जीवन हो । एक अर्काको कृपा र निगाहमा जिउनु पर्ने, प्राकृतिक प्रकोपबाट मात्रै होइन एउटा मान्छे अर्को मान्छेको डर र त्रासबाट हरदम आतङ्कित हुनु पर्ने, व्यक्तित्व विकासको अवसरबाट वञ्चित भएर जहिले पनि एक अर्काको अगाडि निमुखो हुनु पर्ने, त्यति मात्र होइन भोक मेट्न, ओत लाग्न र आङ् ढाक्नको निम्ति अपमानित ढंगले आफूलाई सदा-सदाका निम्ति अरूको नियन्त्रणमा पार्नु पर्ने वाद्यताको अन्त्य नै मानव अधिकार हो । त्यसैले खाली जीवनको मात्रै होइन मर्यादित जीवनको अधिकार मानव अधिकार हो । यसका दुइटा अर्थ छन् - पहिलो - प्रत्येक मानिससंग जिउने अधिकार छ । दोश्रो - प्रत्येक मानिससंग अपमानित नहुने स्वाभिमानको अधिकार छ । यी दुई अर्थमा मात्र मानव अधिकार पूर्ण हुन सक्छ । एउटाको अभावमा अर्को अपाङ्ग हुन्छ र त्यसले मानवीय मूल्यलाई समेट्न सक्तैन । त्यसैले मानिसका जिउन र अपमानित नहुने अधिकारलाई सुरक्षित राख्नकोनिम्ति अधिकारलाई दुई भाग गरेर व्याख्या गरिन्छ, (क) नागरिक तथा राजनीतिक अधिकार र (ख) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार । मानिसले कुनै पनि विचार माथि आस्था राख्न पाउने, आफ्नो हितको निम्ति संघ संस्था खोल्न पाउने, मतदान गर्न पाउने, बोलेर या छापेर आफ्नो मत व्यक्त गर्न पाउने, सभा सम्मेलन गर्न पाउने, स्वेच्छाचारी थुना र यातनाबाट मुक्ति तथा आन्दोलन गर्न पाउने, आदि अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारभित्र पर्छन् भने राजगारी प्राप्त गर्ने, उचित पारिश्रमिक पाउने, आफ्नो कमाइमाथि आफ्नो स्वामित्व कायम गर्न पाउने, सामाजिक सुरक्षा, शिक्षा प्राप्ति, मनोरञ्जन, भेदभावबाट मुक्ति, स्वास्थ्य लाभ, बसोबास्, नारी पुरूष समानता जस्ता अधिकारहरू आर्थिक तथा सामाजिक अधिकारभित्र पर्छन् । यी दुबै खाले अधिकार प्राप्तिले मात्र मानिसको मर्यादित जीवन प्रदान गर्छ । त्यसैले यी दुबै प्रकारका अधिकारहरू एक अर्कासंग सम्बन्धित र अविच्छिन्न छन् । दुइटालाई एउटाबाट अलग गर्नु या असम्बन्धित देखाउनु प्रतिष्ठापूर्ण जीवनको विरोध गर्नु हो ।

मानव अधिकार सम्बन्धी यो अवधारणा मानव अधिकारको विश्वव्यापी घोषणा तथा संयुक्त राष्ट्र संघको नागरिक तथा राजनीतिक अधिकारको अन्तरराष्ट्रिय संविदा र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू बारे अन्तर्राष्ट्रिय संबन्धमा आधारित छ।

(ख) हाम्रो संविधानमा मानव अधिकार सम्बन्धी व्यवस्था

०४६ सालको जन आन्दोलनले ३० वर्षे निरंकुश पञ्चायती शासनलाई ढालेपछि मुलुकमा बहुदलीय व्यवस्थाको स्थापना भयो र नेपाल अधिराज्यको संविधान ०४७ निर्माण गरियो। यो संविधान यसभन्दा अगाडिका तीनवटा संविधान - नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान २०१९ भन्दा गुणको हिसाबले नै निकै प्रजातान्त्रिक मानिएको छ। हुनत अगाडिका संविधानमा पनि मौलिक हकको व्यवस्था पाइन्छ तर तिनले जनतालाई सर्वोपरि कहिल्यै मानेनन् र मौलिक हकलाई देखाउने दाँत मात्र बनाए। वर्तमान संविधान ०४७ ले भने राज्य शक्तिको स्रोत जनतालाई मान्दै मानव अधिकार सम्बन्धी उपर्युक्त धारणालाई मौलिक हकको रूपमा स्थान दिएर मानवीय मूल्यलाई संवैधानिक मान्यता प्रदान गरेको छ। संविधानले भाग ३ को धारा-११ देखि २३ सम्म जनताले पाउने निम्न लिखित अधिकारहरू सुनिश्चित गरेको पाइन्छ :

(१) समानताको हक - यो नागरिकलाई धर्म, जाति, लिङ्ग, रंगभेद तथा क्षेत्र आदिको आधारमा गरिने भेदभाव विरूद्धको अधिकार हो। यसले कानूनको दृष्टिमा सबै नागरिकलाई बराबरीको मान्यता दिएको छ।

(२) स्वतन्त्रताको हक् - यो कुनै पनि व्यक्तिमाथि विचार र व्यवहारको क्षेत्रमा गरिने जोर-जबर्जस्ती विरूद्धको अधिकार हो। यसले हर व्यक्तिलाई उन्मुक्त ढंगले सोच्ने, विचार गर्ने तथा आफ्नो व्यक्तित्व विकास गर्ने अवसर प्रदान गर्छ। व्यक्तिको यो स्वतन्त्रतालाई पाँच भागमा बाँडिएको छ।
- विचार र अभिव्यक्तिको स्वतन्त्रता
- विना हातहतियार भेला हुने स्वतन्त्रता
- संघ संस्था खोल्ने स्वतन्त्रता
- अधिराज्यभरि आवत जावत र बसोबास गर्ने स्वतन्त्रता
- कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता

(३) छापाखाना र पत्र-पत्रिका सम्बन्धी हक - यो आफ्नो मतलाई छापाहरू मार्फत प्रचार गर्न पाउने, आफ्नो पक्षमा जनमत बटुल्न पाउने, तथा जनताले एक अर्काका विचारहरू सुन्न र बुझ्न पाउने अधिकार हो।

(४) फौजदारी न्याय सम्बन्धी हक - यो व्यक्तिमाथि गरिने गैर कानूनी व्यवहार विरूद्धको अधिकार हो। यसमा मानिसलाई कानून विपरीत सजाय नगर्ने, एउटा कसुरमा एक पटकभन्दा बढ्ता मुद्दा नचलाउने, थुनामा रहँदा कुनै पनि व्यक्तिलाई शारीरिक र मानसिक यातना नदिने तथा थुनामा रहेको व्यक्तिलाई अमानवीय व्यवहार नगर्ने, अमानवीय व्यवहार गरे क्षतिपूर्ति दिने, कारणको जानकारी विना व्यक्तिलाई थुनामा नराख्ने, कानून व्यवसायीसंग सल्लाह गर्न पाउने जस्ता अधिकारहरू उल्लेख गरिएका छन्।

(५) निवारक नजरवन्द विरूद्धको हक् - निवारक नजरवन्द भनेको विना सबुतको अभियोगमा व्यक्तिलाई थुनामा राख्नु हो। निवारक नजरवन्द विरूद्धको हकमा थुनामा राख्ने अधिकारीले कुनै व्यक्तिलाई पर्याप्त कारण विना बदनीयतपूर्वक थुनामा राख्वेको ठहर भएमा व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ। यो प्रशासनद्वारा व्यक्तिमाथि गरिने गैर कानूनी शक्ति प्रयोग विरूद्धको अधिकार हो।

(६) सूचनाको हक - यो देशको शासन व्यवस्था सही दिशातिर जादैछ या छैन भनेर सार्वजनिक महत्वका विषयमा जनताले थाहा पाउने अधिकार हो। प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक संविधानको धारा १६ ले किटेको छ।

(७) शोषण विरूद्धको हक - यो ठगी र उत्पीडनको विरूद्धमा मुक्तिको अधिकार हो। यसले मानिसलाई दास तुल्याउनु, बेचविखन गर्नु, इच्छा विपरीत काम लगाउनु, तथा नाबालकलाई कुनै जोखिमपूर्ण काम लगाउनुलाई दण्डनीय मानेको छ।

(८) देश निकाला विरूद्धको हक - यो आफ्नो देशमा सधैंभरि बस्न पाउने तथा जबर्जस्ती प्रवासन विरूद्धको अधिकार हो। जस्तोसुकै अपराध गरे पनि व्यक्तिको अन्तिम थलो देश नै हो भन्ने कुरा संविधानले सुस्पष्ट पारेको छ।

(९) संवैधानिक उपचारको हक - यो अधिकारको उपभोग गर्नको निम्ति पाउने कानूनी उपचारको अधिकार हो। यसमा अधिकारको उपभोग गर्न नपाए त्यसको उपचारको निम्ति व्यक्तिले सोझै सर्वोच्च अदालतमा गुहार्न सक्ने व्यवस्था गरिएको छ।

उपर्युक्त अधिकारहरूको साथै संविधानले प्रदान गरेका अन्य अधिकारहरूमा सम्पत्तिको अधिकार, साँस्कृतिक तथा शिक्षा सम्बन्धी अधिकार, धर्म सम्बन्धी अधिकार र गोपनीयताको अधिकारहरू छन्।

हाम्रो छलफलको मूल विषय ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति हो। तर यसलाई मानव अधिकारको ठोस अवधारणा तथा हाम्रो संविधानले प्रतिवद्ध भएर किटान गरेको त्यसको स्थानको प्रवासमा मात्रै व्याख्या गर्न सकिन्छ। नत्र भने स्थितिको चर्चा अमूर्त हुने खतरा हुन्छ। यसै कारण मानव अधिकार सम्बन्धी अवधारणा र संविधानमा उल्लेख भएका व्यवस्था भएको मानव अधिकारबारे झिझयाटलाग्दो र छोटै भए पनि यहाँ चर्चा गरिएको हो। स्पष्टै छ संविधानमा उलेख्य अधिकारहरू विश्वव्यापी मानव अधिकारको घोषणा र ०४६ सालको जन आन्दोलनमा व्यक्त जनताको चाहना विपरीत छैनन्। अब यसैको सेरोफेरोमा उभिएर या यही अवधारणामा ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थितिबारे यहाँ चर्चा गरिने छ।

(ग) ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति

अहिलेसम्म नेपाललाई गाउँहरूको देश भन्दा हुन्छ। किनभने देशको अधिकांश क्षेत्र गाउँले ओगटेको छ र ९० प्रतिशत भन्दा धेरै जनसंख्याको बसोबास गाउँ मै छ। त्यसैले ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थिति भनेको ९० प्रतिशत जनसंख्याले प्राप्त गरेको मानवीय मूल्यको स्तर हो। मानव अधिकारका मान्यताहरू तथा संविधानले प्रदान गरेका हकहरू गाउँले जनताको जीवनमा के कसरी लागू भएका छन् या छैनन् भन्ने कुराले ग्रामीण क्षेत्रमा मानव अधिकारको स्थितिको बोध गराउँछ। माथि नै भने झैं यहाँ मानव अधिकारको मान्यताको आधारमा ग्रामीण क्षेत्रको स्थितिलाई हेर्ने प्रयास गरिन्छ।

(१) समानताको दृष्टिमा ग्राऊमीण क्षेत्र

समानता मानव अधिकारको सबभन्दा महत्वपूर्ण सिद्धान्त हो र हाम्रो संविधानले समेत यो अधिकार मानिसलाई प्रदान गरेको छ। तर हाम्रो गाउँ भने अहिलेसम्म विभेदको खाल्डोबाट बाहिर निस्कन सकेको देखिदैन। त्यहाँ धर्म र जातिको आधारमा, क्षेत्रको आधारमा, उमेर र लिङ्गको आधारमा मानिस मानिसको बीचमा एक अर्कालाई ईर्स्या र घृणा गर्ने, होचो देखाउने र अपमानित गर्ने धारणाहरू छ्यासछ्यासती भएको कुरा जो कोहीले पनि अनुभूति गर्न सक्छ।

सानो जाति र ठूलो जाति तथा छुतअछुतको धारणा गाउँले जन जीवनमा सवभन्दा नराम्ररी जकडिएको छ। अहिले पनि ग्रामीण क्षेत्रमा अछुत मानिने कामी, दमाई, सार्की, चमार, दुषाद, मुसहर जातिका जनसमुदायहरू छुत मानिने जातिहरूसंग घुलमिल भएर चलस्वेल गर्न सक्ने तथा मण्टो उठाएर कुरा गर्न सक्ने वातावरण देखिदैन। संविधान र कानूनले छुवाछुतको अवधारणा र व्यवहारलाई दण्डनीय बनाए पनि त्यसकै कुनै असर परेको महसूस हुँदैन। विडम्बना कहाँसम्म पाइन्छ भने खूद मानव अधिकारको वकालत गर्ने तथा संविधान र कानून निर्माणमा सहभागी जनाउने व्यक्तित्वहरू समेत अछुत जातिलाई आफ्नो घरमा प्रवेश गर्ने अनुमति दिन चाहँदैनन् र बाहिरै पिर्का ल्याएर ओछ्याइदिन्छन्। अछुत जातिहरूमा ज्यादै ठूलो हीनताबोध छ र उनीहरू जतिसुकै योग्य भए पनि सामाजिक काममा सहभागी बन्न पाइरहेका छैनन्। सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्न पाउने र सार्वजनिक थलोहरूमा प्रवेश गर्न सक्ने संवैधानिक मान्यता भए पनि मन्दिर, धारा, पाटी, पौवा जस्ता ठाउँमा अहिले पनि अछुत जातिलाई प्रवेश गर्न व्यवहार र कानूनमा निषेध छ। यहाँसम्म कि कतिपय ठाउँमा त गाउँले होटलमा समेत उनीहरूले अलग्गै बस्नु पर्छ। संख्यामा थोरै, छरिएर रहेको तथा परम्परादेखि नै छुत मानिने जातीको दवाबले थिचिएर हीनतावोधको मानसिक संस्कार निर्माण भैसकेको कारण अछुत जाति पनि संवैधानिक मान्यतालाई उपभोग गर्न प्रयत्नमा रहेको देखिंदैन।

त्यस्तै गरी अर्कोतिर धार्मिक विभेद पनि उकुस मुकुसिएको पाइन्छ। खासगरी मुसलमानी धर्मालम्बीहरू हिन्दुहरूसंग अलि सशंकित देखिन्छन्। संविधानले नै मुलुकलाई हिन्दु अधिराज्य घोषणा गरेको कारण पनि अरू धर्म मान्ने अल्पसंख्यक समूहलाई आफूमाथि धार्मिक पक्षपात भएको अनुभव र हिन्दुहरूमा धार्मिक अहंकार पैदा भएकोले पनि यसो भएको हुन सक्छ।

उमेर तथा शारीरिक कमजोरीलाई आधार बनाएर पनि मानिसहरू बीचमा विभेद रहेको पाइन्छ। खास गरी बुढाबुढीहरू, अपाङ्ग र रोगी मानिसहरू बेसहारा र केही मात्रामा तिरस्कृतसम्म देखिन्छन्। काम गर्न असमर्थ भै सकेका बुढाबुढीहरूसंग भेटेर कुराकानी गर्ने हो भने उनीहरू सबै प्रायः जसो भन्ने गर्छन् "चाँडै मर्न पाए हुन्थ्यो, ज्यादै हैलित भइयो, दुःख पाइयो।" काम गर्न नसक्दा र पालिनु पर्दा परिवारले झर्को फर्को गरको, चाँडै मरिदिए हुन्थ्यो भन्ने भावनाले तिरस्कृत हुन परेको तथा सरकारबाट बुढाबुढी र असमर्थहरूका निम्ति कुनै निश्चित उपाय र व्यवस्था नभएको कारण उनीहरूमा आउने जीवनप्रति भय, दिकदारी र उदासीनता रहेको पाइन्छ।

नारी पुरूषबीचको असमानतामा ग्रामीण क्षेत्रमा देखिने मानिसहरूको बीचमा रहेको अर्को सवभन्दा ठूलो विभेद हो। लिङ्गको आधारमा देखिएको यो विभेद कुनै अपत्यारिलो र सूक्ष्म रूपमा नभएर हाक्काहाक्की र स्पष्ट छ। छोरी जन्मिएकोमा दुःख मनाउ गर्ने र छोराको निम्ति मन्दिरमा भाकल चढाउने चलन गाउँमा सर्वत्र भेटिन्छ।

आफूलाई प्रगतिवादी र मानव अधिकारको हिमायती ठान्ने बुद्धिजीवीहरू समेत "छोरा जन्मियोस्" भनेर मन्दिरमा जल चढाउन हिडेका दृश्यहरू प्रसस्तै देखिन्छन्। छोरीलाई पढाएर फाइदा छैन भन्ने विचारको पक्षमा मेरो विचरमा ९९.९ जनसमूह रहेको हुनुपर्छ। अहिले गाउँ घरमा पनि छोरी पढाउने चलन त शुरू भएको छ तर त्यसको नियत र कारण अर्कै छ - त्यो हो विवाहको निम्ति सजिलो बनाउनु। पढेपछि छोरी सचेत र जीवनको निम्ति सक्षम हुन्छे भन्ने नियतले होइन "यति कक्षा पढेकी" भनेपछि घरबाट पन्छाउन सजिलो हुन्छ भन्ने नियतले छोरीलाई पढाइन्छ। त्यसैले पढ्ने छोरीहरूले पनि घरको पुरै धन्दा सिध्याएर मात्रै स्कूल जान पाउँछन्।

सम्पत्ति माथि कुनै अधिकार नभएको तथा "नारी चरणकी दासी" भन्ने सामाजिक संस्कार भएको कारण समाजमा मात्र होइन परिवार भित्रै पनि नारीको कुनै समान हैसियत देखिदैन। विवाहित नारीले त पुरूषलाई रिझाएर मात्रै (चाहे त्यो पुरूष जतिसुकै बेइमान किन नहोस्, न्याय नारीको पक्षमा किन नहोस्) आफू जिउन सक्छन् (निम्न वर्गका समुदायमा यो असमानता अलि कम छ)। पुरूषले नारीलाई जतिसुकै अत्याचार गरे पनि त्यो घटनालाई स्वभाविक मान्ने परम्परा छ। म यहाँ एउटा सानो उदाहरण प्रस्तुत गर्न चाहन्छु। घटना ०४९ साल वैशाखतिर वड्डाँडाको हो। वड्डाँडा प्युठान जिल्लामा पर्ने एउटा भन्ज्याङ्को नाम हो - यो भालुवाङ्बाट २४ कि.मि. उत्तरमा पर्छ। अहिले भालुवाङ्देखि प्युठानको देवी स्थानसम्म मोटर बाटोको निर्माण भैरहेको छ र सयौंको संख्यामा मजदूरहरू ठेकेदारले दिएको दैनिक ४० रूपियाँमा (वैशाखको कुरो) चमत्कारीपूर्ण ढंगले चट्टान फोरी रहेकाछन्। निर्माण भैरहेको बीच बाटोमा पर्ने वड्डाँडामा एउटा होटल छ। मजदूरहरू, ठेकेदारहरू र वटुवाहरू प्रायः त्यहाँ खाना खाने गर्छन्। मैले त्यही होटलमा सुनेको विवरण यहाँ प्रस्तुत गर्न खोजेको हुँ -

कृष्णबहादुर बस्नेत नामको एकजना मानिस रहेछ जसलाई त्यहाँका मानिसहरू बाटो खनाउने पेटी ठेकेदार भनेर चिन्छन्। ऊ पूर्व जिल्लातिरको हो। ऊ त्यो बाटोमा काम गर्न सपरिवार आएको थियो - एउटी श्रीमती र स-साना २ छोराछोरी। २४ वैशाखको कुरो। कृष्णबहादुर खूब रक्सी पिएर आफ्नो डेरामा गयो। श्रीमतीले अति रक्सी पिएको कारण आलोचना गरी। यतिकै कारण उसले श्रीमतीलाई कुटपिट शुरू गऱ्यो। मनलागी चुट्यो। श्रीमती रक्ताम्मे भई। तर कृष्णबहादुरको चुट्ने धोको मेटिएन। रिस अरू बढ्दै गयो। उसले एउटा लामो लौरो टिप्यो र श्रीमतीको योनिमा सकेसम्म प्रवेश गरायो। श्रीमती चिच्याई। रगत धेरै वग्न थाल्यो तर कृष्णबहादुर अझ थामिएन। उसले वियरको बोतल टुक्रा टुक्रा बनायो र श्रीमतीको पाठेघरमा घुसारी थियो। श्रीमती बेहोश भई। अचम्मको कुरा के हो भने धेरै मानिसहरू जम्मा भएर यो घटनालाई देखे तर बेहोश नहुँदा सम्म कृष्णबहादुरलाई कसैले रोक्ने प्रयत्न गरेनन् यस कारण कि कृष्ण लोग्ने हो र उसलाई आफ्नो श्रीमती माथि अत्याचार गर्ने अधिकार छ।

आज प्रत्येक घर, टोल, गाउँ र छिमेकमा नारीहरूका विरूद्धमा यस प्रकृतिका घटनाहरू घटिरहेका छन्। नारीहरूको मतको कदर गर्ने, नारीहरूको बोझलाई हलुका बनाउन काममा उचित सहयोग गर्ने र सहभागिता जनाउने, सम्पत्ति माथि नारीहरूको अधिकारलाई प्रोत्साहित गर्ने तथा नारीहरूलाई सामाजिक काममा सहभागी बनाउनको निम्ति उचित वातावरण तयार गर्ने कुरा त परै जाओस् नारी पनि पुरूष जत्तिकै मूल्य भएकी मान्छे हो भन्ने भावनासम्म पाउन कठिन छ। मानिसहरू यस्ता घटनालाई स्वाभाविक ठान्ने गर्छन्।

केही टाठावाठा नारीहरूलाई पोथी बासेको आरोप लगाउने र चित्त नबुझाउने वित्तिकै श्रीमती फेर्ने चलन-चल्ती मै छ। आफ्नो खुट्टामा उभिने कुनै उपाय नभएको तथा

"मर्दकी १० वटी" भन्ने संस्कारले समाज र पुरूष ग्रसित भएको कारण पीडित नारीहरू आँसु पिएर जिउनुलाई नै आफ्नो नियति ठानेर मुक्तिको कुनै सपना देखिरहेका छैनन्। "सबै नागरिक कानूनको दृष्टिमा समान" भन्ने संविधानको मान्यता नारी नागरिकहरूमा कसरी लागू हुने हो सोचनीय विषय छ।

उपर्युक्त कुराको निष्कर्ष के हो भने - कुनै पनि क्षेत्र, जाति, धर्म या लिङ्गको किन नहोस् मानिस सबभन्दा पहिले मानिस हो र ऊ भेदभावरहित मानवीय सम्मानको हकदार छ भन्ने कुराको चेतना र व्यवहार ग्रामीण क्षेत्रमा एकदमै अपर्याप्त छ। यसको निराकरण पनि त्यत्तिकै कठिन लाग्छ।

(२) स्वतन्त्रताको दृष्टिमा गाउँ

उन्मुक्त भएर निर्भयका साथ कुनै वाद र विचारलाई रोज्न पाउने, मत बनाउन र व्यक्त गर्न पाउने, पेशा चुन्न र रोजगारी गर्न पाउने मानिसको व्यक्तिगत स्वतन्त्रता मानव अधिकारको अर्को महत्वपूर्ण सिद्धान्त हो र हाम्रो संविधानले पनि यो अधिकार प्रदान गरेको कुरा माथि नै चर्चा गरिसकिएको छ। तर गाउँले क्षेत्रमा के देखिन्छ भने बहुदलीय व्यवस्था आएको दुई वर्ष बितिसक्दा पनि मानिसहरू व्यक्तिगत स्वतन्त्रतालाई पूर्ण रूपले उपभोग गर्न सकिरहेका छैनन्। धेरै ठाउँमा मानिसहरू अझ पनि करकाप, भय, त्रास र वाद्यताको आधारमा आफ्नो मत बनाइरहेका छन्। तथ्य र विश्लेषणको आधारमा मानिसहरू सच्याई छुट्याईरहेका छैनन् धम्की र शक्तिसंग समर्पण गरेर आफ्नो विचार बनाउन विवश भएको कुरा उनीहरू बताउँछन्। जहाँ कम्युनिष्टहरूको बोलवाला छ त्यहाँ कम्युनिष्ट विचार र आचरण नरूचाउने मानिस कम्युनिष्ट भइरहेको छ अनि जहाँ नेपाली काँग्रेसको वोलवाला छ त्यहाँ काँग्रेसको विचार र आचरण नरूचाउने मानिस काँग्रेस भइरहेको छ। काँग्रेस सत्तामा जानु भन्दा अगाडि काँग्रेसको विरोध गर्ने धेरै मानिसहरू काँग्रेसको सरकार बनेपछि रातारात काँग्रेसको टिकट लिएर काँग्रेस भएका छन्। कतिपय गाउँहरूमा ऋणले डुबेका किसानहरू ऋणदाता जतापट्टि छ त्यतैपट्टि छन् - कुनै आस्थाले होइन ऋण नपाइएला या ऋण असूलीमा कसिकसाइ होला भनेर। कतिपय स्कूलहरूमा शिक्षकहरू त्यही मतमा छन् जुन मतमा हेडमास्टर छ - आस्थाले होइन हेडमास्टरलाई रिझाए जागिर जोगिएला भनेर।

निर्वाचनको समयमा त मानिसको व्यक्तिगत स्वतन्त्रताको हननका घटना झन् नराम्ररी प्रकट भए। मलाई लाग्छ राजनीतिक पार्टीहरू जसले अधिकारको यो बुँदालाई संविधानमा सामेल गराउन लडाई गरे उनीहरूले नै स्वतन्त्रताको दुरूपयोगलाई सहयोग पुऱ्याए। शक्ति प्राप्तिको होडमा अधिकारको मान्यता गौण बनेर गयो। मानिसहरू यो वा ऊ पार्टीबाट करकापपूर्ण ढंगले नियन्त्रित भए - मत किनबेच भयो। मानिसले कति ठाउँमा स्वेच्छाले मतदानसम्म गर्न पाएनन्। निर्वाचनको यो संस्कार पछि त झन् गाउँमा मानिसहरूलाई व्यक्तिगत स्वतन्त्रताको कुनै अनुभूति भैरहेको छैन।

कतिपय यस्ता मानिसहरू छन् जो बहुदलीय व्यवस्थाको स्थायित्वमाथि विश्वास गरिरहेका छैनन्। २०१७ सालको घटनाले तर्सिएका तिनीहरू "भोलि कस्तो व्यवस्थामा को सत्तामा आउला के ठेगान?" भन्ने सोचाइ राख्दै प्रकट भएर आफ्नो मत व्यक्त गरिरहेका छैनन्। कतिपय यस्ता मानिसहरू छन् जो संविधानलाई त्यति महत्व दिदैनन् र स्थानीय शक्तिलाई नै सबै कुरा ठान्छन्। मैले एकपटक एकजना किसानलाई प्रश्न गरेको थिएँ "संविधानले यत्रो अधिकार दिंदा पनि तपाइहरू खुलेआम आफ्नो मत प्रकट गर्न किन डराउनु हुन्छ?" "संविधान त कागजमा छ तर हामीमाथि जुन आपद घट्छ त्यसको

जिम्मा कसले लिन्छ?" किसानको यस्तो उत्तर थियो। किसानको यो उत्तरले मानव अधिकारको प्राप्ति र उपभोगको वातावरण अझ पनि कति धुमिल र प्रतिकूल छ भन्ने कुरा स्पष्ट हुन्छ।

कतिपय क्षेत्रमा त मानिसहरूले अझसम्म संविधानमा उल्लेख्य पाँच स्वतन्त्रता बारे बुझन र उपभोग गर्न त परै जाओस् सुन्नसम्म पाएका छैनन्।

(३) न्याय सम्बन्धी अधिकारको दृष्टिमा गाउँ

प्रशासनबाट व्यक्तिमाथि गरिने गैर कानूनी व्यवहार विरोधको अधिकार फौजदारी न्याय सम्बन्धी अधिकार हो भन्ने कुरा माथि चर्चा भैसक्यो। संविधानको धारा १४ ले प्रदान गरेको यो अधिकारको उपभोगको सन्दर्भमा गाउँले क्षेत्र पहिलो कुरा - अहिलेसम्म सचेष्ट देखिदैन, दोश्रो कुरा त्यस क्षेत्रमा प्रशासनले कागजमा बाहेक व्यवहारमा गैरकानूनी व्यवहारलाई पूर्ण रूपले निर्मूल गरेको पाइदैन। अहिले पनि मानिसहरू व्यक्तिगत रिस या झोसपोलको आधारमा थुनिने गर्छन् र स्पष्ट कारणको आवश्यकता पर्दैन जबकि संविधानले कारणको जानकारी विना व्यक्तिलाई थुन्न नपाइने कुरा उल्लेख्य गरेको छ। अहिले पनि मानिसलाई आफ्नो इच्छा विपरीत वकाउनको निम्ति थुनामा शारीरिक र मानसिक यातना दिने प्रचलन कायमै छ जबकि संविधानले त्यसो गर्न मनाही गरेको छ। अहिले पनि थुनुवाप्रति अपमानजनक र अमानवीय व्यवहार गर्ने प्रथा टुटेको छैन, जबकि संविधानले त्यसलाई रोक लगाएको छ। कतिपय ठाउँमा प्रशासकहरू थुनुवालाई अहिले पनि पञ्चायती कालकै जस्तो सम्बन्धित व्यक्तिहरूलाई भेटघाट गर्न र बातचित गर्नबाट वञ्चित गर्ने गर्छन्। उनीहरू कतिलाई कुटपिट र यातना विना अपराधको सबुत फेला पार्न सकिन्न भन्ने विश्वास छ र कतिलाई चाहिं अपराध गरे वापत कुटपिटबाट रिस पनि फेर्नु पर्छ भन्ने छ। प्रशासनको पूर्ववत व्यवहारबाट मानिसहरूलाई पञ्चायती परिपाटी फेरिएको कुनै अनुभूति भैरहेको छैन।

अर्कोतिर मानिसहरू अचेत छन् र अचेतनाको कारण कुनै प्रतिरोध र दवाब सिर्जना नहुने भएकोले प्रशासनले आफ्नो संस्कार फेर्न आवश्यक ठानेको पनि छैन। यसरी मानिसहरू गाउँले क्षेत्रमा फौजदारी न्याय सम्बन्धी हकबाट अहिले पनि वंचित छन्। यहाँ यातना सरोकार केन्द्र, नेपालद्वारा ०४८ साल माघ १ गतेको बागलुङ काण्डको सन्दर्भमा पक्राउ परेका भीमबहादुर थापालाई दिएको यातना बारे प्रकाशित एउटा आँकडा प्रस्तुत गरिन्छ जसले विषयलाई पुष्टि गर्छ।

"०४८ साल माघ १ गते बागलुङ जिल्लाको जमैनी घाटको मेलामा भएको एउटा हुल दंगामा प्रहरी निरीक्षक ज्ञानेश्वर वैद्यको हत्या भयो। ..... उक्त घटनाको सिलसिलामा प्रहरीले पाँचसय जति मानिसलाई पक्राउ गऱ्यो। पक्राउ पर्नेमध्ये भीमबहादुर थापा एक हुन्।"

"२७ वर्षीय भीम बहादुर थापा यस्ता व्यक्ति हुन् जसलाई रक्सी स्वाएर मातेको बेला होहल्ला गरेकोले हत्याको घटना हुनुभन्दा डेढ घण्टाअघि गिरफ्तार गरिएको थियो। तर पनि उनी हत्याको अभियुक्त बनाइएका छन्। उनलाई पनि पचपन्न दिनसम्म हिरासतमा राखेर यातना दिइयो।"

पाइताला माथि पारेर पिट्ने, डढाउने जस्ता यातनाले उनी पनि हिड्न नसक्ने अवस्थामा पुऱ्याइएका छन्। उनकी बहिनीका अनुसार प्रहरी निरीक्षकको हत्या भन्दा झण्डै डेढ घण्टाअघि उनी पक्राउ परेका हुन्। पक्राउ पर्दा उनी रक्सिले मातेका थिए र त्यस्तो हत्याको जघन्य कार्यमा संलग्न हुने अवस्था नै थिएन। स्मरणीय छ उनी .....

कम्युनिष्ट पार्टीसंघ सम्बद्ध मानिस हुन् । ०४९ बैशास्व २१ गते भीम बहादुरलाई धरौटीमा रिहा गरियो ।" यातना मुक्ति ०४९ बैशास्व

उपर्युक्त घटना प्रशासनद्वारा विना सबुतको अभियोगमा व्यक्तिमाथि गरिएको गैरकानूनी शक्ति प्रयोगको एउटा उदाहरण हो । यसले गाउँले क्षेत्रमा मानव अधिकारको स्थितिको चित्र प्रस्तुत गर्छ ।

तर जुन ठाउँमा मानव अधिकारको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरू, मानव अधिकारलाई मान्यता दिने राजनीतिक पार्टीका कार्यकर्ताहरू सक्रिय छन्, जनतामा जागरण छ र समझदार प्रशासकहरू छन् त्यहाँ व्यक्तिमाथि हुने गैरकानूनी व्यवहार पनि कम हुँदै भने गएको छ ।

(४) शोषण विरूद्धको अधिकारको मामिलामा गाउँ

मानव अधिकारका महत्वपूर्ण सिद्धान्तहरू मध्ये यो एक हो । जब मानिसद्वारा मानिसको शोषण अन्त्य हुँदैन र शोषित मानिस शोषणको विरूद्धमा आन्दोलन गर्ने अधिकारबाट वञ्चित हुन्छ मानव अधिकारको कुनै अर्थ हुँदैन । मानव अधिकारको धारणालाई चरितार्थ गर्न नै हुनु पर्छ संविधानको धारा २० ले यो अधिकार जनतालाई प्रदान गरेको छ । तर गाउँले जीवन यो अधिकारको उपभोगबाट पनि व्यवहारमा वंचित नै भएको देखिन्छ । जनसंख्याको ठूलो हिस्सामा रहेका गाउँले गरीबहरू प्रत्यक्ष अप्रत्यक्ष ढंगले अहिले पनि जमिन्दारको बन्धनमा बाँधिएका छन् । बाँकेका एकजना गरीब किसानले मलाई बताए "उनलाई आफ्नो खेतको उब्जनीबाट ४ महिना खान पुग्छ । बाँकी ८ महिना जमिन्दारको घरबाट ल्याइएको अन्न खान्छन् । जमिन्दारले त्यो अन्नलाई पैसामा रूपान्तर गरी सयकडा ६० का दरले ब्याज जोडेर चुक्ता गर्छ । अर्को पटक उनको खेतको अन्नले जमिन्दारको व्याज मात्र तिर्न पुग्छ । सावाँ भने थपिदै जान्छ । यसरी उनलाई जमिन्दारको बँधुवा नबनी धरै छैन ।" चर्को ब्याज गाउँले क्षेत्रको सबभन्दा ठूलो शोषणको रूप हो । यो जाल जसरी नै फिजिएको छ । अधियाँ, ठेक्का अर्को शोषण हो । सुविधाहीन कम पारिश्रमिक गाउँले मजदूरहरूमाथि हुने अर्को चर्को शोषण हो । बहुदलीय व्यवस्थाको स्थापना पछि पनि यो जस्ताको तस्तै छ । रोजगारीको अधिकार त छ तर कुनै रोजगारी छैन । त्यसैले पनि गाउँले मजदूरहरू जस्तोसुकै चर्को शोषण सहेर पनि सिर्फ सास धान्नको निम्ति मात्रै कम मजदूरी-अधिक घण्टा काम गर्न बाध्य छन् । यस्ता मजदूरहरू सामन्तवादको पक्षपोषण गर्ने जमिन्दारको घरमा मात्रै होइन प्रजातन्त्रवादी तथा प्रगतिवादीहरूको घरमा पनि यही रूपमा पाइन्छन् । मजदूरहरूले शोषण विरोधको अधिकारको प्रयोग कहाँ कसरी कुन रूपमा गर्ने हो उनीहरू अज्ञात दुनियाँमा नै छन् ।

छोरी-चेली विक्री गरेर जीविका चलाउने मानिसहरू अहिले पनि गाउँ घरमा प्रशस्तै पाइन्छन् । बाल अधिकारको कुरो त गाउँले क्षेत्रमा पुगेकै छैन भन्दा पनि हुन्छ । गरीबीको कारण धेरैजसो बालकहरू पौष्टिक आहार तथा बाबु आमाबाट पाउने उपयुक्त स्याहार सुसारबाट वञ्चित छन् । उनीहरू सानै उमेरदेखि कडा श्रम गर्न बाध्य हुन्छन् र शिक्षा अनिवार्य तथा आवश्यकता हुनु उनीहरूको निम्ति टाढाको कुरा हुन्छ ।

भाग्यवादमा आधारित संस्कृतिको कारण शोषित मानिसहरू अझ पनि आफू ठगिएकोमा पुर्पुरोलाई दोष दिन्छन् र उत्पीडन विरूद्धको हकमाथि कम चासो राख्छन् । जो सचेत छन् ती पूर्ण रूपमा ठगिएका छैनन् - जो ठगिएका छन् ती आफ्नो बारेमा सचेत छैनन् । यो एउटा विसङगति नै हो ।

(५) बाँच्न पाउने अधिकारको मामिलामा गाउँ

जीवनको अधिकार नै मानव अधिकार हो। जीवन नै नभए अधिकार भन्ने वस्तु पनि हुँदैन। माथि नै भने जस्तो - प्रत्येक मानिससंग बाँच्न पाउने अधिकार छ, अनि प्रत्येक मानिससंग स्वाभिमानको अधिकार पनि छ। समानता, स्वतन्त्रता, न्याय तथा शोषण विरोध सम्बन्धि अधिकार मुख्यतः स्वाभिमानसंग सम्बन्धित छन्। तर बाँच्नको निम्ति मानिसलाई अन्य भौतिक वस्तुहरूको पनि आवश्यकता पर्दछ - ती हुन् बसोबास, खानपीन, रोग्रो स्वास्थ्य र सुरक्षा। बसोबास, खानपीन, स्वास्थ्य लाभ र सामाजिक सुरक्षा मान्छेका बाँच्न पाउने अधिकारहरू हुन्। तर गाउँले क्षेत्रका अधिकांश जनताहरू यी अधिकारको उपभोगबाट पनि विस्तारै वञ्चित हुँदै गएको देखिन्छ।

बसोबासको कुरा गर्ने हो भने अहिले पनि जनसमुदायको ठूलो हिस्सा बासबिहीन छ। खास गरी सुकुम्वासीहरू। यहाँ सुर्खेत जिल्लाका तीन जना सुकुम्वासी महिलाहरू (जो कुल्ली काम गरेर जीवन गुजार्छन्) संग भएको सानो वार्ता यहाँ प्रस्तुत गर्न चाहन्छु-

"तपाइहरूको घर कहाँ हो ?"

"हजुर। सुकुम्वासीको के घर ? जहाँ बस्यो त्यहीं।"

"तैपनि"

"हामी पहिले वसपार्क नजिकै बस्थ्यौं। हामीलाई त्यहाँबाट सरकारले जवर्जस्ती लखेट्यो। हामी जवर्जस्ती त्यहीं बस्ने प्रयास गर्‍यौं। तर केही लागेन। हाम्रा सबै घरहरू भत्काइदियो, अन्त्यमा भाग्नै पर्‍यो। सरकारसंग लड्दा कति आइमाई पनि पक्राउ परे।"

"यो कहिलेको कुरो"

"धेरै भो - बहुदल आउनु भन्दा अगाडि।"

"अनि अहिले तपाइहरू कहाँ हुनुहुन्छ ?"

"कहाँ हुने हजुर विजोग छ। यही वडा नं. ५ (न.पा.) मा। १½ धुर जमिनमा सानाना झुप्रा ठड्याएका छौं। टाउको लुकाउन पनि पुग्दैन। उही रात विताउन र खान मात्र झुप्रामा जान्छौं - बाँकी समय सडकमै बित्छ। कुल्ली काम गर्छौं - भारी बोक्ने।"

"तपाइहरू कति घर हुनुहुन्छ ?"

"५८ घर"

"अब त प्रजातन्त्र आएको छ। तपाइहरूलाई सरकारले केही गरेन ?"

"सबै भुँडी फुटाउने मात्र हुन् हजुर। कसैले केही नाप्दैन। चुनाव आको-आको बेला भोटको लागि हाम्रो नाम टिपेर लैजान्छन्।"

१ जेष्ठ ०४९ मा मैले सुर्खेतको बसपार्क नजिकै यो वार्ता गरेको थिएँ। यो एउटा ठाउँको सानो चित्र मात्रै हो जसले बसोबासको नाजुक समस्यालाई दर्शाउँछ। यस्ता धेरै ठाउँहरू छन् जहाँ मानिसहरू १½ धुरको सानो अस्वस्थ्यकर झुप्रामा ७/८ जनाको परिवार लिएर गुमुक्क परेर कोचिन्छन्। अनि त्यही झुप्रो पनि असुरक्षित छ, कुनै बेला भत्काउन सक्छ, सार्वजनिक जमिन या जंगल विनाशको नाममा।

जीवनका निम्ति अर्को अधिकार हो - स्वास्थ्य। तर गाउँका अधिकांश जनताहरू स्वास्थ्यको अधिकारबाट पनि बञ्चित नै छन्। पहिलो कुरो - बस्ने

वातावरण दूषित छ। विना झयालको सानो झुप्रो जहाँ भित्र एकै ठाउँमा भात-भान्सा हुन्छ, कुस्रुरा बास्त्रा बस्ने र सपरिवार सुत्ने काम पनि हुन्छ। त्यहाँ विज्ञानको मापदण्ड अनुसारको स्वास्थ्य कल्पनासम्म गर्न सकिन्न। दोश्रो कुरा - रोगको इलाज गर्नु दुरूह छ। सबैलाई थाहा छ गाउँले हेल्थ पोष्टमा विल्डिङ भन्दा बाहेक केही हुन्न। न कुशल डाक्टरहरू गाउँ पुग्छन् न गाउँले जनताहरू समयमा कुशल डाक्टर समक्ष पुग्न सक्छन्। सुगम यातायातको अभाव तथा अज्ञानताको कारण यो सम्भव छैन। धामी झाँक्री अहिले पनि गाउँले जनताको सन्तोषका निम्ति सहारा छन्। विश्वास नभए पनि वाध्यता छ। प्रायः गाउँको हेल्थ पोष्टमा पुग्ने सबैलाई थाहा छ - जे सुकै विमारी लिएर गए पनि त्यहाँ एउटै दबाई पाइन्छ त्यहो हो - ट्यावलेट एपीसीर (Tab-APC) गरीब गाउँलेको निम्ति रोग लाग्नुको मतलब हो मृत्यु।

स्वस्थ्यकर खाना जीवनको अर्को अधिकार हो। तर हामी गाउँलेहरू सबैलाई थाहा छ पेट भर्न खानुको मुख्य उद्देश्य हो र स्वस्थ्यकर खाना त टाढाको विषय हो। स्वस्थ्यकर खानाको कुरो त परै छाडौं गाउँका अधिकांश गरीब जनताहरू भोक लागेको बेलामा पेटभर खानासम्म पाइरहेका छैनन् र उनीहरू दिउँसोको भोक प्राय पानी खाएर मेट्ने गर्छन्। केटाकेटीका हालत त कहाँसम्म टिठ लाग्दो देखिन्छ भने भोकको छटपटीले उनीहरू घर छिमेक डुल्ने गर्छन् र बेलुकाको खाना पर्खन कष्टपूर्ण ढंगले छटपटिन्छन्। मानिसहरूको आयस्तर घट्दै गएको छ र बढ्दो मूल्यको चापलाई मान्छेको आयले धान्न सक्ने कुनै स्थिति छैन। गाउँमा कुनै वैकल्पिक रोजगारी नभएको कुरा मात्र होइन। उपर्युक्त कुराको सार के हो भने जिउने अधिकारबाट नै गाउँका अधिकांश जनताहरू वञ्चित हुँदै गइरहेका छन् र यसले उनीहरूलाई निराश बनाइरहेको छ।

गाउँले क्षेत्रको मानव अधिकारको स्थितिलाई जाहेर गर्ने केही पक्षहरूबारे माथि चर्चा गरियो। यो चर्चा विस्तृत छैन र छोटो मोटो छ। फेरि पनि हामीमध्ये कतिलाई लाग्न सक्छ कुराहरू नकारात्मक मात्र भए। पक्षको अँध्यारो बाटो मात्र उल्लेख्य गरियो। तर पनि मलाई लाग्छ यो वास्तविकता हो। गाउँले क्षेत्रमा मानव अधिकारको स्थितिमा रहेको उज्यालो पक्षको पनि चर्चा गर्ने हो भने त्यो हो - हामी मानव अधिकारको चेतना लिएर गाउँमा घुमफिर गर्न सक्छौं र जनतालाई ब्युँझाउन सक्छौं। पञ्चायत कालको जस्तो सत्य कुरा सिस्वे र सिस्वाए वापत यातना झेल्नु पर्दैन र भरसक नपर्ला धेरैलाई थाहा छ हामी यो काम गरिरहेका छौं र मानिसहरूमा विस्तारै जागरण पनि पैदा भैरहेको छ। यो गोष्ठी यसैको उदाहरण हो।

(घ) जनताको चेतनाको स्तर र हाम्रो दायित्व

गाउँले क्षेत्रका जनताको चेतनाको स्तर अझ पनि ज्यादै न्यून छ। यसका निम्न अभिव्यक्तहरू छन् -

(१) मानव अधिकार हननबाट सबभन्दा पीडित समुदायहरू खास गरी महिलाहरूको ठूलो भाग र कृषि मजदूरहरू अझ पनि निरक्षर छन्। उनीहरू आफै पढ्न, लेख्न असमर्थ भएको कारण धेरै कुराहरू बुझ्न उनीहरूलाई स्वाभाविकै ढंगले कठिनाइ छ।

(२) कठोर र बोझिलो श्रम, भोक, विमार र स्वानपीनको चिन्ताको कारण मानिसहरू आफ्नो चेतनाको स्तर उकास्ने सम्बन्धमा ज्यादै कम चासो राख्छन्। तत्कालिक भौतिक लाभ हुने नदेखे उनीहरू आफ्नो अधिकारबारे छलफल गर्न, आवाज उठाउन समय निकाल्नै गाह्रो मान्छन्।

(३) धेरैलाई त संविधान र कानूनमा प्राप्त भएका आफ्ना अधिकारहरूबारे नै थाहा छैन। यो अज्ञानताले पनि संवैधानिक अधिकारबाट उनीहरू वञ्चित भैरहेका छन्। उनीहरू संविधान र कानूनले दिएका अधिकारहरू के के छन् र ती व्यावहारिक जीवनमा प्राप्त भएका छन् या छैनन् भन्ने कुराको लेखाजोखा गर्न सक्तैनन्। कहाँ के बोल्दा र के गर्दा के हुन्छ भन्ने कुराको कानूनी ज्ञान नभएकोले उनीहरू आफ्नो हक खोसिएको कुरामा पनि मूक् बनेर बस्ने गर्छन्।

(४) भाग्यवादमा आधारित संस्कृतिको कारण शोषित पीडित मानिसहरू आफ्ना पीडा र कष्टको कारण आफ्नै पुर्पुरोलाई ठान्छन्। दुःख र कष्टलाई पूर्व जन्मको फल ठानी सन्तोष व्यक्त गर्दै तिनीहरू अधिकार हनन गर्नेहरूका विरूद्धमा आवाज उठाउन र आफ्नो हक खोज्न त्यति रूचि देखाउँदैनन्। यो संस्कारलाई बल पुऱ्याउने पुरेतहरू अहिले पनि गाउँमा छ्यासछ्यासती भेटिन्छन्। यस्ता पुरेतहरूले गरीब मानिसहरूलाई आफ्नो गरीबीमा सन्तोष गर्ने र अर्को जुनीको प्रतीक्षामा शान्त भएर रहने पाठ सिकाउँछन्।

गाउँले क्षेत्रमा रहेको मानव अधिकारको स्थिति र जनताको न्यून चेतनाको उपर्युक्त सन्दर्भमा हाम्रो दायित्वको चर्चा गर्नु पनि आवश्यक रहन्छ। हाम्रो भन्नाले मेरो तात्पर्य जनताको जिम्मेवारी वहन गर्ने र मानव अधिकारसंग सम्बन्ध राख्ने सबै निकाय र पक्षसंग हो। मानव अधिकारको प्राप्ति, रक्षा र विकास ज्यादै गंभीर गहन र दीर्घकालीन विषय हो। सम्बन्धित निकायको इमान्दारीपूर्ण दायित्व वहनले मात्र यो मानवीय मूल्यको वचत हुने सम्भव छ। यहाँ सम्बन्धित निकायहरूले निर्वाह गर्नुपर्ने केही तत्कालिक दायित्वहरूबारे उल्लेख गरिन्छ।

(१) अधिकार दिएर मात्र पुग्दैन त्यो प्राप्त गर्न सक्ने वातावरणको समेत सिर्जना गरिनुपर्छ। उपयुक्त वातावरणबिना अधिकारको कुनै अर्थ हुँदैन र त्यो चन्द्र शम्शेरको दासमुक्ति जस्तै हुन्छ। चन्द्र शम्शेरले मुक्त गरेका दासहरू घुमिफिरी फेरि जमिन्दारकै घरमा फर्केको कुरा हामी सबैलाई थाहा छ। रोजगारीको अधिकार छ तर रोजगारी छैन, बासको अधिकार त छ तर बस्ने ठाउँ नै छैन, स्वास्थ्य लाभको अधिकार त छ तर स्वस्थ्य वातावरण, पौष्टिक स्वाना तथा उपचारको व्यवस्था नै छैन भने यस स्थितिमा अधिकारको के मान्यता रहन्छ हामी सबै विज्ञ नै छौं।

(२) अधिकार रक्षाको निम्ति कानूनको समेत निर्माण गरिनु आवश्यक छ। संविधान सिद्धान्त हो र कानून कार्यान्वयन हो। कानून नबनाउने हो भने संविधान अमूर्त बन्छ। उदाहरणको निम्ति शारीरिक र मानसिक यातनाबाट मुक्तिको अधिकार संविधानले प्रदान गरेको छ तर त्यो अधिकार हनन भए कसलाई के कति कार्वाही हुने र अधिकारको प्राप्ति कुन प्रक्रियाबाट गर्ने भन्ने कानून त छैन। यस्तो स्थितिमा अधिकारको के माने रहन्छ ? स्पष्ट छ यसले अधिकारलाई कुनै सार्थक बनाउदैन।

(३) कानून भएर मात्र पनि पुग्दैन जनताको अचेतनाबाट फाइदा उठाएर त्यसको दुरूपयोग गरिन सक्छ। यसो नगरिनको निम्ति न्यायिक निकाय र प्रशासन शक्ति केन्द्रबाट एकदम अप्रभावित रहनु पर्छ। न्यायिक निकाय र प्रशासन निष्पक्ष भए मात्र कानूनी राज्यको निर्माण गर्न सकिन्छ।

(४) गाउँले क्षेत्रमा मानव अधिकारको स्थिति सुधार्न या बिगार्नमा राजनीतिक पार्टीहरूको भूमिका सबभन्दा महत्वपूर्ण देखिन्छ। स्वयं मानव अधिकारको निम्ति आवाज उठाउने र जनतालाई आन्दोलित गर्ने राजनीतिक पार्टीहरूमा समेत गैर प्रजातान्त्रिक सस्कारले काम गऱ्यो भने मानव अधिकार दुरूह बन्न जान्छ। केही दिनदेखि यता विभिन्न राजनीतिक पार्टीहरूमा शक्ति प्राप्त गर्ने होडबाजीमा गैर प्रजातान्त्रिक संस्कार हुर्कंदै गएको देखिन्छ। मानिसहरूलाई चित्त बुझ्ने तर्क, छलफल र तथ्यको आधारमा आफ्नो पक्षमा ल्याउनुको सट्टा जोर जबर्जस्तीको तरिका अपनाउनु, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउन मत किनबेच तथा जाली मतलाई दुरूत्साहित गर्नुको सट्टा प्रत्यक्ष या अप्रत्यक्ष ढंगले आफैले त्यसलाई प्रोत्साहित गर्नु, आफ्नो पक्षमा भए कतिपय मानव अधिकार हननका मामिलालाई समेत ढाक्छोप गर्नु, पार्टीहरू बीचमा प्रभाव विस्तारको निम्ति राजनीतिक क्रियाकलापको स्वस्थ्य प्रतिस्पर्धाको सट्टा हानथाप र मुठभेडको तरिका अपनाउनु आदि यसका अभिव्यक्तिहरू हुन्। मानव अधिकारको परपोषण गर्ने तथा जनताप्रति जिम्मेवारी वहन गर्ने सबै राजनीतिक पार्टीहरूले यो चरित्रलाई फेर्नु र स्वस्थ्य राजनीतिका साथ जनतामा जानुले मात्रै मानव अधिकारको स्थितिलाई सुधार्न सकिन्छ।

(५) जनताहरू आफ्नै अधिकारप्रति जागरूक नभएको कारण पनि गाउँले क्षेत्रमा मानव अधिकारको अवस्था नाजुक भएको हो। कानूनले त्यो व्यक्तिलाई मात्र सहायता गर्छ जो कानूनको बारेमा विज्ञ छ। अधिकार त्यसले मात्र प्राप्त गर्छ जो अधिकारप्रति सचेष्ट छ। मानव अधिकारको निम्ति भएको लामो संघर्षको इतिहासले यही कुरा जाहेर गर्छ। अधिकार कसैबाट अनुदान दिइने वस्तु होइन त्यो त लिने चिज हो जो जन्मजात आफ्ना भागमा परेको छ। तर यसको निम्ति जनचेतना आवश्यक कुरा हो। जसको अभाव आज खडकिएको छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूले मानव अधिकारप्रति जन समुदायलाई सचेष्ट गरेर यो अभावको पूर्ति गर्नु जरूरी छ ताकि मानिसहरू आफ्नो अधिकार आफै खोज्न थालून् र आन्दोलित बनून्। शहरको कुनै एउटा दुइटा गोष्ठीबाट होइन, दुई चारवटा पुस्तक प्रकाशन र अपीलबाट मात्रै पनि होइन गाउँ घरमा, टोल टोलमा घुमेर रचनात्मक र व्यावहारिक कामबाट यसो गरिनु पर्छ। यहाँ ध्यान दिनु पर्ने कुरा के हो भने जागरणको निम्ति लक्षित समुदाय त्यसलाई बनाइनु जरूरी छ, जसलाई मानव अधिकारको आवश्यकता छ।

मेरो विचारमा तत्कालिक दायित्वहरू यिनै हुन्। जो मानव अधिकारको रक्षा र विकासको निम्ति आवश्यक छन्।

गाउँ स्तरीय बैठक तथा कार्याशाला बारे केही जानकारी
बैठक के हो ? गाउँमा बैठक किन गरिन्छ ?

केदार न्यौपाने
देवकी श्रेष्ठ

दुईभन्दा बढी व्यक्तिहरू (महिला तथा पुरूष) सामूहिक रूपमा भेला भै सामूहिक विचार आदान-प्रदान गर्नु तथा कुनै पनि समस्यालाई सामूहिक छलफलबाट समाधान गर्न बैठक बसिन्छ ।

हाम्रो गाउँ-घरमा बहुसंख्यक जनताहरू अशिक्षित छन् । जसले गर्दा अधिकांश जनतामा हामी के हौं ? के गर्न सक्छौं ? हामी कहाँ पुग्न सक्छौं ? हामीले गाउँ कति सुगम पार्न सक्छौं ? भन्ने कुरामा कल्पनासम्म पनि नगरेका कति होलान् । यी सबै कुरामा दृष्टिगत गरी आजका शिक्षित सचेतक समूहले विकासको नाउँमा बैठकको धेरै अभ्यास गरिसकेका छन् । यो अभ्यास तवसम्म जारी नै राख्नु पर्दछ जबसम्म हाम्रा गाउँका समुदायमा चेतनाको लहर फैलिदैन र समुदाय आफैले बैठकको आवश्यकता महसूस गरी आफैले बैठक चलाउन सक्षम हुँदैनन् । साधारणतया "विकास बाहक" (Development agent) को सन्दर्भमा बैठक निम्न बुँदाहरूमा गर्न सकिन्छ ।

- समुदायमा शैक्षिक अवस्था तथा शैक्षिक स्तर उठाउन
- समुदायमा विद्यमान सामाजिक अवस्था तथा सामाजिक कुरीतिहरू बारे जानकारी गराउन
- समुदायको आर्थिक स्थिति तथा आय वृद्धि कार्यक्रम सञ्चालन गर्न
- गाउँमा देखिएका स्वास्थ्य समस्या र त्यसको निराकरण बारे
- गाउँमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास तथा गाउँमै दक्ष जनशक्ति उत्पादन गर्नेबारे आदि .....

गाउँमा बैठक कसरी सञ्चालन गर्ने ?

कुनै पनि बैठक सञ्चालन गर्न त्यसको उद्देश्य हुन्छ । त्यही उद्देश्य अनुसार बैठक संचालन गर्ने प्रक्रिया पनि अलि फरक नै हुन्छ । बैठक जति सहभागीमूलक बनाउन सक्यो उति नै बढी सफल हुन्छ । बैठक सञ्चालन गर्न तलका कुरामा ध्यान दिन आवश्यक हुन्छ :

१. उद्देश्य :

कुन उद्देश्यले बैठक बस्ने हो त्यसको पूरा ज्ञान हुनु आवश्यक हुन्छ । बैठकको स्वरूप सहभागीहरूले थाहा पाउन जरूरी हुन्छ । जस्तै : एउटा सचेतकको हैसियतले हामीले बैठक बोलाउँदा के विषयमा बैठक बस्ने हो त्यसको पूर्व ज्ञान आशा गरिएका सहभागीहरूलाई जानकारी दिन आवश्यक हुन्छ ।

२. **सहभागीहरूः**

उद्देश्य अनुसार सहभागीहरूको टुंगो लाउनु पर्दछ। सहभागीहरूको अनुकूल समयमा बैठक बस्न बोलाउनु पर्दछ। उद्देश्य अनुरूप सहभागीको संख्या पनि विचार गर्नु पर्दछ।

३. **समय-अवधिः**

गाउँ समुदायको अवस्था हेरी तथा उद्देश्य अनुरूप समय-अवधि तोक्नु पर्दछ। बैठकलाई सहभागीमूलक बनाउन समय प्रशस्त राख्नु पर्दछ अर्थात् हतार हतारमा बैठक सञ्चालन गर्नु हुँदैन।

४. **स्थानः**

बैठक सञ्चालन गर्न स्थानको पनि ठूलो भूमिका हुन्छ। सकेसम्म सार्वजनिक ठाउँ - पाटी, सामुदायिक भवन, भजन घर, स्कूल, गा.वि.स. कार्यालय, चौतारी आदि जुन ठाउँमा बढी पायक पर्दछ, जहाँ बढी सहभागीहरूलाई पायक पर्दछ त्यही स्थान चयन गर्नु पर्दछ।

५. **सुविधाः**

ठाउँको बन्दोबस्त पहिले नै मिलाउनु पर्दछ। बैठकमा सहभागी हुने व्यक्तिहरूले चियापान वा अन्य केही अग्रिम सूचनाबाट मिलाइराख्नु पर्दछ। त्यस्तै बैठक नै सञ्चालन गर्न केही लेख्न सामग्री पनि पहिले नै व्यवस्था गरी राख्नु पर्छ। जस्तै . -

(क) कागत कर्पी
(ख) टाँस्ने टेप, थम्बपीन
(ग) रङगीन मार्कर
(घ) बोर्ड (यदि चाहिएमा)
(ङ) पेट्रोमाक्स / टर्चलाईट (यदि साँझको बैठक भएमा, बत्ती नभएको ठाउँकालागि)

६. **बैठक अगाडि बढाउने बुंदाहरूः**

(क) सूचना प्रचार-प्रसार गर्न पहिले नै जोड दिनुपर्छ। बैठकमा सहभागीको अपेक्षा गरेका व्यक्तिहरूले समयमै सूचना पाएको हुनु पर्दछ। समय र ठाउँकालागि महत्वपूर्ण व्यक्तिहरूसंग जानी बुझिकन मिलाउनु पर्दछ। सूचना, व्यक्तिहरूमा पुऱ्याउने सजिलो उपाय - स्कूल, चिया-दोकान, क्लब, पुस्तकालय, चौतारी, प्रौढ शिक्षा केन्द्र आदि ठाउँहरूमा सूचना टाँसेर तथा महत्वपूर्ण व्यक्तिहरू मार्फत पत्र पठाएर वा सचेतक कार्यकर्ता आफै भेटेर गर्न सकिन्छ। यो सूचना प्रचार-प्रसार २/३ दिनअघि नै गर्नु पर्दछ। बैठकमा आकर्षकता बढाउनकालागि कोही अतिथि तथा अन्य गन्यमान्य व्यक्ति ल्याउन पर्छ या पर्दैन आदि पहिल्यै टुंगो लाउनुपर्दछ।

(ख) बैठक सञ्चालन गर्न चाहिने सम्पूर्ण आवश्यक सामग्रीहरू तपाइ समक्ष हुन आवश्यक छ ।

(ग) बैठकको दिन :

- तपाइ स्वयं भनिएको समयभन्दा केही समय अगाडि नै उपस्थित हुनुहोस् । सबै सहभागीलाई समय हेरी पर्खनुहोस् । तर केही व्यक्ति आएन भनेर बढी समय खेर नफाल्नुस् । यसले अरू व्यक्तिहरूलाई निरूत्साह गर्नेछ ।
- बैठक बस्दा यसको उद्देश्य महत्व र गरिमाबारे अगावै व्याख्या गर्नु पर्दछ ।
- शुरू गर्दा समूहको समस्या तथा आवश्यकतालाई बोध गराउनु पर्दछ । यदि समूह ठूलो छ भने समूह विभाजन गर्न आवश्यक हुन्छ । सकेसम्म उनीहरूबाट नै समस्या समाधानका उपायहरू पत्ता लगाउनु पर्दछ ।
- सहभागीहरूलाई महत्वपूर्ण स्थान दिएर बढी सहभागी बनाउने वातावरण मिलाउनु पर्दछ । हामी विकास कार्यकर्ताको बढी महत्व देखाउनु हुँदैन । हामीले सहभागीहरूबाट सिक्नुपर्दछ ।
- यदि समूह विभाजन छन् भने प्रत्येक समूहबाट सहभागीहरू आफैले समूह प्रतिनिधि छान्नु लगाउने र हरेक समूह प्रतिनिधिबाट छलफल र विचारहरू गर्नुपर्दछ ।
- बैठकको निष्कर्ष टुंगो लगाउने । सकेसम्म कामको जिम्मा व्यक्ति समूहलाई दिनुपर्दछ । के कति कुरा कहाँसम्म अघि बढाउनु पर्ने कुरा व्यक्ति विशेष किटान गर्ने र त्यही अनुसार अर्को बैठक कहिले कसरी गर्ने त्यही सबै सहभागीले बुझ्ने गरी टुंगो लगाउनु पर्दछ । बैठक सक्दा सबै सहभागी हाँसि-खुशी नै समापन गर्नुपर्दछ ।

बैठकमा भाग लिनुभन्दा पहिले जान्नुपर्ने कुराहरू (बैठक गर्ने व्यक्तिको लागि)

ठीककुराहरू

(क) स्रोता हुनेहरूले सहभागीहरूको समस्या गम्भीरताका साथ सुन्ने ।

(ख) सबैलाई बोल्न मनलाग्ने वातावरण बनाउने जसले गर्दा सहभागीहरूमा विश्वासको भावना जाग्छ ।

(ग) अलि कमजोर तथा बोल्न हिचकिचाउने सहभागीलाई साथ दिएर बोल्ने वातावरण बनाइदिने ।

(घ) समूहको महत्वाकांक्षा के छ ? त्यसको राम्ररी मनन गर्ने ।

(ङ) बैठक उद्देश्यको राम्ररी जानकारी गराउने ।

नराम्राकुराहरू

(क) आफू मात्र नबोल्ने ।
(ख) कुनै पनि सहभागीको कुरालाई झट्टै नकारात्मक प्रतिक्रिया नजनाउने ।
(ग) केही कुरालाई गलत ढंगल उच्चारण व्याख्या नगर्ने ।
(घ) समूह समुदायलाई तपाइले एउटा संस्थाको प्रतिनिधिको रूपमा कुनै पनि कुराको कबुल भरसक नगर्ने ।
(ङ) कुनै उद्देश्य विना बैठक कहिल्यै नबोलाउने ।

कार्यशाला प्रणाली

कुनै पनि "कार्यशाला प्रणाली" अपनाउनुभन्दा पहिले हामीले कुन विषयमा कार्यशाला गर्न लागेको हो, त्यसको उद्देश्य के हो बुझनु पर्दछ । त्यस विषय तथा उद्देश्य अनुरूप सहभागीहरूको छनौटहुनु पर्दछ । त्यस उद्देश्य प्राप्त गर्नकालागि ठाउँ तथा त्यहाँको अवस्था, मानिसहरूको धारणा अनुसार कार्यशाला सञ्चालन गर्न निम्न लिखित प्रणालीहरू उपयोगी हुन सक्छन् ।

(क) सामूहिक छलफल प्रक्रिया -यसमा विषय-वस्तु समूहलाई नै दिने। समूहमा छलफल भएका कुरा तथा निष्कर्षहरू ठूलो समूहमा प्रस्तुत गर्ने ।

(ख) अनुकरणीय प्रक्रिया - यसमा कुनै पनि समस्याहरूलाई समुदायमा विद्यमान व्यक्तिहरूको राम्रा तथा नराम्रा कुराहरूको अनुकरण गरी अरू समुदाय समक्ष पेश गर्ने। अनि श्रोता मार्फत त्यसको टिप्पणी गरेर समाधानको बाटो निकाल्ने। यो तरीका अशिक्षित समुदायमा बढी प्रभावकारी हुन्छ ।

(ग) सामाजिक नाटक - कुनै पनि समाजमा रहेका कुरीति तथा त्यसको प्रभावले सामाजिक विकासमा कति अवरोध खडा भएको छ - त्यसलाई ग्रामीण समुदायमा सहज ढंगबाट विषय वस्तुलाई छर्लङ्ग पारी जनताको मन जित्न सक्ने विधि - "सामाजिक नाटक" नै हो। यो नाटक भनेर मञ्च बनाएर गरिने नाटक हैन। यसमा विकास। सचेतक कार्यकर्ताहरूले कस्तो खबर जन समक्षा पुऱ्याउने त्यो अनुरूप नाटकीय ढंगले प्रस्तुत गर्ने हो। जसले गर्दा जनसमुदाय आफैले समस्याको महसूस तथा निराकरणका उपायहरू पत्ता लगाउन सक्षम हुन्छन् ।

(घ) विषय वस्तु अध्ययन शैली यसमा कुनै अध्ययन गरिसकेका विषय वस्तुलाई सहभागी समक्षा प्रस्तुत गर्ने र उनीहरूलाई नै त्यस विषयमाथि खण्डन गर्न लगाई त्यस अध्ययनका सकारात्मक तथा नकारात्मक पक्षहरू केलाउन लगाउने। यो शैली अलि शिक्षित समूहमा गर्न सकिन्छ ।

(ङ) समूह प्रतिक्रिया - यसमा सहभागीमध्ये ४/५ जनाको समूह बनाउने। यो प्रक्रियामा कार्यशालामा भागलिने सहभागीहरू विभिन्न ठाउँका छन् र एक आपसमा नजीक छैनन् भने - यो तरीका अपनाउन बेस होला। यो विधिद्वारा सहभागीहरू एक अर्कामा चिनाजानी तथा मित्रता गास्न सफल हुन्छ। एउटा समूहमा भएको कुरा अर्को समूहमा पनि छलफल गर्न लगाए हुन्छ।

(च) सामाजिक खेल - यो खेलद्वारा पनि कार्यशाला सञ्चालन गर्न सकिन्छ। जस्तै - कुनै गीत गाएर, उखानका टुक्राहरू जोड्न लाएर अथवा कुनै स्थानीय खेल खेलेर। यो प्रक्रियाले पनि सहभागीहरूलाई आफ्ना साथीहरूको विचार / खूबी थाहा पाउन मद्दत गर्दछ।

(छ) सहभागीमूलक - यसमा बढी से बढी ग्रामीण जनताहरूलाई नै परिचालन गरिन्छ। यो विधिमा कुनै पनि गाउँको सम्पूर्ण तथ्याङ्क तथा महत्वपूर्ण सूचक तथा कुराहरू ग्रामीण जनसमुदायकै अनुभवबाट पत्ता लगाउन सकिन्छ। यो विधिमा सकेसम्म कागज, कलम तथा अन्य बाह्य शिक्षण सामाग्रीहरूको प्रयोग गरिदैन। पूर्णतया गाउँमै पाइने स्रोत तथा वस्तुहरूको प्रयोगमा ल्याइन्छ। यो विधिबाट थोरै समस्या कुनै गाउँको विषयमा विस्तृत अध्ययन गर्न सकिन्छ। यो अहिलेको दशकमा सबभन्दा प्रभावकारी विधि हो।

कार्यशाला व्यवस्थापन

कुनै पनि कार्यशाला व्यवस्थित ढङ्गले सञ्चालन गर्न यसको योजनाबद्ध तयारीको आवश्यक हुन्छ। मुख्यतया निम्नलिखित सात बुंदामा ध्यान दिनु आवश्यक हुन्छ। त्यो कार्यशाला चाहे एक घण्टाको होस् या एक हप्तै लामो किन नहोस्। छोटो तथा लामो भए पनि निम्न बुंदाहरू अत्यन्त महत्वपूर्ण हुन्छन्।

(क) पूर्व तयारी
(ख) सूचनाहरू संकलन गर्ने (सहभागीहरूको आवश्यकता तथा सम्बन्धित विषयमा)।
(ग) सूचनाहरूलाई क्रमबद्ध रूपमा केलाउने।
(घ) कार्यशालाको उद्देश्य निर्धारण गर्ने।
(ङ) कार्यशालालाई कसरी अगाडि बढाउने। (सम्भव छ भने विस्तृत तयारी गर्ने)।
(च) कार्यशालाको मूल्यांकन गर्ने।

"एउटा कार्यशालाको नमूना"
(समूहविभाजनविधि)

१. उद्देश्य - विकासको "परिभाषा" बोध गराउने ।
२. लक्षित समूह - ग्रामीण स्तरका सचेतक कार्यकर्ताहरू ।
३. कार्यशालाको स्वरूप तयार गर्ने र सञ्चालन गर्ने ।
४. कार्यशाला अगाडि बढाउने तरीका :

(क) प्रशिक्षकले यो कार्यशालाको उद्देश्य सहभागीहरूमा विकासको "परिभाषा" तथा यसका प्रक्रियाहरूबारे जानकारी गर्ने - गराउने । प्रशिक्षकले यो पनि बताउन सकिन्छ कि यसबारे धेरै विचारहरू छन् तर कुनै पनि गलत छैनन् । विभिन्न व्यक्तिका फरक-फरक धारणाहरू व्यक्त गरेका पाइन्छन् ।

(ख) प्रशिक्षकले अनि प्रश्न गर्छ - विकास बारेमा तपाइ के बुझनु हुन्छ ?

(ग) सहभागीहरूलाई नम्बर विभाजन गरी समूहमा छलफल गर्न लाउनु पर्दछ । साथै १५-२० मिनेटसम्म मात्र छलफल गर्ने समय-अवधि तोकी दिनु पर्दछ ।

(घ) दिइएको समय पछाडि विभाजित समूहहरूलाई ठूलो समूहमा ल्याउने र हरेक समूह प्रतिनिधित्व गराई समूहको एक प्रतिनिधिलाई आफ्नो समूहमा भएको छलफल प्रस्तुत गर्न लाउने ।

(ङ) समूहद्वारा प्रस्तुत गरिएका छलफल गोष्ठी कोठामा टाँस्न लाउने ताकि सबैले बुझने मौका पाउन् ।

(च) समय जम्मा साढे एक घण्टा

(छ) चाहिने सामान - चार्ट पेपर, टेप, साइनपेन तथा मार्कर आदि ।

५. कार्यशालाको उद्देश्य अनुरूप एकचोटि फेरि उद्देश्यलाई बृहत् रूपमा जानकारी गराउने र सहभागीहरूमा थप जिम्मेवारी महसूस गर्न लाउने ।
६. गोष्ठीको अन्त्य तथा समापन उद्घोषण औपचारिक रूपले गर्ने ।
७. गोष्ठीको मूल्यांकन पनि सहभागीहरूको तर्फबाट संकलन गर्ने ताकि भाविष्यमा अझ प्रभावकारी ढङ्गले गोष्ठी सञ्चालन गर्न सकियोस् ।
८. गोष्ठीमा लक्षित गरेका उद्देश्य प्राप्तिकालागि यदि आवश्यक छ भन्ने अनुगमन कार्यक्रमको पनि व्यवस्था-तर्जुमा गर्न सकिन्छ ।

सचेतनता प्रारम्भ बिन्दु हो

- भैरव रिसाल

वस्तुतः सचेतता वा सचेतनता निरपेक्ष अवधारणा होइन। सामाजिक भनुँ वा राजनीतिक, शैक्षिक भनुँ वा सांस्कृतिक, आर्थिक भनुँ वा वातावरणीय सचेतता आफ्नो औपचारिक परिभाषाको परिवेशमा मात्र सीमित हुन सक्दैन। माथि उल्लिखित वा अनुल्लिखित कुनै पनि एउटा मूल विषयप्रति देखा परेको सचेतताले प्रत्यक्ष वा परोक्ष रूपमा अन्य धेरै विषयलाई पनि समेट्ने गरेको उदाहरण यथेष्ट नै भेटिने गरेको छ। तसर्थ यहाँ आयोजकका तर्फवाट "सामाजिक सचेतता" विषय निर्धारण गरिए पनि सचेतता वा "यो" के ? किन ? कसरी ? कहाँ ? कहिले ? जस्ता प्रश्न, आशंका वा जिज्ञासा मानिसमा टुसाएपछि त्यो असीमित परिधिमा फैलिने शाश्वत स्वभाव झै यसै पनि "सामाजिक क्षेत्रमा मात्र" केन्द्रित हुन सम्भव हुँदैन। यसर्थ पनि मेरो कुरा सामाजिक क्षेत्रको घेराबन्दीवाट वाहिर निस्कनु अस्वाभाविक नहुने तथ्य यहाँ राख्न चाहन्छु। यहाँनिर म के कुरा पनि स्पष्ट गर्न चाहन्छु भने "सचेतता" मूल कुरा हो। कुन पक्षमा वा कुन विषयमा "सचेतता" भन्ने चाहि गौण हो।

यथार्थमा जीवन र जगत् नै यति विघ्न अन्योन्याश्रित अवस्थामा छन्। तिनलाई कसैले पनि अनाश्रित गराउन सक्तैन। त्यस्तै हामी सचेत मानिस - चाहे त्यो जुनसुकै क्षेत्र वा विषयमा सचेत होओस् - लाई आफ्नो मुख्य मानिसको रूपमा ग्रहण गर्न, समाहित गर्न पाउदा सारै गौरवान्वित भएको अनुभव गर्दछौ। कुनै पनि एउटा सामाजिक कार्यकर्ताको निमित्त जुनसुकै विषयप्रति सचेत मानिससंग भेट हुनु वा सहभागी हुन पाउनु कति आनन्द र सन्तोषको कुरा हुन्छ त्यो शायद यहाँ उपस्थित कुनै कार्यकर्ताका लागि नयाँ कुरा होइन। यो एउटा कार्यकर्ताको नाताले उल्लेखसम्म मात्र गरेको हुँ।

यद्यपि मानिस सम्पूर्ण प्राणीमा सचेत प्राणी हो, तर उसको स्वभाव औसतमा अलि लज्जालु वा अरू कसैले कोट्याई दिनुपर्ने वा उद्घाटन गरिदिनुपर्ने स्वालको पाइएको छ। तसर्थ यस परिप्रेक्ष्यमा हामी भुक्तभोगी कार्यकर्ताहरूले उसमा नैसर्गिक रूपले विद्यमान जिज्ञासालाई कोट्याई दिन मात्र अग्रसर हुनु पर्दछ। यो कोट्याइको स्वरूप र मात्रा, गहिराइ र चौडाइमा भिन्नता अवश्य रहन्छ। दाँते ओस्वर र हाडे ओस्वरको गुदी भेट्टाउन जसरी भिन्न उपाय अवलम्वन गर्नु पर्दछ। शुद्ध दहीमा घ्यू अवश्य अन्तर्निहित हुन्छ। तर त्यो घ्यू झिक्न दहीलाई मथ्नु अनिवार्य हुन्छ। अझ परम्परागत प्रविधिद्वारा घ्यू झिक्ने हो भने ठण्डी याममा तातोपानीको समेत प्रयोग जरूरी हुन आउछ। यी केही उदाहरण मात्र हुन्। मेरो आफ्नो के मान्यता छ भने हरेक स्वस्थ र सामान्य मानिस सचेत मानिस हो। तर, त्यो उसमा अन्तर्लिन चेतनालाई स्वतः प्रस्फुटित हुन सक्ने भौतिक वातावरण सिर्जना गरिदिन सकेमा सचेतनता चिन्ताको विषय हुनु पर्दैनथ्यो।

परन्तु हिजोको तीस वर्षमा त्यो वातावरण यस मुलुकमा निधिहरू थियो, प्रतिवन्धित थियो र अझ थियो सजाय पाउने अवस्थामा। जस्तो आज पनि यसै दक्षिण एशिया भूखण्डको वर्मा (म्यान्मार) मा छ र दक्षिण अफ्रिका यसैको भुँङ्ग्रोमा स्वली स्वादैछ। पेरू, ग्वाटेमाला, स्वाडी क्षेत्र, इजरायल, आदि अनेकौ यस्ता मुलुकहरू प्राणी मात्रको संहारको उद्देश्यले निर्मित कल्पनाशक्तिको परिधिभन्दा बाहिरका भयावह रासायनिक तथा अरासायनिक हातहतियारको परीक्षण थलोको रूपमा देखापरेका छन्। अन्त पर किन जाऊ र। हाम्रै भनिने सार्कको आँगन भुटान हामीले चर्चा गर्ने गरेको सचेतताको र सचेतता विरोधी दासताको मल्ल युद्धको नमूना

भएको छ। फेरि केही दशकदेखि शासक तथा प्रशासकहरूले असंलग्नतका नाममा, तटस्थताको नाममा, नितान्त आन्तरिक मामलाको नाममा, ती मुलुकहरूमा चरम शोषण, दमन र उत्पीडनको खिलाफमा आवाज उठाउन अरू देशले नपाइने थिति बसाल्दै आएका छन्। बंगलादेश, पाकिस्तान, नेपालमा भएका निरंकुश अधिनायकवाद विरूद्ध अरू सरकारले आवाज उठाउन निषेध गरियो। अब फेरि प्रसंगतिरै केन्द्रित रहुँ। अँ त सचेतता एउटा एउटा सार्वभौम शाश्वत सत्य हो, जो व्यापक छ। आजको सर्वाधिक चुनौती त्यो सत्यलाई सार्वजनिक र सार्वजनिन कसरी गराउने हो भन्ने मात्र हो। एउटा मानिस शैक्षिक क्षेत्रतिर सचेत भयो भने उसले शिक्षा विकासमा अग्रसर नभै हुँदैन। शिक्षा विकासमा चनाखो हुनासाथै उसले क्रियाशील हुनै पर्दछ। जब मानिस शिक्षा प्रसारमा क्रियाशील वा सक्रिय हुन थाल्दछ, तब उसले त्यो अभियानमा, संकल्पमा देखिने बाधा व्यवधानसंग परिचित नभै धर पाउदैन। शिक्षा प्रसारको काममा उभिएको मानिस क्रमशः सांस्कृतिक, आर्थिक, अनि राजनीतिक र अन्ततोगत्वा मानव अधिकार जस्ता गहन विषयहरूतिर आकृष्ट हुनु अनिवार्य हुने स्थितिमा पुग्दछ। किनभने शिक्षा प्रसारको यथार्थमा व्यवधानका रूपमा यिनै कुरा टड्कारिन थाल्दछन्। गाउँमा एउटा विद्यालय स्थापना गर्नु पर्‍यो। विद्यालय भवन, खेलकूद मैदान र सामान, शिक्षक, सोको स्वीकृति, कोटा आदिको व्यवस्थामा जुध्नु पर्दछ।

लौ, अब अरू सब कुराको व्यवस्था भयो। तर गाउंको पल्लाघरे घर्ती माइलाको छोरो, लोहवीर विश्वकर्माकी छोरीलाई कसरी स्कूलमा भर्ना गर्ने ? ड्रेस एउटै खाले अनिवार्य गर्ने कि ? नगर्ने ? अनिवार्य गरेमा चिप्टे साहिलाले आफ्नो नानी भर्ना गर्न सक्तैन। विद्यालय समय कति गर्ने ? १०-४ को समय राख्येमा कैयौं गरीबका नानीहरू शैक्षिक उपकरणहरू सहित शिक्षा निःशुल्क हुँदा पनि पढ्न आउन सम्भव छैन। किनभने त्यो विपन्नको नानीले एउटा गाई, गोरू, पाडो, पाडी, भेडो, बास्त्रो चराउन जानु अनिवार्य हुन्छ। यी कुरा उसको आर्थिक इकाई हो। त्यो परिवार सीमान्त (मार्जिनल) आर्थिक स्थितिमा अर्ध जीवित अवस्थामा हुन्छ। अब त्यो शिक्षामा सचेत भएको कार्यकर्ता स्वराव संस्कृति मुलुकको आर्थिक असमानता, राजनीतिक नपुंसकता वा न्यून घेराको सीमितता अनि सारांशमा मानव अधिकारको उपभोगमा तेर्सिएको कठोर गजवारसंग परिचित हुन पुग्दछ। शिक्षाबाट प्रारम्भ भएको सचेतता व्यापक भै त्यो कार्यकर्ता हरेक क्षेत्रको विकृति, असंगतिहरू विरूद्ध सचेत हुन्छ। ती असंगति र विसंगतिहरूलाई ध्वस्त पार्न उद्धत हुन्छ।

यी उपरोक्त उदाहरणहरूबाट म के कुराको पुष्टि गर्ने जमर्को गर्दैछु भने सचेतता वा सचेतनता मूल कारक तत्व हो, हरेक क्षेत्रको प्रस्थान विन्दु हो। स्वराव नियतको शासन सत्ताले असल देखाउन स्वराव उद्देश्यका-लागि असल कुराको जामा लगाएर प्रस्तुत गरेका विषय वा लक्ष्य उनीहरूका लागि नै प्रत्युत्पादक हुने गर्दछन्। यो कुराको उदाहरण नयाँ शिक्षा पद्धतिको योजना हुन आउँछ। त्यो शिक्षा पद्धतिले त्यसका उत्पादक बिद्यार्थीहरू राजभक्ति राजमुकुटप्रति प्रतिबद्ध हुने कल्पना गरेको थियो। तर त्यो शिक्षा पद्धतिको उत्पादन नै सबभन्दा बढी मात्रामा निरंकुश राजसत्ता विरूद्ध सडकमा उभियो र सर्वाधिकार सम्पन्न, निरवच्छिन्न उत्तराधिकारवाला सार्वभौमसत्तालाई नारायणहिटीवाट सिंहदरवारको संसद्मा त्यही शक्तिले स्थानान्तरण गरेरै छाड्यो। तसर्थ पनि आजका कार्यकर्तहरूले सचेततालाई व्यापक पार्न भगीरथ प्रयत्न गर्नु पर्दछ। प्रारम्भमा त्यो सचेतनताको प्रस्थानविन्दु कुनै क्षेत्रको पनि हुन सक्छ। सचेतताको विशुद्ध प्रयास र अभ्यास अन्ततोगत्वा मानव अधिकार लगायत सबै अधिकार प्राप्तिकालागि मूल स्रोतको रूपमा स्थापित हुन आउने कुरा ध्रुव सत्य हो भन्ने मेरो स्थापना छ।

आजको नयाँ पुस्तासंग साक्षात्कार गर्ने र नजिक हुने अवसर दिएकोमा इन्सेक र त्यसको नेतृत्वप्रति आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु।

नेपालको सन्दर्भमा मानव अधिकार शिक्षा

- प्रमोद काफ्ले

१. भूमिका

मानव अधिकार शिक्षालाई व्यापक रूपमा लिंदा आम शिक्षा (Mass Education) र सचेतता (Awareness)भनेर नै बुझ्नु आवश्यक छ। यद्यपि मानव अधिकार शिक्षा विविध देशमा विधि तरिकाबाट सञ्चालन भैरास्वेको छ। सैद्धान्तिक रूपमा यसलाई औपचारिक रूपमा सञ्चालन गर्ने भन्ने कुराहरू पनि ननिस्केका होइनन् तर पनि धेरैजसो प्रजातान्त्रिक मुलुकमा अनौपचारिक रूपमा मात्र सम्भव भएको छ। नेपालको सन्दर्भमा हालसम्म अनौपचारिक रूपमा मात्र दिइदै आएको छ। साथै औपचारिक प्रणालीबाट पनि यो शिक्षा दिइनु उत्तिकै आवश्यक भने छ। मानव अधिकारको ज्ञान, संस्कारको रूपमा विकसित हुनुपर्छ। असल संस्कारको विकास हुन समाजका विविध तहका जनसमुदायसम्म यो ज्ञान पुग्न आवश्यक छ। जसमा शिक्षित-अशिक्षत दुबै समुदाय यसको लक्ष्य हुनु पर्दछ। मानव अधिकार शिक्षा कानून लागू गर्ने, कानूनको पालना भएको छ छैन भनी निरीक्षण गर्नेदेखि लिएर सर्वशक्तिमान जनसमुदाय जसमा कानून बनाउने दायित्वसम्म छ, यो सबैको लागि सचेतनको विषय हो। यसमा पनि मानव अधिकार शिक्षा बहुसंख्यक पिछडिएको समुदाय र सर्वधारण जनताहरूलाई नै लक्षित गरेर सञ्चालन हुनुपर्दछ। उनीहरूमा रहेको अज्ञानताले समाजमा मर्यादित जीवनको उपहास भैरास्वेको छ। यो यस अर्थमा पनि बढी महत्व राख्दछ कि त्यही सर्वसाधारण जनताको मतले सम्पूर्ण राष्ट्रको उन्नतिमा महत्वपूर्ण भूमिका खेल्दछ।

२. प्रजातान्त्रीकरणको लागि मानव अधिकार शिक्षा

२०४६ को जनआन्दोलनको सफलता अगाडि मानव अधिकारको विषय मूलत राजनैतिक र नागरिक अधिकारका रूपमा बढी उल्लेख हुन्थ्यो। बहुदलीय व्यवस्थाको स्थापना र नेपालको संविधानले जनतालाई सर्वशक्तिमान बनाएपछि आज नेपाली जनताले मानव अधिकारलाई हरेक कोणबाट हेर्नुपर्ने आवश्यकता आएको छ। प्रथमत राजनैतिक परिवर्तनलाई नै ग्रामीण इलाकामा वसोवास गर्ने जनसमुदाय अनभिज्ञ छन्। सामाजिक आर्थिक बनौट र राजनैतिक संस्कारमा परिवर्तन हुन अझै बाँकी छ। देशमा ग्रामीण इलाकामा रहेका जनसमुदायको बहुसंख्या संवैधानिक अधिकारबारे केही जान्दैनन्। जबसम्म आम जनसमुदाय यो अवस्थामा रहिरहन्छन् यसबाट नेपालमा प्रजातन्त्रलाई संस्थागत विकास गर्ने कार्यमा प्रमुख बाधक हुनेछ। यसैले इन्सेकद्वारा सञ्चालित मानव अधिकार सचेतन कार्यक्रम "आम जनसमुदायको सक्रिय संलग्नता तथा सचेत समर्थन विना प्रजातन्त्रको विकास र जगेर्ना असम्भव छ" भनी विगत २०४९ बैशाखदेखि देशको १/३ भागमा एक अभियानको रूपमा थालनी भएको छ।

३. मानव अधिकार शिक्षा र लक्षित समूह

मानव अधिकार शिक्षालाई अहिलेको परिस्थितिमा मूलत आम जनसमुदायविच पुऱ्याउने लक्ष्य राखिनु अति नै सान्दर्भिक रहन्छ भने साथसाथै अन्य क्षेत्रलाई पनि सचेत पार्दै लानु उत्तिकै आवश्यकता छ। यस अर्थमा मानव अधिकार शिक्षा निम्न तहमा विभाजन गर्न सकिन्छ :

(क) जनसमुदाय (माध्यम समूह)

(ख) Change Agent जस्तै शिक्षक, सामाजिक कार्यकर्ता र जनप्रतिनिधिहरू

(ग) कानून बहाली गर्ने समूहहरू

३.क. जनसमुदायकालागिमानवअधिकारशिक्षा

हामीले यहाँ जनसमुदायलाई लिंदा मूलत निम्न आर्थिक सामाजिक धरातलमा रहेकालाई नै लक्षित गर्दै बहुसंख्यक व्यक्तिहरू समेट्ने पेशालाई बुझ्नु पर्दछ। त्यसमा पनि विकास र चेतनाका अभावमा विकराल आर्थिक-सामाजिक अवस्थाबाट जीवनयापन गर्ने जनसमुदायलाई लिंदा हाम्रो देशमा किसान, मजदूर, असंगठित क्षेत्रमा कार्यरत समुदाय (ठेला मजदूर, बाल मजदूर, बँधुवा मजदूर, देउकी, वादी) हरू नै पर्दछन्। मानव अधिकार शिक्षालाई लक्षित समुदायको वर्गीकरणभित्र उपयुक्त माथि बताइएका समुदायहरू नै पर्दछन्। जनसंख्याको अधिकांश भाग किसानले ढाकेको हाम्रो देशमा ग्रामीण इलाकामा रहेको सम्पूर्ण जनसमुदाय नै उक्त पेशामा संलग्न छन्। बाँकी भाग पनि सचेतनको अभावमा पिल्सिरहेको छ। यसरी आम जनसमुदाय नै अहिलेको लागि लक्षित वर्ग हुनुपर्छ।

आमसमुदायकालागिमानवअधिकारशिक्षा

मानव अधिकार सचेतन (शिक्षा) समाजको विकास अनुसार नै भिन्नभिन्न समयमा त्यहीको समाजका जल्दाबल्दा समस्या सापेक्ष नै हुन्छ। आज हाम्रो देशको अवस्था जर्जर आर्थिक समस्याबाट गुज्रिरहेको र गरिबी अशिक्षा यसका पर्यायवाचीको रूपमा बनिसकेको छ। यस अर्थमा राजनैतिक-सामाजिक ढाँचा पनि यसकै प्रतिबिम्बित छ। यी सबै अवस्थाकालागि त्यसमा पनि भर्खरै प्राप्त प्रजातन्त्रको सस्थागत विकासको लागि पनि लक्षित समुदायलाई संविधानबाट प्रदत्त अधिकार र बिश्वघोषणा पत्रमा उल्लेखित शिक्षा, स्वास्थ जस्ता आधारभूत अधिकारको साथै वातावरण र विकास जस्तो विषयमा मूलत केन्द्रित हुनु परेको छ।

३.ख. मध्यस्थ समूह (Change Agent)

मानव अधिकार शिक्षालाई लक्षित समुदायसंग पुऱ्याउन त्यहाँ एक मध्यस्थ समूहको पनि आवश्यकता पर्दछ। यसको अर्थ समाजमा रहेका विविध पेशामा संलग्न (शिक्षक, समाजसेवी, सामाजिक कार्यकर्ता जनप्रतिनिधिहरू) व्यक्तिहरू जो आम जनसमुदायसग घनिष्ठ सम्बन्ध राख्दछन्। साथै चेतनशील पनि छन् उनीहरूलाई

मध्यस्थ समूहको रूपमा मानव अधिकार शिक्षाबारे ज्ञान हुनु पर्दछ। मध्यस्थ समूहले लक्षित समुदायसंग पुग्न विविध तरिकाको पनि खोजी गर्ने छन्। साथै आफ्नो निकटतम भई कार्यरत (जस्तै शिक्षकद्वारा विद्यार्थीलाई) समूहलाई मानवीय मूल्य र मान्यता, मानिसका न्यूनतम नैसर्गिक अधिकार तथा वातावरण र विकास सम्बन्धी ज्ञानको पनि प्रसारण गर्न सक्दछन्। साथसाथै उनीहरू आफ्नै दैनिक क्रियाकलापमा पनि मानव अधिकारको धारणालाई पथ प्रदर्शक बनाउँदछन्।

३.ग. कानूनी वहाली गर्ने समूहहरू (Law Enforcement Group)

आम जनसमुदायको भावनाले सर्वप्रथम कुनै राष्ट्रको मार्गदर्शक सिद्धान्त, कानून आदि बन्दछन् भने त्यसलाई उनीहरूले चुनेका प्रतिनिधि (सरकार) विस्तार विस्तार आफ्नो स्वार्थकालागि प्रयोग गरेका प्रशस्त घटनाहरू छन्। त्यसै कानूनको रक्षा गर्ने नाममा कैयौं अपराध पनि नभएका होइनन्। साथै जनताको नाममा कैयौं काला कानून पनि पारित हुन सक्छन्। तर जे होस् यदि हामीले हालको हाम्रो संविधानलाई हेर्ने हो भने अहिलेसम्मको सबभन्दा प्रगतिशील संविधानको रूपमा लिन सकिन्छ। त्यस्तै हाम्रो देशको सन्दर्भमा भन्ने हो भने भर्खरै प्राप्त प्रजातन्त्रलाई त्यसको भावना अनुरूपको वातावरणमा हुर्काउन खासगरी कानूनी अधिकार प्राप्त व्यक्तिहरू (प्रमुख जिल्ला अधिकारी, प्रहरी अधिकृत र जवानहरू, वन अधिकृत र सहायकहरू आदि) लाई मानव अधिकार सम्बन्धी ज्ञान हुनु जरूरी छ। संविधानमा लेखिएको भावना अनुरूप कार्यान्वयन गर्ने जिम्मेवार लिएका व्यक्तिहरू स्वयम् सचेत नहुने हो भने पनि मानव अधिकारको विकासमा वाधा पुग्ने कुरामा दुईमत नहोला।

यसरी मानव अधिकार शिक्षालाई आम जनसमुदायको सक्रिय र सचेत सहभागिताबाट मात्र सम्भव छ भन्ने कुरालाई मूलमन्त्र ठानी लागू गरिएमा र त्यसमा अन्य सहायक र सम्बद्ध क्षेत्रलाई पनि सम्मिलित गर्दा यसको ठोस निष्कर्ष निस्कने छ।

४. मानव अधिकार शिक्षाकालागि कार्यरत कार्यकर्ताको दायित्व

यदि हामीले मानव अधिकार शिक्षालाई पाठ्यक्रमको विकास र त्यसको शिक्षण विधिलाई मात्र हेर्दछौं भने यो एउटा व्यवहारिक भूल हुने छ। मानव अधिकार शिक्षा साक्षर र निरक्षर दुबै किसिमका समूहहरूलाई आवश्यक पर्ने शिक्षा हो। यो शिक्षा सामाजिक ढाँचा, आर्थिक अवस्था, राजनैतिक संस्कृति सबैसंग उत्तिकै गासिएको विषय हो। मानव अधिकार शिक्षा निरन्तर चलिरहने अभियान हो। यदि हामी यसलाई अहिलेको नेपालको अवस्थामा हेर्दछौं भने अनौपचारिक तरिकाबाट मात्र दिइएको यस मानव अधिकार शिक्षाका शिक्षकहरूको तीन किसिमको दायित्व हुन्छ भन्न सकिन्छ।

मानव अधिकार शिक्षक = सचेतनता + संरक्षण + संलग्नता

(क) सचेतनताको विकास

(ख) मानव अधिकारको संरक्षण

(ग) सृजनात्मक संलग्नता

(क) सचेतनताकोविकास

चेतनाको अभावमा समुन्नत समाजको परिकल्पना गर्न सकिदैन। चेतनाविना विकास गर्न खोज्नु डोकोमा पानी थाप्नु जस्तै हुन्छ। सचेतनले अधिकार र कर्तव्य दुबैलाई जनाउँछ। यसले मानवीय स्वभावलाई असल मार्गतर्फ डोऱ्याँउछ। अचेत अवस्थाले गर्दा मानिसहरू कैयौं सामाजिक कुरीतिलाई त्याग्न सक्दैनन् र आफ्नो औकातभन्दा पनि बढी खर्च गर्दछन्। अर्कोतिर आफैले पाउने श्रमको मूल्य आदिबारेमा पनि उनीहरू अनभिज्ञ हुन्छन्। आफ्नो दायित्व, राज्यबाट पाउनु पर्ने सुरक्षा आदिका बारेमा नबुझदा मानिसले न्यूनतम अधिकारबाट पनि वञ्चित हुनुपर्ने हुन्छ भने आफ्नो स्रोतबाट सम्भव हुन सक्ने कार्यलाई पनि असम्भव ठान्नुपर्ने हुन्छ। यिनै कुराहरूलाई ध्यान दिदै मानव अधिकार शिक्षाको सचेतनतामा लागेका कार्यकर्ताहरूले सचेतताको विकास गर्न निम्न कुराहरूमा ध्यान जान जरूरी हुन्छ।

(i) कार्यकर्ता (शिक्षक) स्वयम् अध्ययनशील हुनु पर्दछ। जस्तो कि मानव अधिकार कार्यकर्ता हुनु सर्वप्रथम महत्वपूर्ण कुरा हो। तर यदि ऊ आफूलाई जनसमुदाय भन्दा जान्ने सम्झन्छ भने यो उसमा रहेको नराम्रो प्रवृत्ति हो। त्यसैले ऊ स्वयम् समाजको एउटा विद्यार्थी हो जसले मानव अधिकारका विविध पक्ष तथा आफ्नै जनसमुदायको अध्ययन गर्ने बानीलाई निरन्तर राख्नु पर्छ।

(ii) जनसमुदायलाई आफूले बुझेको कुरा बताउने, बालबालिकालाई स्कूल जान प्रेरित गर्ने र निरक्षरलाई साक्षर बनाउनेजस्ता क्रियाकलापले सचेतताको विकास हुन्छ।

(iii) समाजमा भएका कुरीति विरूद्ध जनसमुदायलाई संगठित गर्ने। जस्तो छोरा र छोरीबीचको भेदभाव, छुवाछुतजस्ता सामाजिक कुरीतिहरू पर्न आउँदछन्।

उपर्युक्त माथि लेखिएका बुँदाहरूको मनन गरी नेपालको संविधान, मानव अधिकारको विश्व घोषणा आदिबारेको ज्ञानसहित समाजमा सचेतताको शुरूवात गर्न सक्दछौं।

(ख) मानवअधिकारकोसंरक्षण

मानव अधिकार कार्यकर्ताको एउटा अर्को पनि भूमिका महत्वपूर्ण छ, त्यो हो मानव अधिकारको संरक्षण। मानव अधिकारको संरक्षणमा सबभन्दा मुख्य भूमिका आफ्नो उपस्थिति प्रकट गर्दै निम्न कुरालाई ध्यान दिन जरूरी छ :

(i) जिल्लाको मानव अधिकारको अवस्था निरीक्षण गर्ने

(ii) संविधानबारे जनसमुदाय तथा प्रशासकीय निकायसंग छलफल गर्ने

(iii) जिल्लामा रहेका कानूनी व्यवसायीसंग घनिष्ठ सम्बन्ध राख्ने कानूनी उपचारको व्यवस्था गर्ने

(iv) मानव अधिकार हननको खबर जनसमक्ष ल्याउने

(v) आफू स्वयम् मानव अधिकार हननको समस्यालाई लिई सम्बन्धित निकायमा पुग्ने ।

(vi) अन्तिम तथा महत्वपूर्ण बुँदा जनतालाई संगठित गर्ने

यसरी हामीले आफू र जनसमुदायको बीचको अन्तरलाई हटाउन सकिन्छ र यो कुरा अति नै जरूरी पनि छ ।

(ग) सृजनात्मक संलग्नता दोस्रो अति आवश्यक कुरा हो । जबसम्म समुदायका आफूलाई परेका समस्याहरूमा आफ्नै संलग्नता देखाउँदैनन् तबसम्म विकासको अवधारणा स्वोक्रो हुनेछ । साथै जनसमुदायका समस्याहरूलाई मानव अधिकार कार्यकर्ता स्वयम्ले संगसंगै हातेमालो गरेर सृजनात्मक कार्य संलग्न हुन्छ भने ऊ पनि त्यो समुदायको अभिन्न अंग हुन जानेछ । यसर्थ सृजनात्मक संलग्नतामा निम्न आधारभूत कुराहरू पनि आउँदछन् :

(i) वातावरणको समस्या र समाधानः दिन प्रतिदिन बढ्दै गएको वातावरण समस्या र दैनिक जनजीवनमा आवश्यक पर्ने दाउरा, घाँस, काठकालागि कसरी पूर्ति गर्ने र त्यसबाट हुने वन-विनाशलाई कसरी संरक्षण गर्ने आदिबारे विचार विमर्श गरी वृक्षरोपण जस्तो कार्यमा संलग्न हुने ।

(ii) खानेपानी तथा सफा-सुग्धरको लागि समुदायलाई संलग्न गराउने ।

(iii) स्कूल, पाटीपौवा, चौतारा निर्माण जस्ता परापूर्वकालदेखि आएका असल परम्परालाई निरन्तरता दिन संलग्न रहने ।

(iv) सामूहिक रूपमा कुलोपैनी तथा बाटोघाटो बनाउन जोड दिने ।

यसरी अन्य पनि विविध रचनात्मक कार्यमा जनसमुदाय संगसंगै आफू पनि संलग्न रही कार्य गरेमा व्यवहारमा मानव अधिकार सम्वन्धी संस्कृति तथा परम्पराको अभिबृद्धि हुन्छ भन्ने कुरामा कसैको दुईमत नहोला ।

खण्ड ३

मानव अधिकार प्रशिक्षक तालिम (भदौ ७-९, २०४९)
काठमाडौं

सहभागीहरूकानामावली

१.	प्रेम ओझा	पाँचथर	स्वयंसेवक	पुरूष
२.	सावित्री गुरूङ्ग	"	शिक्षक	महिला
३.	देवी बास्कोटा	"	समाजसेवी	पुरूष
४.	चन्द्रप्रसाद पोखेल	"	कानून व्यवसायी	पुरूष
५	पिङधल गौतम	तेह्रथुम	स्वयंसेवक	पुरूष
६	दुर्गा सुवेदी	"	समाजसेवी	पुरूष
७	ओपराज सापकोटा	"	कानून व्यवसायी	पुरूष
८	हरि अधिकारी	धनकुटा	स्वयंसेवक	पुरूष
९	शकुन्तला बस्नेत	"	शिक्षक	महिला
१०	गोपाल भट्टराई	"	"	पुरूष
११	रूद्र नेपाल	भोजपुर	स्वयंसेवी	पुरूष
१२	ललिता उदास	"	व्यापारी, समाजसेवी	महिला
१३	अजम्वर काङ्गमाङ्ग	"	शिक्षक	पुरूष
१४	दुर्गा थापा	उदयपुर	स्वयंसेवक	पुरूष
१५	अम्बिका लामा	"	समाजसेवी	महिला
१६	राम ओझा	"	कानून व्यवसायी	पुरूष
१७	यसोदा राई	"	समाजसेवी	महिला
१८	पशुपति चौलागाई	"	स्वयंसेवक	पुरूष
१९	गंगामाया काफ्ले	"	कृषि, समाजसेवी	महिला
२०	सरोज उप्रेती	"	कानून व्यवसायी	पुरूष
२१	केदार कोइराला	"	स्वयंसेवक	
२२	रामप्रसाद अधिकारी	"	शिक्षक	
२३	शुभद्रा अधिकारी	"	शिक्षक	
२४	प्रेम पराजुली	"	स्वयंसेवक	
२५	अशोक घिमिरे		शिक्षक	
२६	माया शेर्पा		विद्यार्थी	
२७	रामशरण प्याकुरेल		स्वयंसेवक	

२८	मुकुन्द नेपाल	सामाजिक कार्यकर्ता
२९	पार्वती पाण्डे	शिक्षक
३०	नेत्रराज पौडेल	शिक्षक
३१	जानुका सिंखडा	विद्यार्थी
३२	ठाकुर ढकाल	क्षेत्रीय अधिकृत
३४	विक्रम कुँवर	स्वयंसेवक

मानव अधिकार प्रशिक्षण तालिम (भदौ २५-२७, २०४९) नेपालगञ्ज

१.	जानकी चौधरी	कञ्चनपुर	कृषि	महिला
२	जगबहादुर चौधरी	"	विद्यार्थी	पुरूष
३	लीलाध्वज बस्नेत	"	स्वयंसेवक	पुरूष
४	लक्ष्मी शाह	अछाम	समाजसेवी	महिला
५	लीलाराज बोगटी	"	शिक्षक	
६	नरेशमान श्रेष्ठ	डोटी	समाजसेवी	
७	कृष्णकुमार श्रेष्ठ	"	शिक्षक	
८	शंकर बोगटी	"	स्वयंसेवक	
९	वीना खड्का	डडेल्धुरा	शिक्षक	महिला
१०	स्वगेन्द्रराज उप्रेती	"	"	
११	कमल सिंह ठगुन्ना	"	स्वयंसेवक	
१२	लक्ष्मी बि.सी.	सुर्खेत	समाजसेवी	महिला
१३	अनिता कोइराला	"	"	"
१४	गीता अधिकारी	"	स्व्यंसेवक	"
१५	माया थापा	बाँके	समाजसेवी	"
१६	नन्द ब. विश्वकर्मा	"	समाजसेवी	
१७	मैकु वागवान्	"	"	
१८	तुल्सी थापा	"	स्वयं सेवक	महिला
१९	ज्ञानु थापा	बर्दिया	समाजसेवी	"
२०	रामचन्द्र थापा	"	"	
२१	नरेश राना	"	स्वयंसेवक	
२२	भोलानाथ खड्गी	सल्यान	समाजसेवी	
२३	भरतमणि ढकाल	"	स्वयंसेवक	
२४	थानेश्वर अधिकारी	प्युठान	समाजसेवी	
२५	चूडामणि रेग्मी	"	"	
२६	पूर्णबहादुर बोहरा	लमजुङ्ग	"	
२७	कृष्णबाबु श्रेष्ठ	"	स्वयंसेवक	
२८	मनकृष्ण अधिकारी	स्याङ्गजा	"	
२९	प्रेमकुमारी रेग्मी	"	समाजसेवी	महिला
३०	यज्ञप्रसाद गैह्रे	"	शिक्षक	
३१	भगवती श्रेष्ठ	पर्वत	"	महिला

३२	विष्णु लम्साल	"	"	
३३	विश्वराज पाण्डे	"	स्वयंसेवक	
३४	किशोर आचार्य	गुल्मी	समाजसेवी	
३५	गोकर्ण मरासिनी	"	"	
३६	गोपालप्रसाद स्वनाल	"	स्वयंसेवक	
३७	कृष्ण बन्जाडा	अर्घाखाँची	समाजसेवी	महिला
३८	मोती स्वनाल		स्वयंसेवक	
३९	दशरथ बुढाथोकी	क्षेत्रीय अधिकृत सुदूरपश्चिमाञ्चल		
४०	केदार न्यौपाने	"	मध्यपश्चिमाञ्चल	
४१	कुलराज घिमिरे	"	पश्चिमाञ्चल	

प्रशिक्षकहरूकोनामावली

आशिष गुरूङ्ग - निर्देशक, कारितास नेपाल
उषा नेपाल - प्र.जि.अ., बाँके
कनकमणि दीक्षि - सम्पादक, हिमाल
देवकी श्रेष्ठ - प्रशिक्षक, Plan International
नवीन शर्मा - मानव अधिकार कार्यकर्ता, GRINSO-Nepal.
प्रमोद काफ्ले - कार्यक्रम अधिकृत, इन्सेक ।
पवन ओझा - अधिवक्ता
वासुदेव न्यौपाने - तालिम संयोजक, SAP-Nepal
विद्यासागर घिमिरे - मानव अधिकार कार्यकर्ता
शिवहरि दाहाल - कार्यक्रम निरीक्षक, इन्सेक
शिलु सिंह - वरिष्ट अधिवक्ता, सुस नेपाल
सुशील प्याकुरेल - संयोजक, इन्सेक
हेमबहादुर विष्ट - उपाध्यक्ष, वातावरण पत्रकार समूह

मानव अधिकार तथा सामाजिक सचेतन
अभिवृद्धिकार्यक्रम
- २०४९ -

सञ्चालनकर्ता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो. व. नं. २७२६
फोन नं. २७०७७०
काठमाडौं, नेपाल

मानव अधिकार प्रशिक्षक तालिम

भदौ ७-९, २०४९

कार्यक्रम - सूची

प्रशिक्षक । सहभागीको नाम ----------

तालिम हुने स्थान : कृषि आयोजना सेवा केन्द्र (सिंहदरवार अगाडि)

सहभागी बस्ने स्थानः महेन्द्र युवालय, जावलाखेल, ललितपुर ।

मदौ ५, २०४९

सहभागीहरूको आगमन

मदौ ६, २०४९

१०:०० वजे	दर्ता	
१२:०० वजे	गाउँ समुदाय अध्ययनको प्रतिवेदन बुझाउने	
१३:०० वजे	सहभागी प्रतिक्रिया	
१४:०० वजे	भिडियो फिल्म प्रदर्शन	

मदौ ७, २०४९

श्रद्धाञ्जलि

८:१५	मानव अधिकार योद्धा प्रकाश काफ्लेमा	श्रद्धाञ्जलि
९:३०	इन्सेक र मानव अधिकार	-सुशील प्याकुरेल
९:३०	चिया	
८:०० - ९:३०	मानव अधिकार र नेपालको संविधान	- पवन ओझा
११:०० वजे	महिला र मानव अधिकार	- शिलु सिंह
१२:०० वजे	खाना	
१३:०० वजे	सामाजिक सचेतन	- भैरव रिसाल
१६:०० वजे	चिया	
१६:१५	सहभागी प्रतिक्रिया	
१७:३०	कार्यक्रम बन्द	
२०:००	भिडियो फिल्म प्रदर्शनी	

भदौ ८, २०४९

०८:१५	गैर सरकारी संस्था र सामाजिक न्याय	- आशिष गुरूङ
०८:३०	चिया	
०८:४५	मानव अधिकारकालागि संघर्ष र मानव अधिकार कार्यकर्ताको भूमिका	-बिद्यासागर घिमिरे
११:००	मानवाधिकार हननको रोकथाममा जनताको भूमिका	-नवीन शर्मा

१२:००	स्वाना	
१३:००	मानव अधिकार र विकास	- कनकमणि दीक्षित
०८:०० - ०९:३०	मानव अधिकार हनन र तथ्य संकलन	- शिवहरि दाहाल
१५:००	ग्रामीण इलाकामा मानव अधिकारको स्तिति	-सुशील प्याकुरेल
१५:००-१५:१५	चिया	
१६:१५	सहभागी प्रतिक्रिया	
१७:३०	कार्यक्रम वन्द	
२०:००	उजेली भिडियो फिल्म	

भदौ ९, २०४९

०८:१५	गाँउमा बैठक कसरी सञ्चालन गर्ने	- वासुदेव न्यौपाने
०८:३०	चिया	
०८:४५	कार्यशाला प्रणालीबारे	- वासुदेव न्यौपाने
११:००	कार्याशाला व्यवस्थापन	- वासुदेव न्यौपाने
१२:००	स्वाना	
१३:००	सचेतन कार्यक्रम, तालिम, कार्यशाला गोष्ठी र आगामी कार्यक्रम	- प्रमोद काफ्ले
१६:००	सहभागी प्रतिक्रिया	
१७:३०	कार्यक्रम वन्द	
२०:००	विविध चलचित्र प्रदर्शन	

मानव अधिकार तथा सामाजिक सचेतन
अभिवृद्धिकार्यक्रम
- २०४९ -

सञ्चालनकर्ता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो. व. नं. २७२६
फोन नं. २७०७७०
काठमाडौं, नेपाल

मानव अधिकार प्रशिक्षक तालिम

भदौ २५-२७, २०४९

कार्यक्रम - सूची

सहभागीको नाम ----------

तालिम हुने स्थान : स्थानीय विकास तालिम केन्द्र
महेन्द्रनगर, नेपालगञ्ज,
बाँके ।

बुधवार मदौ २४, २०४९

१६:०० - १६:३०	सहभागीहरूको आगमन र दर्ता	
१६:३० १७:००	चिया	
१७:०० - १८:००	गाउँ समुदाय अध्ययनको प्रतिवेदन बुझाउने	
१८:०० - १९:००	सहभागी प्रतिक्रिया	
१९:०० - २०:००	स्वाना	
२०:०० - २३:००	भिडियो फिल्म प्रदर्शन	

बिहिवार मदौ २५, २०४९

श्रद्धाञ्जलि

८:०० - ८:३०	मानव अधिकार योद्धा प्रकाश काफ्लेमा श्रद्धाञ्जलि	

प्रथम सत्र

८:३० - ९:३०	इन्सेक र मानव अधिकार	- सुशील प्याकुरेल
९:३० - ९:४५	चिया	
८:०० - ९:३०	मानव अधिकार र नेपालको संविधान	- पवन ओझा

दोस्रो सत्र

९:४५ - १२:००	मानवाधिकार हननको रोकथाममा जनताको भूमिका	- नवीन शर्मा
१२:०० - १२:००	स्वाना	

तेस्रो सत्र

१३:०० - १५:००	मानव अधिकारका संघर्ष र उपलब्धि	- विद्यासागर घिमिरे
१५:०० - १५:१५	चिया	

चौथो सत्र

१५:१५ - १७:३०	छलफल : ग्रामीण इलाकामा मानव अधिकारको स्थिति अध्यक्षता : सुशील प्याकुरेल

शुक्रवार, मदौ २६, २०४९

पाँचौ सत्र

८:०० - ९:३०	मानव अधिकार र नेपालको संविधान	- पवन ओझा
९:३० - ९:४५	चिया	

पाँचौ सत्र निरन्तर

९:४५ - १२:००	बाल अधिकार र महिला अधिकार	- पवन ओझा
१२:०० - १३:००	खाना	

छैठौं सत्र

१३:०० - १४:००	गाउँमा बैठक कसरी सञ्चालन गर्ने ?	- देवकी श्रेष्ठ

छैठौं सत्र निरन्तर

१४:०० - १५:००	कार्यशाला प्रणालीबारे	- देवकी श्रेष्ठ
१५:०० - १५:१५	चिया	

छैठौं सत्र निरन्तर

१५:१५ - १७:१५	कार्यशाला व्यवस्थापन	- देवकी श्रेष्ठ
२०:०० - २३:००	भिडियो फिल्म प्रदर्शन	
०८:०० - ०९:३०	मानव अधिकार हनन र तथ्य संकलन	- शिवहरि दाहाल
०९:०० - ०९:४५	चिया	

सातौ सत्र निरन्तर

०९:४५ - १२:००	मानव अधिकार हनन र तथ्य संकलन

आठौं सत्र

१२:०० - १३:००	मानव अधिकार र विकास	- उषा नेपाल
१५:०० - १५:१५	चिया	

नवौं सत्र

१५:१५ - १७:१५	सचेतन कार्यक्रम	- प्रमोद काफ्ले
२०:०० - २३:००	भिडियो चलचित्र प्रदर्शन	

मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम - २०४९

मानव अधिकार प्रशिक्षक तालिम

मदौ ७-९, २०४९

मूल्याङ्कनरचनावली

नाम :
जिल्ला :

ठिक ☐ *बेठिक* ☐ *चिन्ह लगाउनु होस् ।*

१. **इन्सेक**

- मानव अधिकारवादी संस्था हो ☐
- समाजसेवी संस्था हो ☐
- थाहा छैन ☐

२. **नेपालकोसंबिधानलेमानवाधिकारको**

- पूर्ण जगेर्ना गरेको छ ☐
- आंशिक मात्र जगर्ना गरेको छ ☐
- थाहा छैन ☐

३. **सामाजिक सचेतनता मनेको**

- आ फ्नो हक अधिकारबारे जान्नु हो ☐
- समाजलाई अरूलाई पनि हक अधिकारवारे सिकाउनु हो ☐
- दुवै हो ☐
- थाहा छैन ☐

४. **मानव अधिकार र वातावरण**

- वातावरणको स्वच्छता मानव अधिकारभित्र पर्छ

(वातावरण विगार्नु मानव अधिकारको हनन गर्नु हो

- वातावरण र मानव अधिकार फरक फरक कुरा हो

मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम - २०४९

मानव अधिकार प्रशिक्षक तालिम
भदौ २५-२७ २०४९
नेपालगञ्ज

सहभागीहरूका लागि केही प्रश्नहरू

सहभागीको नामः
पेशाः
ठेगानाः
हस्ताक्षरः

१. तपाईं यस कार्यक्रममा कहिलेदेखि सम्मिलित हुनुभयो ?

२. यस कार्यक्रमले तपाईको जिल्ला / इलाकामा कस्तो प्रभाव दिएको छ ?

३. यस कार्यक्रमका राम्रा पक्षहरू के के पाउनु भयो ?

४. यस कार्यक्रम सञ्चालनमा तपाईंले पाउनु भएको त्रुटि के के हुन् ?

५. तपाईंले तालिम कार्यक्रम सूची पढ्नु भयो, के तालिममा दिइने विषय तपाईंलाई मन पऱ्यो ? मन नपरेका कुन कुन विषय छन् ?

६. तालिममा तपाईंले सोचे जस्तो कुन कुन कुरा छुट हुन गएको छ ?

७. हाल तपाईंले यस कार्यक्रमअन्तर्गत भएका कुन कुन कार्यक्रममा भाग लिनुभयो र तपाइको भूमिका कस्तो थियो ?

८. आगामी दिनमा तपाईंले कस्तो भूमिका वहन गर्ने सोच्नु भएको छ ?

९. तपाईंको जिल्लामा हुन गैरहेको प्रथम कार्यशाला तालिमको विषय "ग्रामीण इलाकामा मानव अधिकारको स्थिति" कस्तो लाग्यो ?

१०. उक्त प्रथम कार्यशाला तालिममा तपाईंको भूमिका के रहने छ ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हालसम्म प्रकाशित पुस्तक-पुस्तिकाहरू

१. मानवअधिकार सामान्य ज्ञान (ए.बी.सी. अफ ह्युमन राईट्स) - उपलब्ध
२. मई दिवस कसरी मनाईँदै छ ? - उपलब्ध
३. वातावरण संरक्षण : केही व्यावहारिक कुराहरू - उपलब्ध
४. साउथ एसिया - ह्युमनराईट्स ईन डिफीकल्ट सरकम्स्ट्यान्सेज (अंग्रेजी) - उपलब्ध
५. भिक्टीम वुमेन्स् फोरम - उपलब्ध
६. उत्पीडित महिला मंच - उपलब्ध

आम चुनावका क्रममा प्रकाशित पुस्तिकाहरू

७. निर्वाचन कार्यविधि ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत - उपलब्ध
८. ग्रामीण मतदाता सचेतन कार्यक्रम : एक परिचय - अनुपलब्ध
९. प्रजातन्त्र, महानिर्वाचन र धार्मिक सद्भावना (ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत) - अनुपलब्ध
१०. आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य - अनुपलब्ध
११. हर्क बहादुरले कसलाई भोट हाल्दछन् ? - अनुपलब्ध
१२. हरियाले आब निर्धक्क भकै भोट देन (मैथली) - अनुपलब्ध
१३. स्वतन्त्र तथा निष्पक्ष चुनावका पूर्वाधारहरू विषयक गोष्ठीको प्रतिवेदन - अनुपलब्ध
१४. नेपाल एवेरनेस प्रोग्राम इन इलेक्सन (अंग्रेजी) - अनुपलब्ध
१५. इलेक्सन अब्जरभेसन रिपोर्ट, जनरल इलेक्सन १९९१, नेपाल (अंग्रेजी) - अनुपलब्ध

मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अन्तर्गतका प्रकाशनहरू

१६. कारागार सम्बन्धी व्यवस्थाको जानकारी - अनुपलब्ध
१७. नेपाल अधिराज्यको संविधान २०४७ र मानवअधिकारहरू - उपलब्ध
१८. मानवअधिकार घोषणा पत्र - सचित्र पुस्तक - उपलब्ध
१९. मानवअधिकार संगालो (सं.रा. संघद्वारा पारित केही दस्तावेजहरू) - उपलब्ध
२०. मानवअधिकारको सरल संस्करण - उपलब्ध
२१. मानवअधिकार प्रशिक्षक - उपलब्ध

सर्भेक्षण / अनुसन्धान

२२. भूटान (भूटानको मानवअधिकार आन्दोलन बारे) - अनुपलब्ध
२३. द भूटान ट्रेजडी : व्हेन वील ईट ईण्ड (अंग्रेजी) - उपलब्ध
२४. नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर - उपलब्ध
२५. वोण्डेड लेवर ईन नेपाल अण्डर कमैया सिष्टम (अंग्रेजी) - उपलब्ध

नियमित प्रकाशनहरू

२६. इनसेक बुलेटिन (द्वैमासिक)
२७. प्राची, मानवअधिकार द्वैमासिक
२८. मानवअधिकार वर्ष पुस्तक-१९९२
२९. ह्युमन राइट्स एयर बुक-१९९२ (अंग्रेजी)

"मानवअधिकार प्रशिक्षक", इन्सेकद्वारा आयोजित अनेक कार्यशाला वा तालिमहरू मध्ये दुईवटा तालिमहरूमा प्रस्तुत सामग्रीहरूको संकलन हो । प्रस्तुत पुस्तकमा मानवअधिकारको ऐतिहासिक विकासक्रम देखि मानवअधिकार शिक्षासम्मका विषयमा विवेचना गरिएका छन् ।

"मानवअधिकारको संरक्षण नभई समानुपातिक रूपमा देशका सबै नागरिकको विकास हुन सक्ने संभावना छैन । यता नागरिकको शैक्षिक र चेतनाको विकास नभई मानवअधिकारको उपभोग सही अर्थमा हुने परिकल्पना पनि गर्न सकिदैन ।" - पुस्तकमा मानवअधिकार र समाज व्यवस्थाको अन्तर सम्बन्ध बारे प्रष्ट पार्न खोजिएको छ ।

पुस्तकले नेपालको वर्तमान संविधानले प्रत्याभूत गरेको मौलिक हकका बारेमा पनि समीक्षा गरेको छ । "मानवअधिकार प्रशिक्षक" मा महिला अधिकार, बाल अधिकार र सूचना संकलनका साथै प्रलेख व्यवस्थाका बारेमा पनि चर्चा गरिएको छ । पुस्तकमा मानवअधिकार उल्लंघनको रोकथामका उपायहरूका सम्बन्धमा पनि बताउन खोजिएको छ ।

"गाउँले क्षेत्रमा मानवअधिकारको स्थिति सुधार्न वा बिगार्नमा राजनीतिक पार्टीहरूको भूमिका सबभन्दा महत्वपूर्ण देखिन्छ । ... जनता आफ्नै अधिकार प्रति जागरूक नभएका कारण पनि गाउँले क्षेत्रमा मानवअधिकारको अवस्था नाजुक भएको हो ।" - पुस्तकमा देशको ग्रामीण क्षेत्रको मानवअधिकार- स्थितिका बारेमा पनि चर्चा गरिएको छ । वातावरण र मानव जाति बीचको विशेष सम्बन्धका बारेमा पनि पुस्तकले आवश्यक जानकारी प्रदान गर्न खोजेको छ ।

प्रस्तुत पुस्तक मानवअधिकार कार्यकर्ताहरूलाई वैचारिक एवं व्यवहारिक धरातलमा समेत केही न केही मद्दत पुऱ्याउने उद्देश्यले तयार गरिएको छ ।